# इसिलिम ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

(Half Yearly Dumi Language Magazine)

२०६२ वर्ष ८ अंक ८ छिरियाम्लो (शरदकालिन: उधौली) October 2005





प्रा. डा. नोबल किशोर राई

मान्छे वा जनावर मरिसकेपछि बौरिदैन, जागदैन । तर मृत अवस्थाको भाषा भने विउताउन सकिन्छ ।

पित्रिलाई सम्झन काँशी धाइरहनु पर्दैन, सप्ताह पुराण पनि ... । यसको अलवा ...


श्रीमति कमला दुमीराई







## Productions

**Music Videos/Video Films/ Tele Films/Documentaries/ TV Programs**

## Digital Video Editing/Mixing

**Music Videos/Video Films/Tele Films/Documentaries/ All Kinds Of Functions**

## Video/Photo Shooting

**Marriage Ceremony/Cultural Program/ All Kinds Of Functions/Sessioning Photos**

**Video Cassattee to VCD, DVD**

**Camera Hiring**

दर्ता नं. ८४७/०४७

"संगठित जनाधार, आर्थिक उन्नतिको मूल आधार"

# ASSOCIATE SAVING & CREDIT CO-OPERATIVE LTD.
# एशोसियट बचत तथा ऋण सहकारी संस्था लि.

सहकारी ऐन २०४८ बमोजिम स्थापित




## निक्षेप तर्फ

| खाताको प्रकार | अवधि | ब्याजदर | प्रवेश शुल्क | न्यूनतम मौज्दात |
|---|---|---|---|---|
| बाल बचत | १ वर्ष | ८% | रू. ३००/- | |
| | २ वर्ष | ९% | | |
| | ३ वर्ष | १०% | | |
| | ४ वर्ष | ११% | | |
| | ५ वर्ष | १२% | | |
| बचत | | ८% | रू. ३००/- | रू. ५००/- |
| मुद्दति | ६ महिना | १०% | रू. ३००/- | रू. ५०००/- |
| | १ वर्ष | ११% | | |
| | २ वर्ष | ११.५% | | |
| | ३ वर्ष | १२% | | |
| | ४ वर्ष | १२.५% | | |
| | ५ वर्ष | १३% | | |
| | ६ वर्ष | दोब्बर मुनाफा | | |
| क्रमिक मुद्दति | ३ महिना | ७% | रू. ३००/- | |
| | ६ महिना | ८% | | |
| | १ वर्ष | ९% | | |
| | १ वर्ष भन्दा बढि | १०% | | |

## कर्जा तर्फ

| कर्जा शीर्षक | ब्याजदर | अवधि | कर्जा किसिम |
|---|---|---|---|
| ब्यवसायिक | १५% | ३ देखि ६ महिना | एकमुष्ट |
| हायर पर्चेज | १५% | १ देखि २ वर्ष | एकमुष्ट |
| जग्गा तथा घडेरी | १६% | १ देखि ३ वर्ष | घट्दोदर |
| निर्माण, मर्मत | १६% | १ वर्ष माथि | घट्दोदर |
| कृषि, पशुपालन | १५% | १ देखि २ वर्ष | एकमुष्ट |

**कार्यालय ठेगाना :**
भगवानस्थान, चाबहिल-७
काठमाडौं ।
फोन : ४-४९९९७६

थोपा थोपा बचत गर्नु ।
आफ्नै शीपमा भर पर्नु ।

Design : Visualine, 4499976, 4480908







**Clean Energy Products International Pvt. Ltd.**
1249 Thirbam Sadak 3, Bhatbhateni. P.O.BOX 20465. Kathmandu,Nepal.
Tel : +977 (1) 4418568. Fax: +977 (1) 4412924.
Email:- cepi@cleanenergy.com.np http://www.lotusenergy.com/cepi

स्तरिय सर्टिङ्ग सुटिङ्गका लागि

**TIP TOP WEAR**

Aradhana Complex, Bagbazar, KTM, Nepal. Phone : 4221026
VISIT US FOR BEST STITCHING, KINDS OF DRESS MATERIAL,
WE ARE SPECIALIST IN GENTS WEAR.
*"Your satisfaction is our motto."*

Optimal Combination of prece & performance
Special Offer P4 Computer

2.40 GHz
533 MHz FSB
256 KB L2 Cache
Rs: 28,999/-

2.40 GHz
533 MHz FSB
256 KB L2 Cache
Rs: 29,999/-

Bring Learning to Life.
20 Hours Internet Free and Free Digital Camera
"Quality You Can Believe"

2.40 GHz
533 MHz FSB
1000 KB L2 Cache
Rs: 34,500/-

2.8 GHz
533 MHz FSB
1000 KB L2 Cache
Rs: 42,000/-

3.0 GHz
800 MHz FSB
1000 KB L2 Cache
Rs: 48,999/-

**ASIAN MULTI TRADERS PVT. LTD.**
4242908, 4244537, 2012012, Basantapur, Jhochhen, Kathmandu, GPO Box : 15991
E-mail : asianmt@enet.com.np, www.asianmt.com

# प्राइम गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.
केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाडौं, फोन : ४४३०७७२

# Prime Gorkha Saving & Credit Co-operative Ltd.
Head Office, Putalisadak, Kathmandu, Ph : 4430772

मुद्दति निक्षेप (Fixed Deposit)

| अवधि | त्रैमासिक | वार्षिक | एकमुष्ट |
|---|---|---|---|
| ६ महिना | ८.०० % | | |
| ९ महिना | ९.०० % | | ९.००% |
| १ वर्ष | १०.७५ % | ११.७५% | ११.७५% |
| २ वर्ष | ११.०० % | १२.००% | १२.२५% |
| ३ वर्ष | ११.५० % | १२.२५% | १२.७५% |
| ४ वर्ष | १२.०० % | १२.७५% | १३.२५% |
| ५ वर्ष | १२.५० % | १३.००% | १४.२५% |

मुद्दति निक्षेप (Period Deposit)

| अवधि | त्रैमासिक |
|---|---|
| ६ महिना | ६.५० % |
| १ वर्ष | ७.००% |
| २ वर्ष | ७.५०% |
| ३ वर्ष | ८.००% |
| ४ वर्ष | ८.५०% |
| ५ वर्ष | १०.००% |

कर्जा शीर्षक (धितोमा)

| शीर्षक | ब्याजदर |
|---|---|
| व्यापारिक कर्जा | १८ % |
| व्यावसायिक कर्जा | १८ % |
| घरेलु खर्च | १८ % |
| हायर पर्चेज | १६ % |

कर्जा शीर्षक सामुहिक जमानीमा

| शीर्षक | वार्षिक ब्याजदर |
|---|---|
| व्यापारिक कर्जा | १६ % |
| व्यावसायिक कर्जा | १६ % |
| विविध | १६ % |

शुभ विजया दशमी तथा शुभ दिपावली २०६२ को उपालक्ष्यमा सम्पुर्ण सदस्यहरु तथा शेयर धनीहरुमा हार्दिक मंगलमय शुभकामना

# युनिभर्सल कन्सल्टेन्सी सर्भिस प्रा.लि.
## बनस्थली, बालाजु, नेपाल

हाम्रो सेवाहरु :

लघु जल विद्युत आयोजना
सर्भे तथा डिजाईन
जडान तथा मर्मत संभार
संचालन, व्यवस्थापन, परिप्रयोग लगायत अन्य तालिम संचालन
घरेलु सौर्य विद्युत पणालीहरुको अनुगमन तथा मूल्यांकन
बायोग्यास प्लाण्ट डिजाइन तथा जडान
बैकल्पिक उर्जा तथा वातावरण सम्वन्धि अध्ययन/अनुसन्धन

सम्पर्क
फोन : ०१ ४३५०५८०, पो.ब.नं. : २०५०६, काठमाण्डौ, इमेल : ucs@ntc.net.np

# इसिलिम

## अर्धवार्षिक दुमीराई भाषिक पत्रिका

वर्ष ७, अंक ८, २०६२

जि.प्र.का.द.नं.४५/०५६, काठमाण्डौ

**संरक्षकः**
क्या. श्री नैनबहादुर दुमीराई(MM)²

**सल्लाहकारः**
भू.पू. सांसद श्री टंक दुमीराई
समाजसेवी श्री रामबहादुर दुमीराई
क्या. श्री पर्जबहादुर दुमीराई
उप-प्रा. श्री चतुरभक्त दुमीराई

**सम्पादकः**
नेत्रमणि दुमीराई
धनप्रसाद दुमीराई
सुजन दुमीराई
नृप दुमीराई
भीम दुमीराई

**ब्यवस्थापकः**
अशोक दुमीराई
गुणराज दुमीराई
रत्नमणि दुमीराई

**क्षेत्रीय प्रतिनिधीः**
सनद कुमार दुमीराई/कमला दुमीराई, धरान
मधुकला दुमीराई/छत्रकुमार दुमीराई बाक्सिला
गणेशभक्त दुमीराई/पूर्ण ब.दुमीराई, दिक्तेल
टपकुमार दुमीराई, काठमाण्डौ
शुक्रराज दुमीराई, U.K.
धौलवीर दुमीराई, U.S.A.

**प्रकाशक**
दुमी किरात राई फन्सिकम

**कम्प्युटर/डिजाईनर**
राईलिंक सपोर्ट
ज्ञानेन्द्र महर्जन
राम तामाङ(पाखिन)
चन्द्र वाम्बुलेराई

**मुद्रणः**
जगदम्बा अफसेट प्रिन्टर्स

**पत्राचार**
**इसिलिम** भाषिक पत्रिका
पो.ब.नं. २०२११
फोन नं. ४-४८८५८१, ४-४६०९०६
E-mail : railink@wlink.com.np

मूल्य : ने.रु. ३५/-, भा.रु. ३५/-, H.K.$ 10/-
सिंगापुर/ब्रुनाई : $ २/-, यु.के. £ १/-

## विषयसूची

**खोज-अनुसन्धान**
- 'राई' शब्दको बारेमा उठेका केही बहसहरु - चतुरभक्त दुमीराई १

**भेटवार्ता**
- प्रा.डा.नोबल किशोर राईसँग ... - नेत्रमणि दुमीराई ११
- एकैछिन कमला रङ्कासु राईसँग... - चतुरभक्त दुमीराई २७

**भाषा तथा साहित्य**
- ओपो देल माखिपा - भीम दुमीराई १८
- दुमी किरात राई भाषाका ध्वनी... - प्रा.डा.माधवप्रसाद पोखरेल - नेत्रमणि दुमीराई ३५

**धर्म तथा संस्कृति**
- किरात मुन्दुम र संगीत - जीतेन दुमीराई २१

**संस्मरण**
- वज्रयोगिनीको वनभोज - नृप दुमीराई २४

**संगीत/मनोरञ्जन**
- च्याङ्थापु यसरी चम्किन्छ - गुणराज दुमीराई ३१
- सांगीतिक क्षेत्रमा नारी हस्ताक्षर - गुणराज दुमीराई, - विष्णुकला दुमीराई ३४

**लेख-रचना तथा अभिव्यक्ति**
- रङ्गहीन रङ्ग - उत्पीडित किरात २६
- गोर्खा भर्ती .... - महेन्द्र जाल्पाली २९
- इसिलिम शुभकामना तिमीलाई - विष्णुकला दुमीराई ३८
- मेरो भावना मेरो आवाज - उत्सब दुमीराई ३९
- अभागी विनोदको विवशता - विनु दुमीराई ४१
- अविवाहित - गुणराज दुमीराई ४२
- नारी अनुभूति - मनकुमारी दुमीराई ६१

**वंशावली**
- छाचुङ पाछाको वंशावली - चतुरभक्त दुमीराई ४५

**वित्त व्यवसाय**
- तापखोला लघु जलबिद्युत आयोजना सम्पन्न - नृप दुमीराई ५०

**बिदेश**
- चेलीलाई चिठ्ठी - धौलवीर राई १६
- किरात राई यायोक्खा यू के - रामधन साम्पाङराई ५६

**खेलकूद**
As is the Father So is the Son ५७

**गतिविधि**
देउसी कार्यक्रम ५८

**सार-समाचार** ५९



# चू-पीहाम्पो तुम् (पूर्खाले भन्थे)



"इंकी रदु नाम्चु म्यै" (हामी किरात राईहरु सूर्यका सन्तान हौं ।)"

## ब्यक्तित्व बाणी

"क्षणिक स्वार्थ र महत्वाकांक्षाको भूलभूलैयामा लागेर जात के हो ? भन्ने थाहा नहुनेहरु नै आफूलाई अर्को जात हौं भनेर वंश फुटाउने काम गर्छन् भने त्यो भन्दा मतिभ्रष्ट मान्छे अरु कोही हुनै सक्दैन ।"

किराया अध्यक्ष, **श्री कुलबहादुर राई MBE**, इसिलिम, बर्ष ६, अंक ७

"नामबाट काम होइन कि कामबाट नाम चिनिनु चाहिँ सँस्थाको लागि हितकर हुन्छ र यसैमा सबैको कल्याण पनि छ ।" - इसिलिमका सल्लाहकार, समाजसेवी **श्री रामबहादुर दुमीराई**, इसिलिम, बर्ष ६, अंक ७

"संगठन र नेतृत्वबिनाको समुदायको औचित्य हुदैन, त्यो त केवल अगुवाबिनाको जनता जस्तो मात्र हुन्छ ।"
- अध्यक्ष, दुकिराफ, **श्री चतुरभक्त दुमीराई**, इसिलिम, बर्ष १, अंक १

"बृटिश सेना मेजर डोनाल्डले नेता मार्न हुन्न कदर गर्नुपर्छ किनभने हजारौंले भुकेको भन्दा एक नेताले बोलेको कुराले विश्वलाई शान्ति प्राप्त हुन सक्छ भनि सम्झएको कुरालाई आफूले शिक्षाको रुपमा लिएको छु ।"
- **मास्टर धनरुप दुमीराई**, इसिलिम, बर्ष ३, अंक ४

"विषेश गरिकन युवाहरु हिँड्ने बाटाहरु धेरै छन्, तर राम्रो बाटो रोजेर हिँडून् । जसका लागि पहिले फुलून् अनि बल्ल फलून् । एक्कैचोटि फल्न नखोजून् ।"

- संरक्षक इसिलिम, **क्या. श्री नैनबहादुर दुमीराई MM²**, इसिलिम, बर्ष४, अंक ५

" हामीले जान्दासम्म पनि बुढापाकाहरुले 'इंकी रदुनाम्चु म्यै' भन्थे । त्यसैले हामी 'सूर्यको सन्तान हौं' भन्ने त्यतिवेलामा हामी सबैको मनमा छापै बसेको पनि थियो । आजकल पो 'रदु'(राई) मात्र भन्न थालियो त ।"
- संस्थापक अध्यक्ष, किरोनासा, मान्य नेपालतारा

**क्या. श्री मानबहादुर नाछिरीङ राई**, इसिलिम, बर्ष ५, अंक ६

"बुवाले सधै भन्ने गर्नुहुन्थ्यो, 'केटा जिऊँ पाल्न के चर्को छ, नाम पाल्न पो चर्को छ ।' मलाई त्यहि भएको छ आज ।"
- इसिलिमका सल्लाहकार, **भू.पू. सांसद टंक दुमीराई**, इसिलिम, बर्ष ५, अंक ६

"जीव मरिसकेपछि जाग्दैन, तर ठीकसँग अभिलेखिकरण गरेको भाषा प्रथमत: मर्दैन ।"

**- डा. नोबल किशोर राई**

"राईहरुले आफ्नो पितृलाई सम्झन, मान सम्मान गर्न काशी धाईरहनु पर्दैन र सप्ताह पुराण पनि लगाईरहनु पर्दैन । यी तीनवटा पितृ चुल्हा नै हाम्रो पवित्र तीर्थस्थल हो "

**-तायामी पूर्खा महाजीत दिम्मचु राई**

# 'राई' शब्दको बारेमा उठेका केही बहसहरू : एक चर्चा



## १, परिचय

'किरात' र 'राई' शब्द शब्दार्थको दृष्टिले फरक भए पनि धेरैहदसम्म पर्यावाचीको रुपमा पनि प्रयोग हुने गरेको पाइन्छ। तसर्थ आफूलाई किरात भन्नेहरूले धेरै लामो समयदेखि नै 'किरात' मा 'राई' शब्द पनि जोडेर 'किरातराई' भन्ने गरेको पाइन्छ । त्यस्तै किरात लिम्बु, किरात सुनुवार र किरात याक्खा राई पनि भन्ने गरेको पाइन्छ । जहाँसम्म किरात राईहरूको सन्दर्भ छ उनीहरू आदिम जाति, मौलिक किरात प्राकृतिक धर्मी, पारुहाङ, नायम, तोमाखेमा, हेच्चाकुप्पाको सन्तान, नेपालमा सवभन्दा लामो समय शासन चलाउने जाति, राजा यलम्बरको शासन व्यवस्था लगायत पूर्वमा स्थानीय किरात शासकहरूको अधीनमा रहेका र केही वंश पश्चिम नेपालतिर पनि रहेको, हिन्दुधर्मको चपेटामा बाँच्न' संघर्ष गर्दैरहेको, हाल २८ भन्दा बढी थरीका किरात राईहरू र त्यत्ति नै संख्यामा किरात भाषाहरूको प्रचलन भएको एक आदिम जातिको रुपमा किरात राईलाई मानिन्छ । जात एक तर भाषा अनेक हुनु यो जातिको विशेषता हो। किरात राईहरूको वंशावलीले पनि खम्बुहाङबाट विभाजित भएको एक जातिको रुपमा स्वीकार गरेको पाइन्छ। नेपालको पछिल्लो जनगणनाले किरात राई जातिहरूको संख्या ६,३५,१५१[1] प्रस्तुत गरेको छ । नेपालको कुल जनसंख्यामा यो (२.७९) मात्र हुनेछ । किरात राई यायोक्खाले आफ्नो अभिलेखमा २८ भाषी किरात राईहरू रहेको अभिलेख तयार गरेको छ ।

## २, उद्देश्य

लामो इतिहास बोकेको किरात राईहरूको समाजमा यस अघि कहिल्यै विवादमा नआएको विषय दुर्भाग्य भनौ या सौभाग्य किरात राईहरूको समाजमा २०४६ सालको जनआन्दोलनपछि स्थापित हुन थालेको केही भाषिक संस्थाहरूमध्ये बायुङ, कुलुङ, लोहरुङ, चामलिङ र नाछिरिङका केही प्रतिनिधिहरूले राई जात होइन पद मात्र हो, जात त चामलिङ, कुलुङ, लोहोरुङ, नाछिरिङ आदि हो वा किरात राईहरूमा रहेको सम्पूर्ण भाषीहरू हरेक जाति हुन भन्ने तर्क राखेर राईहरूको जातिय समुदायबाट भिन्न हुन खोजेका छन । यसको सारभुत कुराहरू के हुन भन्ने कुरा अध्ययनको विषय रहोस भन्ने उद्देश्यले यो लेख तयार गरिएको हो ।

## ३, अध्ययनको पद्धति

उपरोक्त समस्याहरूलाई अध्ययन विष्लेषण गर्न ऐतिहासिक, वंशावली तथा विवरणात्मक पद्धतिलाई अपनाउदै वर्तमान सन्दर्भमा त्यसको महत्व के कति छ भन्ने बारेमा निचोड निकाल्ने प्रयत्न गरिएको छ । प्राथमिक आँकडाको रुपमा सभासमारोहहरूमा अभिव्यक्त भएका केही विचार हरूलाई मात्र प्रयोगमा ल्याइएको छ भने द्वितीयक आँकडाको रुपमा प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययनलाई आधार मानिएको छ ।

### राई जात हो कि पद हो ?

राई जात हो कि पद हो भन्ने विषयमा लिडेढिपी गर्नु भन्दा इतिहासमा उपलब्ध भएका केही स्रोतहरूलाई अध्ययन मनन गरी निष्कर्ष निकाल्नु उचित हुनेछ ।

### १, लिखित अभिलेख तथा प्रकाशित लेखहरू-

डा. स्वामी प्रपन्नाचार्यले आफ्नो ग्रन्थ '**प्राचिन किरात इतिहासमा**' राई शब्दको प्राचिनतम रुप वेदहरूमा 'राय' शब्द 'धन र राजाको संयुक्त वाचक रहेको पाइन्छ भनेका छन । अत वैदिक 'राय' शब्द पछि 'राई' हुन पुगेको हो ।[2]. स्वामीजीले उल्लेख गरेको अन्य विवरणहरूमा त्रिपुराको अति प्राचिन '**राजमाला**' मा '**राई**' शब्द उल्लेख भएको, आजभन्दा ३०० वर्षअघि जयदमाइको हस्तलेखमा जलै राई, थलै राई, नभै राई, आदि राईहरूको नाम उल्लेख भएको, राप्ती अञ्चलको सल्यानमा अझै पनि राईहरूको वसोवास भएको, राईमगर र राईसुनुवार, राईमाझी, राईलिम्बु जाति भएको कारणले राई शब्दको इतिहास निकै पुरानो रहेको बताएका छन । स्वामी प्रपन्नाचार्य ठोकुवा गर्दै लेख्छन-"राई शब्दको प्राचीनता खोज्दै जाँदा दुईहजारवर्ष पुरानो पाइन्छ। त्यो भन्दा पूर्वको उल्लेख वेदहरूमा नै मूलरुपमा 'राय' शब्द पाउँछौ। यो 'राय' पछि 'राई' भएको इतिहास सुनिश्चित छ ।[3]

प्रस्तुत अभिलेखले 'राय' शब्दलाई धन र राजालाई बोध गराउने शब्द पछि राई हुन पुगेको र कालान्तरमा यसलाई जातको रुपमा प्रयोग भएको देखिन्छ ।

**हर्कबली रायको काशिकाबृत्तिको टिप्पणी र काव्यसुधानिधिमा उल्लेख भएका कुराहरू-**

गढवालको के.शुरवीरसिं पवारको निजी पुस्तकालयमा प्राप्त उपरोक्त ग्रन्थ काशिकावृत्तिको अन्तिम पुष्पिकामा लेखिएको छ- **"इति श्री नेपालस्य पूर्वाञ्चल-खोटाङक्षेत्रवास्तव्येन चामलिङरायकुलभूषणेन हर्कबलीना विरचिता टिप्पणी समाप्त शाके १०१७ शुभम्"** । यस पुस्पिकामा पनि हर्कबली चामलिङ् राय भनेर उल्लेख गरिएको छ । अहिले शक-संवत १९२७ पुग्यो । तसर्थ यो आजभन्दा ९१० वर्ष पुरानो लिखित दस्तावेज हो ।

त्यस्तै अर्को ग्रन्थ काव्यसुधानिधिको अन्तिम पुष्पिकामा लेखिएको छ- **"इति नेपाल पूर्वाञ्चलखोटाङवास्तव्येन चामलिङरायकुलतिलकेन गौरीमायाबलिराजद्वितीयात्मजेन व्याकरणसाहित्यदिसुधारसपानचतुरेण हर्कबलीरायपदवाच्येन काव्यसुधानिधिः प्रपूरित इतिसुभम शाके १०२८ "** (प्रपन्नाचार्य पृष्ठ ३३१)

उक्त दुवै ग्रन्थले उपलब्ध गराएको महत्वपूर्ण कुराहरू हुन-

१. आजभन्दा ९१० वर्ष अघि पनि खोटाङका किरातहरूले राय (राई) लेख्ने चलन थियो ।
२. 'राई' शब्द 'राय' को अपभ्रंश रुप हो ।
३. हर्कवली राईले आफूलाई चामलिङराय भनेर भुषण पहिराउन खोजेका छन ।
४. चामलिङ जस्ता थरहरू पनि त्यत्तिखेरै जन्मिसकेको बुझिन्छ ।

उपरोक्त आधारहरूबाट 'राय' शब्द नेपाल एकिकरण अभियानभन्दा करिब १३५ वर्ष पुरानो शब्द भएको हुनाले पृथ्वीनारायण शाहको पगरी भन्न नमिल्ने देखिन्छ ।

दुर्गाहाङ् याक्खा राईले **'किरात हिजो र आज'** नामक पुस्तकमा राईको बारेमा विभिन्न प्रसंगहरू उठाई 'राय' शब्दबाट 'राई' हुन आएको बताएका छन ।

इतिहासकार योगीनरहरिनाथको भनाईलाई उद्यृत गर्दै 'राई' शब्द सर्वप्रथम सनं १३३७ मा जुम्लाका राजा पूण्यमल्लदेवको कनकपत्रमा **'राईको आदेश'** भन्ने वाक्यांश देखापरेको बताएका छन । तत्काल यो शब्द 'राजा' सज्ञाबाट राया, राय, राये, राए, हुदै अन्तमा 'राई' भएको पाइन्छ । राई शब्द राजाबोधक रहेकोछ ।[4]

खेमराज केशवशरणको मतलाई अघिसार्दै 'राजा' शब्दको अपभ्रंश प्रकृतमा 'राय' भएपछि सोबाटै 'राई' हुन गएको हो [5] भन्ने कुरामा सहमत रहेको देखिन्छ ।

पृथ्वीनारायण शाहको एकिकरणताका अभिमानसिंह बस्नेतलाई ५ अक्टोबर १७७४ मा लेखेको पत्रमा निम्न व्यहोरा थियो- "बुद्धिकर्ण 'राई' को हात्ति राम्रो छ गरे त्यो हात्ति माहुतलाई ....सय ४।५ रुपैया कबोली कन चोरी ल्याउन पठाउन्या हो,....।" यहाँ अभिव्यक्त राई शब्दले या त पहिले नै राई शब्द प्रयोगमा आइसकेको थियो या त 'राय' लाई 'राई' लेख्ने चलन विनाकारण चलाएका हुन [6] भन्ने देखिन्छ ।

गोर्खा दरबारमा नरभूपाल शाहकै शासनकालमा गिरीधर राई, जगदिप राई, धनेश राई, हरि राई, हाकु राई जस्ता ५ जना राईहरूले ल्वाङ, सुपारी, तमाखु, आदि खरिदको निमित्त जागिर खाएको प्रमाण पाइन्छ ।[7] यसर्थ 'राई' शब्द पृथ्वीनारायण शाहको शासनकालभन्दा अगाडि नै प्रयोगमा आइसकेको बुझिन्छ । नामको पछाडी जात लेख्ने चलन महाभारतकालदेखि नै शुरुभई द्रोणाचार्य र कृपाचार्य आदिलाई भारद्वज ब्राहमण लेखेको र बुद्धका शिष्यहरूमा भिखुपन्तको उल्लेख भएको पाइन्छ । [8] यहाँ पन्त भनेको जात (वाहुन) हो । छैटौं शताब्दीमा मिश्र, आठौमा भट्ट र शाकेको दशौं शताब्दीमा पश्चिमतिरका पुराना कागजपत्रहरूमा जलै राई, थलै राई, नभै राई आदि राईहरूको नाम उल्लेख भएको पाइन्छ ।[9] यदि 'राई' पद नै हो भने गोर्खा दरबारमा जागिर खाने उपरोक्त ५ जना व्यक्तिहरू धन वा राजाको रुपमा होइन निम्न तहका कर्मचारीको रुपमा देखिएका छन । तसर्थ यो तर्क राईबाट भिन्न हुन चाहनेहरूको जस्तो उठ्ती पुठ्ती उठाउने प्रकारको देखिन्न ।

राईको इतिहासमा इसापूर्व लगभग अढाई सय वर्षपहिले लिच्छवीहरूसंग युद्ध हारी आफ्नो राज्य गुमाएर काठमाडौं उपत्यकाबाट पूर्व पसेपछि, बनेपा, सिन्धुपाल्चोक, दोलखा किरातीछाप, सुनकोशीको किनारै किनार पूर्व पसेको प्राचीन किरात राजवंशको एक हाँगा नै राईमा पणित भयो[10] भन्ने भनाई पनि रहेको छ ।

**इमानसिंह चेमजोङ्को अनुसार** गोर्खाको एकिकरण अभियानमा सर्वप्रथम पृथ्वीनारायण शाहको सैन्यले धुलीखेल अन्तर्गत किरातीछाप गाउँमा राजा महेन्द्रसिंह राई र उनका मन्त्री नमसिंह राईसँग घमासान युद्ध लडेको[11], तामाकोशी जिल्लामा उलिङ्हाङ राई र बालिङ्हाङ राई राजा भएको, पामाखाममा अटल राई र रावाखोलामा चात्मे राई, लिम्बुवानमा देवफागो राई, राइनासिह सेरिङ राई, आतहाङ फेदाप राई र शुभवन्त लिवाङ राई, उत्तरी पाँचथरमा यङयाहाङ राई, थेगिस राई, पापो राई, इलाम र फाकफोकमा लिङदम राई, इमेहाङ राई, दक्षिण पाँचथरमा चेमजोङ राई, दशलोहोरुङमा पुत्लुङ्हाङ राई, इयोकहाङ राई र मोरङ विजयपुरमा बुद्धिकर्ण राई राजा र शामो राई र शुन राई प्रधानमन्त्री भएको उल्लेख गरेका छन ।[12]

चौदण्डी राज्य गोर्खाको कब्जामा आईसकेपछि विजयपुर राज्य अन्तर्गत रहेका पल्लोकिरातका राई र लिम्बुहरूलाई कसरी हात लिन सकिन्छ जसले गर्दा कब्जा गर्न सजिलो होस भन्नाको लागि वि.सं १८३० मा पृथ्वीनारायण शाहले आठराई प्रदेशका जङ्ग राई, पाँचथर प्रदेशका फुङ्ग राई, चौवीस प्रदेशका जमुना राईलाइ लेखेको पत्रमा नामको पछाडि राई नै उल्लेख गरेको पाइन्छ । [13]

माथि प्रस्तुत विभिन्न क्षेत्रका राजा, मन्त्री तथा प्रधानमन्त्री आदिको नामको पछाडि 'राय' वा 'राई' लेखिनुले 'राई' शब्द 'पद' नभएर जातको रुपमा एकिकरणपूर्व नै प्रयोगमा आइसकेको बुभिन्छ। 'पद' नै थियो भने पनि राजाको नामको पछाडि लेखिने 'पद' र मन्त्री वा प्रधानमन्त्रीको नामको पछाडि लेखिने 'पद' एउटै शब्द 'राई' वा 'राय' हुँदैनथ्यो अरु नै कुनै हुनु पर्ने हो ।

मध्यकालमा विशाल नेपालमण्डल टुक्रिएर विभिन्न भागमा विभाजित हुँदा पश्चिम कर्णाली प्रदेशका सिन्जाक्षेत्रका शासकहरू पूण्यमल्ल राई, पृथ्वीमल्ल राई, अभयमल्ल राई जस्ता किरातमल्ल राजाहरूले जारीगरेको कनकपत्र, ताम्रपत्रमा नामको अगाडि 'अपाडराज' भनेर उपाधि दिइसकेको छ भने पुन नामको पछाडि 'राई' भनेर उपाधि लेख्नुपर्ने कुनै कारण देखिन्न ।[14] यसर्थ ति नामहरूको पछाडि लेखिएको 'राई' उपाधि नभएर 'जात' लेखिएको हो भन्ने बुभिन्छ। संसारभरको चलन पनि जातलाई पछाडि नै लेख्ने रहेको छ ।

सन १४९६-१५४० वीचको आसाम र उत्तरबंगालको इतिहासमा नारायण राई, चिल्ल राई जस्ता शासकहरूको नामको पछाडि राई शब्द उपनामकै रुपमा प्रयोग भएको [15] नेपाल एकिकरण भन्दा लगभग २३३ वर्ष अगाडि नै पाइन्छ भने 'राई' शब्दलाई पृथ्वीनारायण शाहले दिएको पदवी भन्न सार्थक देखिदैन ।

लण्डन युनिभर्सिटिमा रहेको हड्सन कलेक्सनमा श्रीजंग 'राई' भएको तथ्य आएको कुरा अनुसन्धानशास्त्री रमेश ढुङ्गेलले बताएका छन ।[16]

**२, प्राचीन किंवदन्तीमा 'राई' हुनाको कारण -**

किरातहरू 'राई' कसरी भए भन्ने एक पुरानो किंवदन्ती यसप्रकार रहेको छ- उहिले किरातका हुलहरू खोलुँ (बराहक्षेत्र पूर्वका आदिम किरातहरू रहने भूमि) बाट पश्चिमतिर सप्तकोशी पछ्याउँदै आए । हाल सुनकोशी, तमुर र अरुण नदी मिसिने त्रिवेणीमा आएपछि एकवंश तमुर पछयाउँदै गए तिनीहरू लिम्बु भए । अर्को शाखा सुनकोशी पछ्याउँदै गए सुनुवार भए। अर्को हुल अरुणनदी पछयाउँदै गए कालान्तरमा तिनीहरू राई भए र अर्को एक वंश खोलुँमा नै रहे तिनीहरू थारु, दनुवार र धिमाल भए । हाल राईहरूको मूल बसोबास सोलु, भोजपुर, खोटाङ र ओखलढुङ्गा रहेकाले पनि यस कुरोलाई प्रमाणित गर्दछ ।

**३, किरात राईहरूको वंशावलीमा 'राई' को उल्लेख:-**

दुमीराईहरूको २१ पाछाहरूमध्ये 'राईर्चु' एक पाछा हो । यसमा राई भन्नाले कुनै एक जात वा थर र चु भन्नाले पुरुष वा लोग्नेमानिस भन्ने जनाउँछ । यो 'चु' चामलिङ्को 'छा' भनेजस्तै हो । दुमीराईहरूको वंशावलीगत किबदन्तीमा 'राई' शव्दको प्राचीनतम उल्लेख भएको एउटा रोचक जनश्रुति यसप्रकार रहेको पाइन्छ ।

दुमीराईहरू वसोवास रहेको क्षेत्र खोटाङ्को हौंचुर गा वि स अन्तर्गत पोखरी गाउँमा एक पोखरी रहेको छ। त्यो हाल भग्नावशेष मात्र रहेको छ जोसंग दुमी राईहरूको इतिहास जोडिएको छ। जालपा ससरकाका स्वर्गीय जनक राईचु राईले बताएअनुसार त्यस पोखरीको वीचमा एउटा बाँजोको रुख थियो जसको फेदमा एउटा टोढ्का पनि थियो। त्यस टोढ्कामा लेलेदुम देवता बस्तथे। यसलाई कसैले वनभ्याँक्री पनि भनेका छन । पोखरीको वरीपरी ठूलो जङ्गल भएकाले किरात राईहरू शिकार खेल्दै त्यसै पोखरीको पानी खान्थे । त्यसमध्येको एक दुमीपाछी खवचु राई पनि शिकार खेल्ने गरेका थिए । शिकार खेल्दा कहिले काँही वाण नै नलाग्ने त काहिले मारेको शिकार लिन जाँदा शिकार नै गायव हुन्थ्यो । पटक- पटक यस्तोहुँदा उनीहरूलाई अचम्म लाग्थ्यो। यसरी शिकार नमर्नु र हराउनुको कारण त्यही लेलेदुम देवताले छल गर्दथे। यो रहस्य पत्तालगाउन एकदिन खवचुहरू तयार भई ढुकेर वस्ता कुनै एक वनमानिसले शिकार लुकाउँदै गरेको फेला पारे । उनीहरूले त्यसलाई पकडेर केरकार गर्दा उनी त्यही टोढ्कामा वस्ने वनभ्याँक्री लेलेदुमको छोरा भएको थाहा पाए। उनीहरूले त्यसलाई घरमा ल्याई पालनपोषण गरी समारात बनाए । सभ्य मानिससंग बस्नथालेपछि उ पनि सभ्य र खाईलाग्दो हुँदैगयो । उता लेलेदुमलाई धुपधुवाँर गरेपछि शिकार पनि मर्नथाल्यो । अव त्यस मानिसलाई खबचुले आफ्नै चेली दिएर विवाह पनि गरि दियो। यत्तिमात्र होइन आफ्नै चुल्हा दिएर भाईबाध्ने काम पनि भयो। सोही कार्य गर्दा "आज उप्रान्त तिमी पनि हामीसरह 'राईचु" वा 'राई' "भयौ" भनेर नामकरण गरे ।

स्व.जनक राईचुराईको भनाइमा "राईचुलाई राईनाम्चु पनि भनिन्छ ।" यसको अर्थ हो- राई नामगरेको छोरा । त्यसैगरी 'रायङ्' वा 'रायङ्गे' पनि भन्ने चलन रहेको छ । यसकोसाथै उक्त पोखरी गाउँको मुनीबाट राइसिङ्गे (रायसिङ्गे) नाम गरेको एउटा पुरानो गाउँ पनि रहेको छ। त्यहाँ रायङ्गेहरू

बसेका छन । तसर्थ यो गाउँको नाम त्यही रायङ्गेहरूकै नामबाट राइसिङ्गे भएको हो ।

उपरोक्त जनश्रुतिलाई हेर्दा पहिलो कुरा खबचुले आफू 'राई' भएकै कारणले लेलेदुमको छोरालाई पनि राईचु भनेर नाम दिई भाईबाधेको बुझिन्छ । दोस्रो कुरा कसैलाई जात, थर, वा पाछा दिने प्रचलन किरात राईहरूमा पुरानै समयदेखि नै चलेको पाइन्छ । यो जात,थर, पाछा दिने कुरा आफू जे हो त्यही दिने हो । अर्काको जात, थर, पाछा दिन पनि पाइदैन । तेस्रो कुरा रायङ, रायङ्गे र राईसिङ्गे वा रायसिङ्गे भन्ने नामको पछाडि 'राय' भन्ने जातसंग यसको सम्बन्ध रहेको पाइन्छ । यसर्थ हाम्रा पुराना इतिहासहरूमा भनिएको 'राय' बाट 'राई' भएको भन्ने तर्कको भेद यहाँ पनि खुल्न आउँछ ।

**४, 'राई' शब्द 'रोदुङ ' वा 'रदु' को अपभ्रंश रुप -**

किरात पुर्खाहरूले किरातीहरूलाई 'राई' भन्न अघि रदु, रदुछा, रदुचु, वा रोदुङ शब्दको उच्चारण पनि गरेको पाइन्छ । तसर्थ यसैबाट पनि रदुबाट 'राई' भन्ने गरिएको हो भन्ने अनुमान लाग्छ ।।

**५, 'राई' पद पनि थियो जो पछि जातको रुपमा विकसित भयो -**

राईलाई पदविशेषणको रुपमा पनि मान्न सकिन्छ । किनकी 'राई' राजालाई संबोधन गर्ने संज्ञा हो । अत कसैले पद वा जिम्मेवारी बहन गरेको कारणले पनि त्यस्तो पद वा नाम दिइन्छ जो पछि जातको रुपमा देखा परेको पाइन्छ । जस्तो- हिन्दु वर्णव्यवस्थामा ब्राहमण, क्षेत्री, वैश्य, शुद्र । यो शुरुमा काम वा जिम्मेवारीको आधारमा दिएको एक पद वा जिम्मेवारी थियो तर कालान्तरमा यो जातको रुपमा रुपान्तर हुन पुग्यो । यसैलाई आधार मान्ने हो भने राईलाई पद मानेर पछि जातको रुपमा रुपान्तर भएको भन्न किन नमिल्ने ?

स्वामी प्रपन्नचार्यको मतमा लिम्बुहरू राईबाट विभाजित भएका हुन । किनकी लिम्बुहरूको वंशावलीमा पनि 'राई' शब्द उल्लेख भएको पाइन्छ र यो लिम्बु शब्द वि.सं १८०० देखिका कागजपत्रहरूमा मात्र पाइन्छ ।[17] यसरी लिम्बुलाई पनि राई लेखिनुमा लिम्बुहुन अघि समग्रमा 'राई' भएर नै त्यसो भएको हो । 'राई' जात होइन भन्नेहरूले लिम्बु पनि जात होइन भन्न सक्नुपऱ्यो के यो संभव होला ? तसर्थ 'राई' को यत्तिलामो इतिहास हुँदाहुँदै 'राई' जात होइन भनेर विद्रोह गरिहाल्ने अवस्थामा जानु हितकर देखिदैन ।

भूमिसुधार ऐन २०२१ लागुहुन अधिसम्म किरात समाजमा राई, करता, माथा र गौरुङ भनेर काम वा पदीय विभाजन गरीएको प्रचलन पनि रहेकै हो जहाँ राईले वर्षमा, एकपटक मालपोत उठाई जिल्ला मालकार्यलयमा बुझाउन लानुपर्थ्यो । जग्गाको टिप रसिद काट्ने र जग्गाको लगत फाँटवारी राख्ने व्यवस्था उसैको जिम्मामा हुन्थ्यो । त्यसबापत राईले धान र कोदो रोपाईमा रैतिहरूबाट खेताला वा बेठी पाउँथ्यो । दशैं आएपछि राईको घरमा ठेकी कोसेली लिएर राईमान्न आउँने चलन थियो । उसले मात्र राई लेख्न पाउँथ्यो अरुले जिमी, माथा, गौरुङ, करता नै लेख्थे । अरुको भन्दा राईको हैसियत, जिम्मेवारी र प्रभाव ठूलो थियो । अत राई मालपोत कार्यालयको एक अवैतनिक कर्मचारी थियो ।

तथापि यत्ति भएर पनि बुझ्नुपर्ने कुरा के हो भने यो 'राई' भन्ने पद पृथ्वीनारायण शाहको शासनकाल अघि नै जातियतालाई बुझाउने 'राय' शब्दको रुपमा आइसकेको थियो । यसलाई रणबहादुर शाहले 'राय' शब्दलाई सदाको लागि झिकी 'राई' बनाई दिएका हुन ।[18] अत अगाडि 'राय' वा 'राई' को रुपमा रहेकाले सोही मुताविक पछिल्लो समयमा पनि राईलाई विशेष महत्व दिई राईलाई "तिमी राई नै भयौ" भनी संबोधन गर्दै जिम्मेवारी थमाईदिएको बुझिन्छ ।

दुर्गाहाङ् याक्खा राईले **'ब्राहमणवाद विरुद्ध जनजाति उत्पीडितवर्ग'** नामक पुस्तकमा 'राय' शब्द पद नभएर जात नै थियो भन्ने निम्न ऐतिहासिक प्रमाणहरू अगाडि सारेका छन ।

१, 'राय' शब्द प्राचीनकालमा किरात प्रदेशमा राजप्रतिनिधि वा निमित्त राजाको अर्थमा मात्र होइन जातियताकै रुपमा प्रयोग भएको तथ्य मोरङ-विजयपुर र गोर्खाको लालमोहर र चिट्ठीहरूको अध्ययनबाट थाहा पाइन्छ ।

२, बि.सं १६५५ मा लिबुकहाङ्को राज्यलाई १० प्रान्तीय राज्यमा विभाजन गरी सबै नयाँ शासकहरूको नामको पछाडि 'राय' लेखिएको पाइन्छ ।

३, वि.सं १७६४ मा मोरङ-विजयपुर राज्यका राजामानधाता सेनले सिया नामका सेनानायकलाई आफ्नो मातहतका सेना र हतियार लिई आउनु भन्ने लेखेको पत्रमा जातको रुपमा नामको पछाडि 'राय' लेखिएको छ ।

४, मोरङ-विजयपुर गोर्खाराज्यमा बिलयहुँदा लेखेको प्रशस्तिमा बुद्धिकर्ण 'राय' भनेर नाम उल्लेख भएको छ ।

५, मोरङ- विजयपुर गोर्खामा विलय भैसकेपछि सो राज्यसंग वि.सं १८३१, बैशाख ३० मा गरिएको प्रतिरक्षा संझौतामा पहाडिभेगका ९ प्रान्तीय रायराज्यहरूलाई युद्ध नै नगरी 'स्वत हाम्रा भयौ' भनी लेखिएको लालमोहरमा 'राय' शब्दको प्रयोग भएको छ ।

यी सबै तथ्यहरू यहाँ ल्याउनुको तात्पर्य नै 'राई' शब्द 'राय' बाट अपभ्रंश भई आएको कारणले यसो भएको हो भन्न खोजिएको हो ।

नेपाली भाषाको इतिहासमा 'राई' शब्द लगभग सातसय वर्ष पहिलेदेखि नै चलिआएको पाइन्छ । मानिसको पेशा वा उत्पत्तिस्थान आदिवाट पनि जात थर आएको पाइन्छ भने उपाधिबाट जात वा थर हुनु कुनै अनौठो कुरा होइन । जसरी थारुहरू चौधरी भए, सुनुवारहरू मुखिया भए त्यसरी नै कालक्रममा खम्बु वा जिमीहरू राई भए । [19]

कर्म, पेशा वा सीपलाई जातको रुपमा लेख्ने चलन नेपालमा मात्र होइन युरोपतिर पनि रहेको पाइन्छ । जस्तो शुमेकर- जुत्ता सिलाउने, बोरिस बेकर-खाना बनाउने, जोहन स्मिथ-फलाम वा धातुको काम गर्ने, मार्टिन ग्याञ्जले-हाँसपाला भन्ने अर्थ लाग्छ । [20] प्रस्तुत नामको अन्तिम अक्षरलाई जातीवाचकको रुपमा लिइन्छ । तसर्थ राजाको काम गर्ने वा राजाको बंशज वा जनता भनेर 'राई' शब्दलाई गौरव किन नगर्ने । अहिले पनि नेपालमा ज.ब.रा लेखेर गौरव मान्नेहरू प्रशस्तै पाइन्छन ।

मल्लकालमा नेपालमा नेवारहरू बीच धेरै जातहरूको विभाजन भयो । यहासम्मकि माथिल्लो जात र अछुत जात पनि भयो । तर यत्ति भएर पनि अहिले सम्पूर्ण नेवारहरू एउटै जाति भएका छन र एउटै भाषा बोल्छन् । यो एउटा सुन्दर समन्वय हो । यदि अहिले राईबाट भिन्न चाहनेहरूको जस्तो विभाजित कनिके विचार लिनेहो भने उनीहरूको हालत के होला । गुरुङहरूमा पनि चारजाते र सोह्र जाते भनेर विभाजन गरे पनि आखिर सबैले गुरुङ भनेर आफूलाई गर्व गर्छन भने राईहरूमा पनि विभिन्न थरीहरू छन तिनीहरूले आफूलाई राई भनेर गर्व किन नगर्ने ! अत राई पद हो होला तर लामो समयकालदेखि राई जातिको रुपमा आएकाले हामी राई हौं । **अब राईबाट फर्केर जानु भनेको पुतलीलाई भुसिल किरा र चामललाई वियाँ बनाउनु जस्तै हो** ।[21]

**६, किरात राईहरूको वंशावलीमा पुर्ख्यौली जोडिएको पाइन्छ-**

किरात राईहरूको वंशावलीमा चामलिङ, बान्तवा, दुमी, खालिङ, कोयु, थुलुङ, साम्पाङ जस्ता २८ भन्दा बढी थरी राईहरूको वंशजहरू एक अर्कासंग जोडिएका छन । यो हुनको कारण किरात राईहरू एउटै जात विशेष भएर नै यसो भएको हो । होइन भने अरुसंग पनि त यसरी नै जोडिनु पर्ने थियो ।

राईबाट भिन्न हुन खोज्नेहरूले वंशावलीको संबन्धमा झिकेको एउटा तर्क जायज जस्तो लागछ की किरातहरूको पुरानो वंशावलीमा कतै पनि राई शब्द उल्लेख नभएकाले हाल देखापरेका विभिन्न थरहरू थर नभएर जात हुन । तर यो तर्क पनि जायज होइन । वास्तवमा किरात राईहरूमा वंशावली भन्ने चलन पुरानो भएपनि लेख्ने चलन चाहिं नया हो । आजसम्म बनेका किरात राईहरूको वंशावली केवल मुन्धुमी, नक्शो, तायामी आदिको मुखारविन्दबाट निस्केको वाक्य तथा शब्दहरूको एउटा क्रमबद्ध भण्डार मात्र हो । पुरानो जमानामा केवल राजा, महाराजा र धार्मिक नेतृत्व दिने व्यक्तिहरूको मात्र वंशावली लेख्ने लेखाउने चलन भएको हुनाले अन्य कतिपय वंशको वंशावली भन्न र लेख्न छुटेको पाइन्छ । त्यो खोजको विषय हो । अत वंशावलीमा राई शब्द नहुँदा राई नजनिने र चामलिङ हुँदैमा जातै भइहाल्ने भन्ने पनि हुँदैन । कतिपय कुराहरू भावनाले बाँधेर ल्याएको हुन्छ र त्यसलाई अक्षरमा सिर्जना नगरिएको पनि हुन सक्छ । जस्तो- हर्कधन राई भन्यो भने उ नेपाली पनि हो भन्ने कुरा स्वभावत चिनिन्छ । तसर्थ उसलाई हर्कधन राई नेपाली भनेर जोड दिएर लेखिरहन आवश्यक पर्दैन । त्यसैगरी हर्कधन बन्ताव भन्यो भने उ राई हो भन्ने पनि चिनिन्छ ।

राई र लिम्बुको वंशावली हेर्दा 'राय' हालका राई र लिम्बु दुवै एकै पिता नेपालका अन्तिम किरात राजा योक्नेहाङका दुई पुत्र थिए जसका वंशव तथा तिनका अनुयायीहरू कालान्तरमा जेठोबाट 'यास्थुम्बा' (लिम्बु), र कान्छो छोराबाट 'राई' जाति हुँदै अनेकौं उपथरहरूमा फैलदै फिजिँदै आएका[22] हुन भन्ने पनि इतिहासकारहरूको भनाई रहेको पाइन्छ । अतः राई र लिम्बु एउटै पिताका दुई पुत्र हुन जो कालान्तरमा जातमा परिणत भए । त्यसैले होला राई लिम्बुमा खानपिन, व्यवहार र विवाह सराबरी रहेको छ । यी दुई जात बिचको विवाहलाई अन्तर्जातिय विवाह मानिदैन । तर पनि लिम्बु र राईलाई आमरुपमा जात नै भनेर एकअर्कामा बुझिन्छ ।

**७, भाषामा समानता हुनुले पनि सबै थरहरू एउटै राईबाट अलग भएको देखिन्छ**

हालको २८ थरीका राईहरूका भाषा भोट बर्मेली परिवार भित्र पर्दछ । त्यसैले कतिपय राईका भाषाहरू एक अर्कामा अन्तर्सम्बन्ध र मिल्दाजुल्दा पाइन्छन । यो हुनको अर्थ नै विगतमा यी विभिन्न थरीका समुदायहरू एउटै राईका सन्तानहरू हुन भन्ने लाग्छ ।

**८, भाषा भिन्न हुँदैमा जात भिन्न हुन्छ भन्न मिल्दैन**

राईबाट भिन्न हुन चाहने राईहरूको तर्कमा हालको राईहरूको भाषा भिन्न भिन्न भएकाले जाति पनि भिन्न हुन्छ भन्ने रहेको छ । तर यो भनाई पनि सबै ठाउँमा एकनासले लागु नहुने देखिन्छ । कारण नेपाल र भारत तथा पहाडे र मधेसे

बाहुनको जात एउटै हो तर भाषा भिन्न बोल्छन । भारतको बाहुनले हिन्दी र मधेशको बाहुनले मैथिली बोल्छन तर नेपाल तथा पहाडे बाहुनले नेपाली बोल्छन । [23]

भारतमा नागा जातिमा पनि भाषा भिन्न भएको कुरा थाहा पाइन्छ । त्यसोभए तिनीहरू पनि भिन्न जाति हुन भन्न कर लाग्छ । तर नागाहरू भारतीय राजनीतिमा अस्तित्वको लागि लड्दै आएका छन । पैसाको लागि मात्र होइन । [24]

एउटै जातिमा फरक फरक भाषा र फरक फरक जातिमा एउटै भाषा भएका उदाहरणहरू पाउन सकिन्छ । नेपालमा मगर र तामाङमा पनि करिब यस्तै देखिन्छ । नेवारहरूमा एउटै भाषिक समुदायमा अनेक जातिहरू देखिन्छन । विश्वमा स्वीसहरू चार अलग अलग भाषा बोलेर पनि एउटै जातिमा बाँधिएर बसेका छन ।[25]

राईको भाषा धेरै छ भाग्य वा दुर्भाग्य दुवै हो । नागा एक जाति भएर पनि अनेक भाषा बोल्छन । तसर्थ भाषा र जाति एक अर्कामा मिलान हुँदैन ।[26]

किरात राई जातिहरूको परिवेशभित्र २९ भिन्ना भिन्नै भाषा बोल्ने समुह/समुदायहरू छन । अलग-अलग भाषा बोल्ने समुह/समुदायका राईहरूमा उच्च निच, छुवाछुत र भेदभावको व्यवहार त के सोचाईसम्म पनि भेटिदैन । बरु एक अर्कामा सद्भाव, अगाध स्नेह र एकता पाइन्छ । किरात राईहरूको यो भाषिक विविधता त भाषिक दृष्टिले संसारकै खुर्लभ सम्पदा हो भन्ने कुरालाई किरात राईहरूले गौरव गर्नु पर्ने विषय पनि हो । [27] यो गौरव तवसम्म मात्र रहने छ जवसम्म किरात राईहरू एकढिक्का हुनेछन ।

**८, परम्परा र संस्कारको सन्दर्भले पनि 'राई ' मात्र एक जात हो**

परम्परा संस्कार जस्ता कुराहरूमा गाउँ खोलाटोलाको कारणले फरक हुन सक्तछ । तर समग्रमा राई जातिको परम्परा र संस्कार संस्कृतिहरू एक अर्कामा समान छन । गाउँटोल, खोलनाला, डाडाकाँडा, मिश्रित जाति वसोवास, इत्यादिको कारणले भिन्न थरी राईहरूमा मात्र होइन एउटै थरी एउटै पाछी राईहरूमा पनि संस्कार, संस्कृति र परम्पराहरू भिन्न हुन सक्तछ छ भने परम्पराकै कारणले राईबाट भिन्न हुन खोज्नु त्यत्ति युक्तिसंगत देखिदैन ।

परम्परा, संस्कृति तथा आस्थाकै कुरा गर्ने हो भने पनि हेरक राईहरूले साकेला तोसी, भूमि पूजा, प्रकृतिको पूजा, मुन्धुम बाचन, नक्षोको प्रचलन, चुल्हा स्थापना, नयाँ अन्नवाली भूमिदेवलाई चढाउने, जन्म र मरणका प्राय हरेक कुराहरू एक अर्कासंग समानता राख्दछ भने सानोतिनो कुरामा खोचे थापेर नाछिरिङ र कुलुङको संस्कृति र परम्पराहरू फरक छ भनी राईबाट भिन्नहुन खोज्नु किरात राईको ऐतिहासिक बिरासतलाई मेटाउन खोज्नु हो । 'किरात राईको रीत' भन्ने चलन वा वाक्यांश राईसमाजमा जतातत‍ै चलेको छ यस्ता तथ्य कुराहरूप्रति आँखा चिम्लेर कस्तुरीले आफूसंगै भएको विन्दा (नाभी) काहाँ छ भनी खोजेजस्तो भैरहेको राईको अस्तित्वलाई मेटेर अनावश्यक रुपमा अर्को अस्तित्व खोज्नु बुद्धिमानी होइन ।

**९, वि.सं १८३१, बैशाख ३० मा भएको संझौताका बिरोधी राईहरूले अहिले पनि 'राई' नै लेख्दै आएका छन-**

पृथ्वीनारायण शाहको पूर्वतर्फको विजय अभियानमा पूर्वमा चौदण्डी, विजयपुर मोरङ आदि क्षेत्रहरू गोर्खाको कब्जामा आईसकेपछि पृथ्वीनारायण शाह र पूर्वतर्फका सम्पूर्ण विजित भूभाग र पहाडिभेगका ९ प्रान्तीय रायराज्यहरूसंग भएको संझौतामा सामेल नहुने स्वभिमानी किरात राईहरू जसले यो संझौतामा सामेल हुनु भनेको गोर्खाको अगाडि शिर निहुराउनु हो भन्ने सोचेर उनीहरू ठाउँ नै छोडेर भारतको मधुवनी जस्ता विभिन्न क्षेत्रमा गई बसे । तिनीहरूले अहिले पनि नामको पछाडि "सिहराई" लेख्छन । यसको अर्थ 'सिंहं' भनेको त्यहाँको जातिहरूसंग मिलान भई भारतीय राज्यको नागरिक हुनु थियो भने 'राई' भनेको आफ्नो पूर्व स्वपहिचानलाई बचाईराख्नु थियो । यसर्थ यदि 'राई' पृथ्वीनारायण शाहले दिएको पद नै थियो भने विदेशमा गएर पनि आफ्नो उठीवास लगाउने राजाले दिएको पद 'राई' लेखीरहनुको कुनै औचित्य नै थिएन । यसरी के देखिन्छ भने 'राई' पूर्वसमयदेखि नै एक जाति थियो भन्न सकिन्छ ।

**१०, 'राई' जातको रुपमा नेपाल तथा विश्वभरी पहिचान भैसकेको छ-**

'राई' राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रथम विश्वयुद्धदेखि नै लडाकु योद्धाको रुपमा चिरपरिचित जाति हो । राईहरूले आफ्नो पहिचानलाई विश्वसामु प्रस्तुत गरिसकेका छन । अव राईहरूबाट भिन्न भएर जाने हो भने त्यो पहिचानको के अर्थ रहयो ? बाजा भाग सोहर्छु भन्दा ट्याम्कु भाग पनि हरिने स्थितिलाई जानी जानी सिर्जना गर्न हुँदैन । यसबाट बेफाइदा छ ।

अहिले किरात राईहरूले 'राई' शब्दलाई जातिय पहिचानको निमित्त इतिहासको विरासतको रुपमा लिएका अवस्थामा विगतमा कहिल्यै नसुनेको नभोगेको कुराहरू- राईबाट भिन्न हुन चाहने कुराहरू आएका छन ।[28] यस्तो विचार राख्नु अहिलेको युवाहरूको लागि नौलो र नराम्रो कुरा होइन, तर राईका यत्तिका थरहरू जातमा परिणत हुने कुरा

केवल सुविधाका कुराले निर्देशित भएको छ, एक्सनमा मात्र विश्वास गर्नेकि रिजल्टलाई पनि विचार गर्ने, हामी प्याज भएर पत्तापत्ता झिकिदै जानेकी सामुहिक रुपमा एकढिक्का भएर शक्तिको पहिचान दिने भन्ने प्रमुख सवालहरूलाई बुझ्न आवश्यक छ। तसर्थ यो हतारिने बेला होइन, बुझ्ने र चिन्तन गर्ने वेला हो ।[29]

**११, धेरै पहिलेदेखि नै हाम्रो गाउँघरमा संस्कार र संस्कृति राईको नाउँमा बसीसकेको छ । त्यसलाई विर्सन खोज्नु इतिहासलाई नै विर्सनु हुनेछ ।**

त्यस्तै राईलाई लक्षित गरिएको एउटा श्लोक यसप्रकार रहेको छ-

*कसले बुनेको डाली र छपनी कसले बुनेको फिपी*
*कसले बाँधेको राईबन्दी पगरी कसले बाँधेको थीति*
*राईले बुनेको डाली र छपनी राईले बुनेको फिपी*
*राईले बाँधेको राईबन्दी पगरी राईले बाँधेको थीति ।*[30]

यो श्लोक कुनै भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा या कुनै विद्वान कविले रचेको होइन । यो त किरात राईहरूको समाजमा अनादिकालदेखि चलिआएको अनुश्रुति र परम्परा हो । यो श्लोकको प्रसंगले सम्पूर्ण राईजातिलाई सीप र रीतिथीतिको श्रष्टा ठानेको छ। नत्र भए कुनै चामलिङ, दुमी वा अरु कुनै थरीको नाम श्लोकको अंशभित्र आउने थियो होला । वा राई नामका पदलाई मात्र लिने हो भने राईले त सीप गर्ने होइन अरुको सीप चाहि आफूले बेठीको रुपमा लिने, शासनको तहमा बस्ने, उठ्ती पुठ्ती उठाउने, कर असुल गर्ने मात्र काम गर्थ्यो होला र त्यसैप्रकारको मात्र गीत श्लोकहरूको रचना हुन्थ्यो होला ।

कतिपय सीप र ज्ञानसंग सम्बन्ध राख्ने जैविक विविधताका कुराहरू संरक्षणात्मक अधिकारको अभावमा गुमीरहेको अवस्था छ । यस्तो अवस्थामा राईहरू हकभोगाधिकारको लागि एकजुट नहुने तर स्रोतको लागि भने लुछाचुंडी गर्ने, भागवण्डा, गर्ने हो भने हामीले पाउने भन्दा बढी गुमाउने छौं ।

**१२, भाई बाँध्ने, चुल्हा दिने, पाछा वा थर दिने, शिर उठाउने राईको चलन -**

यो किरात राईहरूको ज्यादै प्राचीन चलन हो । यदि अन्य कोही जातिलाई आफ्नो जातिमा प्रवेश गराउन परेमा सातथरीका राईहरू जम्मा भएर 'रातो अचना चिसो छपना' गरी दालढिंडो चलाएपछि उक्त व्यक्ति राई हुन्छ । [31] यो विशेषगरी अन्तरजातिय विवाहमा प्रचलित रहेको छ। आफ्नो दाज्यूभाईमा मान्य बनाउन तथा आफ्नो चुलामा प्रवेश गराउन यस्तो व्यवस्था गरिन्छ। यो सातथरीको राई भन्नुको तात्पर्य उही २८ थरीका राईहरूमध्ये आफ्नो वरीपरी रहेका राईहरूको 'थरी' हुन भन्न खोजिएको हो। त्यसैगरी यदि अन्यथरी राईहरू होस वा एउटै थरी राईका अन्तरपाछाहरूमा पनि एकबाट अर्को पाछामा सरुवा हुँदा आवश्यक पर्नेले चुल्हा, थर, पाछा माग्ने र संबन्धितले दिने चलन रहेको छ। त्यसैगरी कारणवश शिर ढल्यो भने रीतिविधिकासाथ शिर उठाउने प्रचलन सम्पूर्ण राईहरूमा रहेको पाइन्छ । यो प्रक्रिया र विश्वास समग्र राईहरूमा एउटै हुनको तात्पर्य एउटै जाति राई भएको कारणले हो ।

**१३, राई जात हो तर बायुङ, कुलुङ, लोहरुङ, चामलिङ, नाछिरिङ, बन्ताव, दुमी, खालिङ्,, अम्बोले, मेवाहाङ्, याक्खा, साम्पाङ आदि भन्ने चाहिं थरमात्र हुन ।**

किरात राईहरूको वंशविकासक्रममा सवैभन्दा पहिला राई नामको जातको विकास भएको छ। माथि पनि योक्नेहाङको छोरा राई र लिम्बु भनीसकियो । राईभित्र साम्पाङ, कुलुङ, नाछिरिङ, कोयु जस्ता लगभग २८ भन्दा बढि थर त्यसपछि थरभित्र सामे, सामे भित्र पाछा र पाछा भित्र उपपाछाहरुको विकास भएको पाईन्छ । दृष्टान्तको रुपमा दुमीराईलाई लिने हो भने 'राई' भनेको बृहत क्षेत्र ओगट्ने जात हो, दुमी भनेको राईका विभिन्न थरहरूमध्ये एक थर हो र यो दुमीथर भित्र सातवटा सामे रहेको पाइन्छ । यो सामे वा सामई भित्र पनि विभिन्न पाछाहरू रहेको छ र अहिले आएर पाछाभित्र पनि उपपाछाहरूको विकास हुने क्रम देखा परेको छ । अन्य थरी राईहरूको पनि वंशविकासको क्रममा जात, थर, सामे र पाछाहरूको स्थिति धेरैहदसम्म यस्तै नै हो । ***यसरी हेर्दा अहिले यदाकदा राईबाट अलग हुन चाहनेहरूको मत भनेको उनीहरूले थरलाई चाहिं जात भनीरहेका छन । तर थर को अर्थ राईहरूको किसिम हो जात होइन ।***

यसरी बृहत समाजभित्र धेरै थरिका राईहरू अटाउँछन । त्यसै भएको हुनाले एउटै अनुहार एउटै व्यवहार एउटै वानी, ल्वाईख्वाई देख्ता पक्का राई नै हो भन्ने लागेर सोधिन्छ- तपाई राई हो ? राई हो भन्ने पहिचान भयो भने, अनी- कुन थरी राई हो ? भनेर सोधिन्छ। उत्तर दिनेले म थुलुङ्गेराई वा के थरको हो सोही जवाफ दिन्छ । अनी त्यसभन्दा अझ बढी जान्न चाहेमा सामे, पाछा र साइनो समेत केलाएर नाता पर्ने रहेछ भने ढोगभेटसमेत गरेर किरातराईको परम्परा र संस्कृति जनाउँछन। यदि चामलिङ वा कुलुङ बेग्ला बेग्लै जात भएको भए यस्तो परम्परा थोरै पाइन्छ ?

**१४, ठाउँको नाम र किस्सा कहानीहरूले पनि 'राई' को वारेमा वकालत गरेको पाइन्छ**

मकवानपुरमा एउटा गाउँ विकास समितिको नाम 'राईगाउँ' रहेको छ। त्यहाँ राईको जनसंख्या ८१९२ रहेको छ।[32] राईको वस्ती वल्लोकिरात, पल्लोकिरात र माझकिरात रहेको' छ भन्ने गरिएकोमा मकवानपुरको यत्रो जनसंख्याले के देखाउँछ भने त्यहाँ पनि कुनै समयमा 'राई' या 'राय' हरूको समाज थियो। त्यसैले नै 'राईगाउँ' भन्ने नामाकरण हुन गएको अनुमान लाग्छ। यस्ता कतिपय खोलाहरूको नाम राईखोला, ठाउँको नाम राईटोल, राईगाउँ (खोटाङ महेश्वरी) जस्ता नामहरूको कारणले 'राई' शब्दको अस्तित्व प्राचीन भएको पाइन्छ। होइन भने उनीहरूले राईको सट्टा चामलिङ, बन्ताव वा अरु कुनै लेख्थे होला।

त्यस्तै भोजपुरको जेठाराई स्व.परशुराम राईले भनेको एउटा किस्सा यस्तो छ-"लुवाङगढ, सिमाङगढ दखल गरेपछि बहादुर शाहको नायवीमा एउटा कच्चा लालमोहर खम्बुवान र लिम्बुवानले पायो। पक्का लालमोहर काठमाडौंमा छ त्यो तिमीहरूलाई दिइनेछ, त्यसमा तिमीहरूले पाएको 'रजाई' गरि आएको जिमी भूमि सवै पाउने छौ केवल एउटा अक्षर मात्र, झिकिनेछ भनियो। किरातहरूले त्यसलाई स्वीकारे। पछि पक्का लालमोहर आउँदा रजाइको ज अक्षर चाहि लुप्त भएर आयो। अब जिमिभूमिमा 'रजाई' गरेर बस भन्ने ठाउँमा 'राई' भएर बस भन्ने अर्थ भएछ।"[33] यसरी रजाईबाट राई हुन आएको किस्सा पाइन्छ। किस्सामा सत्यता कति छ त्यो अर्कै कुरा हो तर यो किस्सा निर्माण हुनमा राईको रहस्य लुकेको छ। यी व्यक्तित्व लगभग १०० वर्ष बाँचेर एक दशक अघि मृत्यु भैसकेको छ।

आज नेपालको सम्पूर्ण जिल्लाहरूमा अनेक थरीका राईहरू छरिएर वसेका छन र उनीहरू आफूलाई राई एक जात हो भनी चिनाएका छन अनी त्यपछि मात्र थरले। आफ्नो नागरिकताको नाममा राई लेख्न पाउनु मात्र पनि गर्वको विषय हुन्छ। कसैले राईको वारेमा धावा वोलेमा परिणाम नकारात्मक हुनसक्छ। आखिर यो किन भन्दा आफ्नो जातप्रतिको' इमानदारीता र गर्वको बोध हो।

**१५, बैवाहिक परम्परा-**

धेरै समय अघिदेखि आजतक एक थरी राईले अर्काथरी राईसंग बैवाहिक सम्बन्ध कायम गर्दै आएका छन। त्यसमा कुनै छेकथुन छैन। जुन थरीका भए पनि त्यसलाई स्वीकार्य हुन्छ। यो हुनको कारण राई एउटा मुल वंश भएकै कारणले यसो हुन गएको हो। होइन भने बन्ताव र चामलिङ बेग्ला बेग्लै जात हो भन्ने गरियो भने यि दुई बीचको विवाह अन्तर्जातिय विवाह हुनजान्छ र त्यस अवस्थामा चामलिङ् र बन्तावबीच पनि दालढिंडो चलाउनु पर्ने अवस्था हुन्छ। यसर्थ हजारौं वर्षदेखि हुर्किएको राई समाजलाई विभाजित गर्न खोज्नु बुद्धिमानी होइन।

**१६, २८ थरीका भाषिक राईहरूको स्वशासनको अधिकार लाई स्थापना गर्नेकी २८ जाति भनेर सूचिकृत हुने**

राईबाट फुत्किन खोज्नेहरू समतामुलक समाजको निर्माणको लागि जातिको रुपमा सुचिकृत हुन दिइनु पर्दछ भन्नेमा जोड रहेको छ। सरकारको एउटै जात एउटै भाषा भन्ने पुरानो मान्यता जस्तो बृहत किरात राईमा पनि देखीएको छ यसले भाषिक समूहको आत्मनिर्णयको अधिकारलाई हनन गर्दछ[34] त्यस्तै हरेक भाषिक राईहरूको आ-आफ्नो स्वपहिचान हुँदा हुँदै राईलाई गुन्द्रुक सिन्की खदाई एकै ठाउँमा किन राख्ने ? उनीहरूलाई स्वतन्त्र छाडी दिनुपर्दछ[35] भन्ने रहेको छ।

अहिले विश्वमा नै आदिवासी जनजातिहरूको मुक्ति आन्दोलन, स्वशासन, आत्मनिर्णयको अधिकार र संघात्मक स्वरुपमा प्रादेशिक विभाजन हुनु पर्दछ भन्ने माग उठिरहेको अवस्था छ। खम्बुवान (राई), मगरात, थरुवान, लिम्बुवान, खसान, ताम्बाशालिङ, नेवार इत्यादि स्वायत्तक्षेत्रको संघीय स्वरुपलाई अगाडि ल्याई आफ्नो पकड राज्यमा दरिलो बनाउनु पर्ने अवस्था आएकोमा राईहरू चाहिं फुटेर अट्ठाइस उनन्तीस टुक्रा हुने नीति के फलदायी होला त ? अहँ यस्तो नीतिले राईको शक्ति समाप्त हुन्छ र आजको राईको हैसियत भोली कहिल्यै पनि प्राप्त हुनेछैन।

आज आदिवासी जनजातिहरूले आफ्नो हक अधिकार को लागि आवाज उठाउँदा प्रजातन्त्र संख्याको खेल हो भन्ने कुरालाई पनि बुझ्न जरुरी छ[36] लगभग तीन करोड नेपालको जनसंख्यामा राईको जनसंख्या नै २.५९ % रहेको बेलामा त राज्यसँग हकअधिकार लिन सकिएको छैन भने विभाजित हुँदा हुन आउने हजारको संख्याले राज्यमा के गर्न सकिएला ? गर्न सकेपनि चामलिङ, बन्ताव जस्ता धेरै जनसंख्या हुनेहरूले केही प्रभाव पार्लान् तर लोहरुङ, तिलुङ, छिन्ताङको स्थिति के होला ? यस अवस्थाले राउटे र बनकरियाको स्थितिमा पुग्न सक्छ र उसको अस्तित्व नै लोप भएर जान सक्छ। निश्चय नै खोल्सा भन्दा समुन्द्र कै महत्व ठूलो हुने भएकाले जनजाति महासंघ, प्रतिष्ठान तथा अन्य संघ संस्थाहरूवाट प्राप्त हुने भागविलोलाई मात्र नजर अन्दाज नगरी समग्र अस्तित्वलाई जोगाएर राज्यसरकारमा उनीहरूको पहुँच पुग्नसक्ने शक्ति निर्माण गर्नु आजको मुख्य आवश्यकता भएको छ।[37]

निश्चय नै निर्माण गर्न अप्ठ्यारो छ तर भत्काउनु सजिलो छ। ५ वर्षको कठिन योजनामा निर्माण भएको घर एकै दिनमा भत्काउन सकिन्छ। त्यस्तै हजारौ वर्षदेखि निर्माण भएको किरात परम्परा कसैको एउटा कलमको टुप्पोले एकैक्षणमा ध्वस्त हुन सक्तछ। हामी के हुन खोजिरहेका छौं र त्यो प्राप्त हुँदा के पाउँछौं भन्ने कुरा बुझ्न जरुरी छ। नेपालीमा एउटा उखान छ- 'पानसुका तीनसुका केही जान्दिन

आठाना चाहिं छोडदिन' भने जस्तै अहिले राईबाट भिन्न भएर जाने मनसायको उपलब्धि पनि यस्तै मात्र हुनेछ ।

**अबको दायित्व**

अक्षुण्ण ईतिहास राख्ने किरात राईहरूको समाजमा राईबाट भिन्न हुन खोज्ने विचारहरू फाट्ट-फुट्ट देखापर्न थालेपछि यसको ध्यानाकर्षण सबैलाई हुनु स्वभाविक हो । तसर्थ केही सभा, समारोहहरु र व्यक्तिगत रुपबाट पनि यस सम्बन्धि उठ्ने गरेका विभिन्न विचारहरु र स्वयं मिति २०६२ भाद्र ३० गते किरात राई यायोक्खाले आयोजना गरेको "किरात राई जातिबारे छलफलका निम्ति बुद्धिजीवी भेला" मा अभिव्यक्त ती बुद्धिजीवीहरुको विचार हरुलाई समेत आधार मानी अब आउने दिनहरुमा गरिनुपर्ने कार्यको संकेत निम्न कार्यनीति तर्फ उन्मुख हुनुपर्ने देखिन्छ ।

१, 'राई' जात त्यागेर नयाँ जात लिन खोज्नु ठूलो ऐतिहासिक भूल हुने भएकाले सबै थरी राईहरूले एउटै राई भित्र गोलबन्द भई सशक्तिकृत हुन पर्दछ ।

२, किरात राईहरूको प्रतिनिधित्व गर्ने केन्द्रीय संस्था किरात राई यायोक्खाले अहिलेको असन्तुष्टिको कारण पत्ता लगाई बेलैमा त्यसलाई शुद्धिकरण गर्दै लैजानु पर्दछ । यो केही होइन भनेर पन्छाउन खोज्नुभन्दा यसको सही समाधानको बौद्धिक बाटो के हुन सक्छ' भन्ने कुरालाई अध्ययन मननको विषय बनाइनु पर्दछ ।

३, किरात राई यायोक्खाको वर्तमान संरचनाप्रति पनि बुद्धिजीवीहरू सन्तुष्ट हुन नसकेको हो भने यसमा भाषिक संस्था वा हरेक थरी राईहरुको समानुपातिक प्रतिनिधित्वको बैधानिक व्यवस्था हुन पर्दछ । किरात राई यायोक्खाले साँच्चै छाता संस्था हुन चाहन्छ भने त्यस्तैप्रकारको विधानमा संशोधन गर्न आवश्यक छ ।

४, संस्थागत समानुपातिक प्रतिनिधित्वप्रति नै भाषिक संस्थाहरूको असन्तुष्टि हो भने आमरुपमा किरात राईहरूको राष्ट्रिय भेलाको आयोजना गरी आवश्यकीय नीतिहरूको तर्जुमा गर्ने कार्यमा जुट्नु पर्दछ ।

५, संघात्मक स्वरुपमा जाने हो भने पनि किराया यसमा लचिलो हुन आवश्यक छ, । खाका कस्तो हुने भन्ने कुराको दस्तावेज निर्माण हुन जरुरी छ । यसको लागि एउटा एउटा छुट्टै कार्यदल निर्माण हुन पर्छ ।

६, किरात राईहरू २८ भन्दा बढी थर तथा भाषीहरू सम्मिलित भएको एउटा बृहत जाति भएकाले अन्य जातिय संरचनाभन्दा भिन्न छन । त्यसैले सुरकारी, संघ संस्था तथा प्रतिष्ठानहरूको तर्फबाट दिइने सुविधा तथा गरिने व्यवहारमा पनि त्यस्तै हुनु पर्दछ भन्ने स्पष्ट माग किरायाको तर्फबाट सरकारसमक्ष राखिनु पर्छ र सरकारले पनि त्यस्तै व्यवहार गरिनु पर्दछ ।

७, किरायाले अहिलेको जस्तो भाषिक समावेशीकरणलाई मात्र जोड नदिएर भाषिक सस्थाहरूलाई किरायाको एउटा व्यवस्थापिकीय अंगको रुपमा निर्माण गरिनु पर्दछ जसलेगर्दा हरेक भाषिक संस्थाहरूले किरायाको सदस्यता ग्रहण गरेकोमा आफूलाई गर्व गर्न सकोस ।

८, किराया लगायत हरेक भाषिक संस्थाहरू, किरात राई विद्यार्थी संघ, किरात राई बुद्धिजीवीहरूले समन्वयात्मक सह-सम्बन्धको भूमिकालाई निर्वाह गर्न संरचनात्क व्यवस्थाको निर्माण ठोस रुपमा गरिनु पर्दछ । ताकपरे तिवारी नत्र गोतामे कसैबाट गरिनु हुदैन ।

**उपसंहार**

एक्काइसौं शताब्दी आदिवासी जनजातिहरूको शताब्दी मात्र होइन यस समबन्धी सिर्जना हुने विविध सिद्धान्त संरचना र चिन्तनहरूको युग पनि हो । हरेक युगमा सिर्जना भएका प्राय हरेक सिद्धान्तहरूका पछाडि एउटा न एउटा विचारहरूले त्यसलाई कसी लगाउने प्रयत्न गरेको छ । भलै त्यस्को काम आलोचना गर्नु हो । तर यसले विचार र व्यवहारलाई खारिनमा मद्दत गर्दछ । जहासम्म किरात राईहरूको समाजमा आज राईबाट भिन्न हुन चाहनेहरूको एक सानो समुह देखा परेको छ । यसको पनि कुनै एक ठाउँमा महत्व नहोला भन्न सकिन्न । तर त्यो महत्व आम किरात समुदायको लागि कत्तिको लाभदायक छ भनेर बुझ्न आवश्यक छ । हामीले टोपी त पायौं तर टोपी लगाउने टाउकै गुमायौं भने टोपीको के अर्थ हुन्छ हो ला र ? तसर्थ विचार र कार्यलाई समय, महत्व र उपयोगितालाई हेरेर मात्र अगाडि बढाउन आवश्यक छ । हामी जात दिने राईहरूले आफ्नो राई जात चाहि फालेर राजदरवारसंग जात माग्न जानु कत्तिको बुद्धिमानी हुन्छ,, एकजुट भएर स्वशासनको लागि लड्नु पर्ने बेलामा जनजाति प्रतिष्ठान, महासंघले दिने सानो आर्थिक प्रलोभनमा किरात राई जातलाई बलिदान दिनु कत्तिको स्वाभिमान हुन्छ, तितर वित्तर भएर बहादुरी देखाउन खोज्नु मुर्खता हो कि बुद्धिमत्ता हो भन्ने यावत कुराहरूलाई हरेक राई सन्ततीहरूले अहिले नै बुझ्नु पर्ने बेला आएको छ । निश्चय नै अबका दिन उता सबैले आफ्नो हठबादितालाई त्यागेर एक्काइसौं शताब्दिको हरेक दशकलाई फलदायी बनाउँदै लैजानु पर्दछ । यो त्यत्तिखेर मात्र सफल हुनेछ जब किरात राई कार्यकर्ताहरू चिन्तक, अन्वेषक र नेतृत्वपंति आदिमा असल गुण हुनेछ । हामीमा माहुरीको जस्तो गुण हुनुपर्‍यो जसले असल रस ल्याएर चाकामा भर्दछ र परिपक्व खुदो बनाउँछ । होइन भने झिंगाको जस्तो किटाणु मात्र ल्याएर आउने हो भने संस्थामा विकास होइन रोग फैलाउँनेछ । अनि भन्न करै लाग्छ - "बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्काको घर पनि भत्काउँछ ।"

सन्दर्भ सुचिः


1. Statistical Year book of Nepal 2003 (Kathmandu : HMG , Central Bureau of statistics 2003), P.-27
2. स्वामी प्रपन्नाचार्य, **प्राचीन किरात इतिहास,** (पाँचथर : किरातेश्वर प्रकाशन, २०५७), पृपृ-३६९ र ४३७
3. ऐजन, पृ-४३८
4. दुर्गाहाङ याक्खा राई, **किरात हिजो र आज,** (काठमाडौं : किरात राई यायोक्खा, २०५५), पृ-४२
5. ऐजन, पृ-४०
6. ऐजन, पृ-४२
7. दुर्गाहाङ याक्खाराई, **किरात याक्खाको इतिहास : एक छलफल,** (प्रकाशक लेखक आफै , २०५९), पृपृ-३८-३९
8. **पूर्वोक्त** , पादटिप्पणी नं-१, पृ-३९५
9. ऐजन,
10. जयकुमार राई "किरात राई जाति, धर्म र संस्कृतिबारे केही कुरा"**चामलिङ,** (किरात राई चामलिङ खाम्बातिम, २०६१), वर्ष-१, अंक- १, पृ४७
11. इमानसिङ चेमजोङ, **किरात इतिहास र संस्कृति,** (अनु. शेरबहादुर इङ्नाम पापो लिम्बु), ( भापाः प्रकाशक मण्डल, २०५१) पृपृ-१८१-१८२
12. ऐजन, पृ-१७९
13. श्यामराज राई, "ऐतिहासिक स्थल हतुवागढीसंग गाँसिएको प्राचीन किरात इतिहास र संस्कृति", **ऐतिहासिक स्थल हतुवागढी स्मारिका-२०६०,** (भोजपुर : हतुवागढी स्मारिका प्रकाशन समिति २०६०), पृपृ-३३-३४
14. रामचन्द्र राई, "राई र सुब्बा उपनाम संवन्धमा" **निप्सुङ,** काठमाडौं: किरात राई यायोक्खा, २०५४), वर्ष-४, अंक-२, पृ-८४
15. ऐजन, पृ-८५
16. किरात राई, यायोक्खाले २०६२।५।३०।५ मा 'यायोक्खाले आयोजना गरेको "किरात राई जातिवारे छलफलका निमित्त बुद्धिजीवी भेला," विषयक भेलामा डा. नोबलकिशोर राईको विचार
17. पूर्वोक्त, पादटिप्पणी नं-२, पृपृ-४३५-४३७
18. दुर्गाहाङ याक्खा राई, **ब्राहमणवाद विरुद्ध जनजाति उत्पीडितवर्ग,** (धनरानी याक्खाराई , २०५३), पृ-२३६
19. निप्सुङ, अंक-२२, वैशाख २०६२ मा प्रकाशित डा.नोवलकिशोर राईको अन्तर्वार्ता
20. पुर्वोक्त, पादटिप्पणी नं.-१६
21. ऐजन
22. **पूर्वोक्त,** पादटिप्पणी नं-१७, पृ-२३९
23. 'निप्सुङ' अंक-२२, बैशाख २०६२ मा प्रकाशित भू.पू सांसद टंक राईको अन्तर्वार्ता
24. 'निप्सुङ' अंक-२२, बैशाख, २०६२ मा प्रकाशित भू. पू. सहायक मन्त्री श्रीमति सरस्वती राईको अन्तर्वार्ता
25. 'निप्सुङ' अंक-२२, बैशाख, २०६२ मा प्रकाशित डां नोबलकिशोर राईको अन्तर्वार्ता
26. **पूर्वोक्त** , पादटिप्पणी नं-१९
27. **पूर्वोक्त,** पादटिप्पणी नं-१०, पृ-४८
28. किरात राई, यायोक्खाले २०६२।५।३० ।५ मा आयोजना गरेको 'किरात राई जातिवारे छलफलका निमित्त बुद्धिजीवी भेला,' विषयक भेलामा यायोक्खाको तर्फबाट प्रस्तुत **सुनिल राईको अभिव्यक्ति** तथा मौखिक दस्तावेज
29. **ऐजन** , भेलामा खोटाङवासी बागधन राईको विचार अभिव्यक्ति
30. चतुरभक्त राई, "किरात सभ्यताका शिखर व्यक्तित्वहरू : तोमाखेमा र खकचिलिपु : एक प्रागऐतिहासिक अध्ययन", **इसिलिम,** (बाक्सिला : दुर्माकिरात राई फन्सिकिम,२०५७), वर्ष-२, अंक-२,पृ- २६
31. टंक राई "किरात राईहरूका केही मौलिक विश्वासहरू" **इसिलिम,** (बाक्सिला : दुमीकिरात राई फन्सिकिम, २०५६), पृ-१६
32. **पूर्वोक्त,** पादटिप्पणी नं-१, पृ-६५
33. ऋषिराम अर्याल, **माझकिरात,** (भोजपुर : राजेन्द्र प्रधान, २०४२), पृ-४०
34. किरात राई विद्यार्थी संघले २०६२। ५।१६ गते आयोजना गरेको किरात राई भाषिक संस्था र किरात राई विद्यार्थी संघको सह-सम्बन्ध विषयक गोष्ठीमा कुलुङ भाषाका प्रतिनिधिद्वारा अभिव्यक्त विचार
35. **ऐजन,** भेलामा अभिव्यक्त किरात रोदुङ नाछिरिङका प्रतिनिधिको भनाई
36. किरात राई, यायोक्खाले २०६२।५।३० ।५ मा आयोजना गरेको 'किरात राई जातिवारे छलफलका निमित्त बुद्धिजीवी भेला,' विषयक भेलामा यायोक्खाको तर्फबाट प्रस्तुत भू.पु. मन्त्री अशोक **राईको अभिव्यक्ति**
37. ऐजन भेलामा खोटाङ रतन्छाका समाजसेवी मदन राईको अभिव्यक्ति


- मुचि


**बिजयादशमी तथा दिपावली -०६२** को
सुखद उपलक्ष्यमा समस्त महानुभावहरुमा
सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर समुन्नतिको
*हार्दिक मंगलमय शुभकामना* व्यक्त गर्दछौं ।

**मुस्ताङ एडुकेशन प्रोजेक्ट नेपाल**
पो.ब.नं.: १३९५८, फोन: ९७७-१-४४८२४८९
बौद्ध, काठमाण्डु
sonams@mail.com.np

# प्रा. डा. नोवल किशोर राईसँगको भेटवार्ता

- नेत्रमणि दुमीराई

पुर्ख्यौली थलो खोटाङ् जिल्ला मझुवा गा.वि.स.मा चामलिङराईको लफ्याङ्छा पाछा भैकन नेपाल एकिकरण ताका विस्थापित भएर पूर्खाहरू पूर्वतिर लागेका र त्यसै बेलादेखि अहिलेसम्म लगभग ११-१२औं पुस्तामा पाँचथर जिल्लाको रवि भन्ने गाऊँमा बाबु चन्द्रदाश राई र आमा देउसोरी राईको कोखबाट सन् १९४५ मेई २७ मा कान्छो छोराको रूपमा जन्मिनु भएका प्रा.डा.नोवल किशोर राईको चिनारी गराइरहनु भनेको ढुकी बालेर घामलाई नियाले झैं हुनेछ । तैपनि उहाँको पारिवारिक पृष्ठभूमिका बारेमा छोटो प्रसङ्ग कोट्याउन पर्दा, पूर्व शाही नेपाली राजदूत (जर्मनी, सन् १९९५-१९९९) रहेका भइसक्नु भएका डा. राई श्रीमति निरूपा राई (इलाम) सँग बिबाह बन्धनमा बाँधिनु भई हाल दुईवटी छोरीहरू (नुमा र निनाम्मा) का साथ सानेपास्थित निवासमा आफ्नो ६०औं जन्मोत्सव मनाइसक्नु भएको छ । विगत एक दशकदेखि नेपाल तथा एशियाली अध्ययन केन्द्र त्रि.वि.कीर्तिपुरमा प्राध्यापक (Professor) एवं सक्रिय भाषाविद्को हैसियतले नेपालका अनेकन भाषा सम्बन्धि खोज अनुसन्धानमा लागि रहनु भएको छ । विभिन्न जातिहरूका भाषाको विकास, विस्तार र अभिलेखिकरणमा नै रमाउनु हुने डा.राई विभिन्न जातजातिहरूको संस्कार संस्कृतिको बीचमा काम गर्ने रूचि राख्नुका अतिरिक्त उर्बर युवा पुस्तालाई उचित पथप्रदर्शन र सरसल्लाह दिई कर्तब्यबोध गराउने कुरामा समेत चासो राख्नुहुन्छ । उहाँको कार्यकक्ष त्रि.वि.CNAS, कीर्तिपुरमा इसिलिम परिवारको तर्फबाट नेत्रमणि दुमीराईले (२०६२ साल भाद्र ७ गते) लिनु भएको भेटबार्ताको संक्षिप्त रूप सम्पूर्ण पाठक वर्गमा सन्देशमुलक एवं प्रेरणामुलक सौगात स्वरूप समर्पित छ ।



पोप जोन पललाई ओहदाको प्रमाण-पत्र बुझाउँदैः (भ्याटिकन सिटी)

इसिलिमः *मातृभाषा संरक्षणको बारेमा भाषिक संस्थाहरुले कुन कुरालाई ध्यान दिनुपर्ला ?*

यसमा चाहिँ मूल रुपमा दुईवटा कुराहरु आऊछन् जस्तो लाग्छ मलाई । पहिलो प्राविधिक पक्ष हो भने दोस्रो चाहिँ फुर्सदिलो मानव साधन, जसमा साधन श्रोत, भाषाको ज्ञान अनि चेतना समेत हुनु जरुरी छ ।

इसिलिमः *भाषिक संस्था र राज्यको दायित्वमा कुन पक्ष बढी जिम्मेवार ठान्नु हुन्छ ?*

यसमा चाहिँ मूख्यतः भाषिक संस्थाहरु नै बढी सचेत एवं जिम्मेवार भएर लाग्नु पर्ने हुन्छ । समन्वय गर्न सक्नुपर्छ ।, किनभने राज्यले त गर्ने अवश्य नै हो, तैपनि स्वयम भाषिक संस्थाको पहलकदमीमा नै यो सम्भव छ भन्ठान्छु म । नानी रोए चिच्याएपछि न आमाले दूध खुवाउनको लागि तत्परता देखाउने हो । नत्र त आमा अरु कामले ढिला पनि त गर्न सक्छिन् नै ।

इसिलिमः *२८ भाषी(थरी) किरात राईहरुको मातृभाषाहरुको भविश्य कस्तो देख्नु हुन्छ ?*

साँचो कुरो भन्नु पर्दा २५-३० वर्षसम्ममा धेरै किरात राईहरुका मातृभाषाहरु मर्छन् । त्यसो हुनाले ती भाषाहरुको लोप हुनु भन्दा अगाडि नै अभिलेखिकरण गरिनु जरुरी देख्छु म । ती भाषाहरुको आलेखन् हुनुपर्छ भन्ने नै सधैभरिको मेरो धारणा हो । जति नै ठूलो भाषा भएतापनि त्यसको ठीकसँग प्रयोग भएन भने संरक्षण, संबर्द्धन भएन भने लोप भएर जाने हो । त्यसमा

पनि हाम्रो किरात राईहरुको भाषा त एक दुई वटालाई छाडेर अरुहरुको लेखन नै भएको छैन । यदि लोप हुनबाट बचाउने हो भने सर्वप्रथम त अभिलेखन गरिनु हुनु जरुरी छ ।

**इसिलिम:** ***कुनै पनि भाषा कुन बेला र कसरी समृद्ध हुन्छ त ?***

भाषा आफै त धनि छ नै । यस अर्थमा कि हरेक भाषाको व्याकरण, वर्णव्यवस्था, शब्द भण्डार हुन्छ। सवाल के मात्र हो भने कसरी लिपिबद्ध गर्ने भन्ने चाहिँ महत्वपूर्ण कुरा हो । लेखिनु/नलेखिनु बेग्लै कुरा हो। त्यसकारणले हरेक भाषाभाषीले आ-आफ्नो मातृभाषामा साहित्यको सिर्जना गर्नु पर्‍यो, गीत, कथा, नाटक लेखिनु पर्‍यो । भाषाप्रेमी सबैले लेखपढमा बिशेष ध्यानदिनु पर्‍यो। जव कुनैपनि भाषाको लेख्य रुप रहन्छ, भाषा त्यसै पनि समृद्ध बन्छ नै ।

**इसिलिम:** ***लोप हुनै लागेको भाषा पनि सिक्न र सिकाउन सकिने सम्भावना रहला र ?***

भाषा र मानव जीवन अथवा रुखपातको तुलना के हुन्छ भने रुखपात जस्तै मानव जीवनको उत्पति हुन्छ र यसको विकाससँगै मृत्यु पनि हुन्छ। जीव मरिसकेपछि, जाग्दैन तर ठीकसँग अभिलेखिकरण भएको भाषा प्रथमतः मर्दैन । यदि मृत अवस्थामा पुगिसकेको रहेछ भने पनि ब्यूँताउन सकिन्छ। जस्तैः हजारौ वर्ष अगाडि लेख्य परम्परामा, समृद्ध भएको हिब्रु भाषा राजनीतिक वा ऐतिहासिक कारणले एकताका लोप भैसकेकोमा पूनः हिब्रहरु संसारभरि बाट जम्मा भएर इजरायलमा आएपछि बोलचाल र लेख्य परम्पराको भाषा बनाए । त्यसैले कुनैपनि भाषाको ठीकसँग ब्याकरण लेखिएको छ, शब्दकोश बनाइएकोछ, त्यसको अभिलेखिकरण भएको छ भने त्यसलाई ब्यूँताउन समेत सकिन्छ। त्यस्तै संस्कृत भाषालाई पनि ब्युँताउन सकिन्छ। America को ५-७ जनाले बोल्ने Red Indian हरुको भाषा पनि भाषा शास्त्रीहरुको प्रयासमा अहिले फेरि त्यसको विकास र विस्तार गरेर प्रचलनमा ल्याइएको उदाहरण ताजै छ । तसर्थ मृत भाषालाई ब्युँताउन सकिन्छ ।

*मान्छे वा जनावर मरिसकेपछि जाग्दैन । तर ठीकसँग अभिलेखिकरण भएको भाषा प्रथमतः मर्दैन । यदि मृत अवस्थामा पुगिसकेको रहेछ भने पनि ब्यूँताउन सकिन्छ ।*

**इसिलिम:** ***भाषा प्रेमीहरुलाई मातृभाषा संरक्षणबारे चरणबद्ध मेसो बताइदिन परेमा ...?***

लोपोन्मुख भाषा संरक्षणको लागि दुईवटा काम गर्नु पर्‍यो। प्रथमतः त्यस भाषाको शब्द संकलन गर्नुपर्‍यो। नभएको भाषामा पनि ५०० शब्दसम्म त हुन्छ नै । भएको भाषामा १०,०००-१५,००० शब्दसम्म हुन सक्छ। काम थालनिको लागि सम्भव भएसम्म लगभग तीनदेखि पाँच हजार शब्दसम्म संकलन गर्ने । त्यसलाई लिपीबद्ध गर्ने अथवा क्यासेटमा भर्ने । अझ सकिन्छ भने अहिले त भिडियो रेकर्ड पनि गर्न सकिन्छ। अनि दोश्रोमा सामान्य ब्याकरणको रुपरेखा तयार गर्ने । सकिन्छ भने आफै गर्ने, नत्र ब्याकरणविदको सहायताले गर्ने। शब्दकोष नै सम्भव नभए पनि शब्द संग्रह गर्नु पर्‍यो । यस बाहेक त्यसलाई लिखित र मौखिक रुपमा उतार्नु पर्छ। गीत, भजन, डायरी आ-आफ्नै मातृभाषामा लेख्ने गर्नुपर्‍यो । विषेश महिलाहरुको सम्पर्कमा अर्मपर्म, मेलापातमा बातचित हुँदा मातृभाषाको प्रयोग गर्ने, यसको साथै मातृभाषाबाट नै चिठ्ठी पत्रको आदान प्रदान गर्न सके झनै प्रभावकारी हुनेछ ।

**इसिलिम:** ***मातृभाषा संरक्षणमा किराया र भाषिक संस्थाहरु वीच समन्वयको बारेमा... ?***

जहाँसम्म किरायाको सवाल छ, बिना पारिश्रमिक, यायोक्खामा जे काम हुन सकेको छ त्यो ठीक काम भएको छ। किराया किरात राईहरुको छाता संस्था पनि भएकोले आफ्नो श्रोत, साधन र समयले भ्याएसम्म सबै मातृभाषाहरु लाई संरक्षण दिनुपर्छ। किराया भाषा परिषद त्यति बेला जन्मेको हो, जति बेला पूर्वका किरात राईहरु भाषा एकिकरण हुनुपर्छ भनेर लागेको थिएँ। म आफू चाहिँ त्यसको विरोधमा थिएँ। मैले कार्यपत्र नै पनि लेखेको थिएँ । हरेक मातृभाषी राईहरुलाई आफ्नो मातृभाषाको माया हुन्छ, यसलाई अस्तित्वमा ल्याउने चाहना हरेकलाई हुन्छ। तथापि प्रत्येक थरी राईहरुले आ-आफ्नो जिउँदो मातृभाषालाई विकास र विस्तार गर्नुपर्छ। भाषा एकीकरण हुनैसक्दैन र हुनु पनि हुदैन। कसैको भाषिक अधिकार खोस्नु हुदैन र खोस्ने घृष्टता पनि कसैले गर्नु हुदैन भन्ने मेरो भावना हो । सीमित श्रोत साधन र समयको बाब्जुद किराया भाषा परिषदमा जति काम भैराखेको छ, यसले त्यतिबेला अरु गति र दिशा लिन सक्ला, जतिबेला सम्बन्धित भाषिक संस्थाहरुले आफै सचेत र जागरुक भएर लागिपर्ने छन् । जसका लागि किराया भाषा परिषदले चाहिँ आफू छाताको रुपमा रहेर श्रोत खोजिदिने काम गर्नुपर्ने हुन्छ। यी दुवैको बीचमा चासोका साथ समन्वय हुनुपर्छ। त्यसमा पनि खासगरिकन सानो सँख्याले बोल्ने किरात राई भाषाहरु चाहिँ अति चासो लिएर संरक्षण गरिनुपर्छ भन्ने मेरो मान्यता हो।

**इसिलिम:** ***किरात धर्मको बारेमा यहाँको विचार ...?***

मैले बुझेसम्म धर्मको अर्थ अर्काको कल्याण गर्ने हो। नेपालको सन्दर्भमा ऐतिहासिक वैधानिकताको हिसाबले हामी सबैलाई हिन्दुभित्र राखियो । पछि मात्र स्वतन्त्रताकोस्थिति आइसकेपछि आफ्नो पहिचानको खोजिमा लाग्ने क्रममा हामी किरात धर्म मान्छौ भन्ने धारणा फैलिदै गयो । यसको मुख्य जड भनेको प्रकृति र पितृको पूजा नै हो । तर हामी किरात राईहरुमा लिखित ग्रन्थ नभएकाले त्यसलाई फरक फरक

विधि र प्रक्रिया अनुसार मानेका छौं । तसर्थ हामीले लिखित बिधि बिधान लेखन आफैले शुरु गर्नु पर्‍यो । हामीसँग पर म्परागत लिखित विधि विधान नभए पनि अब हामी आफैले शुरु गर्नु पर्‍यो । त्यो पछि गएर स्वतः एउटा वेद बन्न सक्छ । हालमा त्यस्तो लेख्य सामग्री नहुनाले हामी अन्योलमा परेका छौं ।

**इसिलिम:** *दशैं माने /नमाने सर्न्दभमा केहि बताउन चाहनु हुन्छ कि ?*

म चाहिँ यसमा मध्यम मार्गी छु । आजभन्दा करीव २०० वर्ष अगाडि पृथ्वीनारायण शाहले र नेपाल एकिकरण गरि सकेपछि हिन्दु संस्कार संस्कृति हामीमाथि लादेको हुनाले दशैं जस्तो हिन्दु चाड हामी जनजातिहरुमा मान्नैपर्छ भनेर जबरजस्ति गरिएको हुनाले यसको विरुद्ध नारा उठेको हो । त्यसकारण दशैं मान्ने या नमान्ने भन्नु भन्दा पनि कसरी मान्ने भन्ने कुरामा निर्णय गर्ने बुद्धिमानी हुन्छ । हिजो राज्यले मान्न बाध्य गराए झैं जबरजस्ति छोडाउने काम गर्नु चाहिँ मनासिब ठहर्दैन नै । व्यक्तिगत इच्छामा चाडवाड मान्नुपर्छ तर ऐतिहासिक रुपमा हेर्दा दशै किरातीहरुको चाड चाहिँ होइन । जसलाई इच्छा छ मानोस् । तर दशैको नाममा फजुल खर्च र नचाहिँदो ढर्रा गर्नु चाहिँ बुद्धिमानी काम होइन भन्ठान्छु म ।


तत्कालीन जर्मन राष्ट्रपति प्रो. रोमन हेर्चोकसँग ओहदाको प्रमाण-पत्र बुझाईसकेपछि हात मिलाउँदैः (राष्ट्रपति भवन-बोन)

**इसिलिम:** *किरात धर्म र ओमनन्दको बारेमा यहाँको सिधा प्रतिक्रिया ...?*

सधै म के भन्छु भने हामी किरात राईहरु साह्रै सम्वेदनशील जस्तो लाग्छ । चेलीबेटीहरुले कहिलेकाही मलाई गालि पनि गर्नुहुन्छ । तर वास्तविक कुरा के हो भने हाम्रा चेलीबेटीहरु नगएको जात र किरात राईहरुले नलिएको धर्म छैन भनेर म भन्छु । हाम्रा चेलीहरु बाहुनदेखि कामी दमाई, मुसलमान, अंग्रेज आदि सबैसँग गएका छन् । भनेपछि हामी यति खुला रहेछौं । हामी राईहरु हिन्दु त भयौं नै, किश्चियन पनि छौं, मुसलमान पनि छौं । त्यस्तै कोहि बौद्ध वा अन्य कुनै धर्ममा नै पनि लागेका हौंला ।

ओमनन्दको बारेमा मैले प्रशस्त सुनेको छु । धर्मलाई लिएर ओमनन्द मात्र होईन, क्रिश्चियन, मुसलमान, हिन्दु सबैले आफ्नो प्रचार गर्न पैसा र समय खर्च गर्छन् । सायद ओमनन्दले पनि केही राईहरुलाई यसो गर्नको लागि आफ्नो अनुयायीहरुलाई अह्राएको, खटाएको हुन सक्छ । तर यो पनि प्रचारबाजीको सही तरिका भने होइन । जसलाई इच्छा लाग्छ, ईश्वर छ भन्ने जसलाई विश्वास छ एउटा इश्वरको नाम लिने हो । तर एउटा गुटको रुपमा, एउटा सम्प्रदायको रुपमा यसलाई प्रचार-प्रसार गर्न थाल्यो भने आपसी फुट हुन सक्छ । तर भुलभुलैयामा पारेर, प्रलोभन देखाएर आफ्नो धर्मको प्रचार गर्ने कामका लागि भने कुनै पनि धर्मको म विरोधी नै हुँ । ओमनन्दको प्रचार शैलीबाट पनि हाम्रो सम्प्रदायमा फुट हुन सक्ने सम्भावना चाहिँ मैले देखेको छु ।

**इसिलिम:** *राईकरण बारे नि त ?*

'राई' भनेको त वास्तवमा एउटा पद नै हो । तर यो चाहिँ इतिहास कालखण्डको कुरा हो । नेपाल एकिकरण भन्दा पनि अझ अगाडिको कुरा हो । संस्कृतमा नै पनि राजा शब्दबाट राई भएर प्राकृत रुपमा आयो । अनि त्यसरी नै 'राई' शब्दको उत्पति भएको हो । तर जो 'यो मेरो जात नभएर पदवी हो' भन्छन्, उनीहरु पछाडि फर्कन खोजिरहेका छन् । इतिहासमा अझ पछाडि फर्किनु भन्ने कुरा चाहिँ दुई चारवटा मल्खु-दानाको प्रलोभनमा परी पछाडि फर्केको जस्तो मलाई लाग्छ । तर इतिहास बनिसकेको कुरालाई पछाडि फर्केर खोज्नुको पछाडि अवस्य केही न केही रहस्य छ नै । केही कुराले प्रेरित गरेको छ भन्ठान्छु म । त्यसैले यो कुरा(राईकरण)मा ढिपी कस्नु भन्दा दुई पटक राम्ररी सोँच्नु जरुरी छ जस्तो मलाई लाग्छ । यसको पछाडि केही कुराले प्रेरित गरिहेको छ भन्ने कुरा चाहिँ ठोकेरै म भन्न सक्छु ।

**इसिलिम:** *अझ खुलेरै स्पष्ट भन्नु पर्दा नि ...?*

स्पष्ट रुपमा भन्नु पर्दा हालमा सरकारले मान्यता दिएको ५९ जनजातिहरु छन् । त्यस मध्ये केही जातिलाई एउटै जातिको

तीन चार जनजाति फेरे भैं हाम्रा राईहरु पनि थरै पिच्छे जात छुट्टिएमा धेरै कोटा छुट्टिन्छ र ठूलो भाग पाउछौं कि भन्ने तर्क नै एउटा मल्खुको कुरा हो जस्तो मलाई लाग्छ । दुई चार जना मान्छेले उठाएको कुरालाई लिएर इतिहासमा फेरिसकेको बाटोलाई बँग्याउन खोज्दा पछि पछुताउनु पर्छ जस्तो मलाई लाग्छ । ती समुदायभित्र पनि सबैले भनेका पनि छैनन् र भन्न सक्ने अवस्थामा छैनन् पनि । कथंकदाचित यो कुराको निर्णय भैहालेको खण्डमा पनि समग्र किरात राईहरुको भलो भन्दा पनि बढी हानी हुन्छ भन्ने मेरो ठहर हो ।

**इसिलिमः** ***नेपाल र प्रवास बीचको संस्थागत सम्बन्धका बारेमा नि ?***

हामी राजनैतिक घट्नाक्रमले दुईवटा भौगोलिक सिमाभित्र विभाजित छौं । तर राई जातिको संस्था र संस्कृतिको हिसाबले एउटै छौं । त्यसैले आ-आफ्नो मुलुकको संविधान र कानुनलाई मानेर सामाजिक सांस्कृतिकजन्य साझा कुराहरु छन्, तिनलाई एकसाथ उठाउन सकिन्छ । किनकि संस्कृति र भाषाको कुनै सीमाना हुदैन । तसर्थ हुनसक्नेसम्मको समान कुरामा एउटै विन्दुमा हिंड्नु लाभदायक हुन्छ ।

**इसिलिमः** ***एक आपसमा आदान-प्रदान गर्न सकिने पक्षहरु के-के हुन सक्लान् त ?***

हामी खास गरीकन भारत र नेपाल बीचको कुरा गरि राखेका छौं । दुवै देशका राई दाजुभाइहरुका बीचमा सिक्नु र सिकाउनु पर्ने धेरै कुराहरु छन् । चाहे शिक्षित होस् या अशिक्षित । भूगोल, समाज र राज्यनीतिले गर्दा हुन सक्छ, आसाम कालिङ्गपोङ्ग, देहरादुन, सिक्किम र दार्जिलिङ्ग लगायत अन्य फरक फरक क्षेत्रहरुमा रहेका किरात राई दाजुभाइहरुको अवस्था फरक फरक हुँदो रहेछ र फरक हुनु स्वभाविक पनि हो । तर धेरै कुराहरुमा उहाँहरु हामी भन्दा धेरै अगाडि हुनुहुन्छ । शिक्षामा उहाँहरु अगाडि हुनुहुन्छ । चेतनाको हिसाबले हामीहरु भन्दा धेरै अगाडि हुनुहुन्छ । किनभने अँग्रेजको बेलादेखि नै उहाँहरुले सामाजिक, शैक्षिक चेतना पाउनु भयो । त्यसपछि भारत स्वतन्त्र भैसकेपछि स्वतन्त्र भारतीय नागरिकको हैसियतले एउटा नागरिक अधिकारको पूर्ण हकको उपभोग गर्न पाउनु भो ।

तर हामी त धेरै लामो समयसम्म स्वतन्त्र रहेनौं र हामीलाई शिक्षाबाट बञ्चित गराइयो । त्यस हिसाबले हामीमा चेतनाको पनि कमी छ, नागरिक हकहितको हिसाबले हामीले उपभोग गर्न पाएनौं । त्यसकारणले उहाँहरुबाट शिक्षा र चेतनाको विषयमा अनि नागरिक हकहितको विषयमा सिक्नुपर्ने देख्छु म । त्यसैगरी हामीबाट पनि उहाँहरुले सिक्नु पर्ने कुराहरु धेरै छन् । जस्तो मातृभाषाका कुराहरु, संस्कार र संस्कृतिका कुराहरु, उहाँहरु कहाँ भन्दा यहाँ हामीहरुकहाँ धेरै बचेर रहेको छ । त्यसकारण हामीले यी दुईटै (सिक्ने र सिकाउने) कुराहरुमा ध्यान दिनु जरुरी छ भन्ने मलाई लाग्छ ।

**इसिलिमः** ***जनजातिको सवालमा यहाँको व्यक्तिगत धारणा ...?***

मेरो विचारमा 'जनजाति'भन्ने विषय चाहिँ संसारका सभ्य मुलुकहरुबाट Indigenous people भनेर मूल प्रवाहमा नपरेका तर आदिवासीहरुको स्थिति खासगरी हकहितको कुराबाट आएको हो । हामी कहाँ त हिजोको अवस्थासम्म यो आवाज उठाउने अवस्थै थिएन । नत चेतना नै थियो । मूल कारण त त्यो कुरो उठाउने राजनीतिक पहल गर्ने अवस्था नै पनि थिएन । तर अहिले चाहिँ त्यो अवस्था रहेको हुनाले केही हाम्रा राजनीति र सामाजिक क्षेत्रका अग्रणी नेताहरुले आवाज उठाइराख्नु भा'छ । यसमा चाहिँ कतिपय अगुवाकर्ता वा संस्थाहरु प्रलोभनमा परेर गलत बाटोमा पनि जान सक्छन् । त्यो कुरामा पनि हामी सचेत रहनै पर्छ । तर जनजातिको हकहितको विषयमा चाहिँ हामी सचेत भएनौ भने हाम्रा नेता तथा संस्थाहरुले बाटो नविराउलान् भन्न सकिंदैन । हामी प्रत्येक चेतनशील वर्गले बढी सचेत हुनु जरुरी छ ।

**इसिलिमः** ***जनजातिहरुलाई आरक्षण वा स्वायतता दिने सवालमा नि त ?***

म दुवै कुरामा सकारात्मक छु । तर जो खाएर अघाइसकेको छ, उसलाई फेरि खानदिनु जरुरी छैन । जसले खानै पाएको छैन, उसलाई दिनु जरुरी छ । यत्तिका बर्षसम्म हामी देशको सुविधाबाट बञ्चित भएको हुनाले हामीलाई आरक्षण चाहिन्छ । जहाँसम्म स्वायततत्ताको सवाल चाहिँ पूर्णतया राजनीतिक कुरा हो । हाम्रो देशको संविधानमा यो कुरा उल्लेख नभएको हुनाले हामीले स्वायतताको कुरो कस्तो किसिमले दिनु उपयुक्त हुन्छ, वृहत छलफल हुनुपर्छ । स्वायतता आफैंमा नराम्रो कुरा भने हुँदै होइन । यो विभिन्न मुलूकहरुमा विद्यामान रहिआएको पनि छ । यो संघीय संरचना (Federal Structure)को लागि निक्कै नै अभ्यास र कसरत हुनु पर्छ जस्तो मलाई लाग्छ ।

**इसिलिमः** ***जनजाति महासंघ र प्रतिष्ठान आफैंमा चाहिँ के कस्ता संस्थाहरु हुन् त ?***

जनजाति महासंघ(ज.म.) भनेको एउटा जातीय तवरबाट छानिएर आएको गैर सरकारी संस्था हो । जनजाति प्रतिष्ठान(ज.प्र) भनेको चाहिँ सरकारले जनजातिहरुको लागि केही गरौं भन्ने हिसावले खोलेको सरकारी संस्था हो । यी दुईवटाको अलग-अलग भूमिका र स्थान भैकन उद्देश्य चाहिँ एउटै हो । ज.म.ले जतिपनि जनजातिहरुको विकास संवर्द्धन, संरक्षण गर्ने हो, ज.प्र.ले पनि त्यहीं काम गर्ने हो । जसका

लागि हामी स्वयम जनजातिहरु नै पनि जिम्मेवार र सचेत हुनु चाहिँ पर्छ भन्ने मेरो धारणा छ ।

**इसिलिम:** ***किरात राईहरुमा चेतनाको लहर ल्याउन ध्यान पुऱ्याउनै पर्ने पक्षहरु ....?***

यसवारेमा मैले सधै गाऊँने एउटै गीत यो हो कि हामी मध्यम मार्गी हुनु पऱ्यो । (तागाधारी) क्षेत्री बाहुनबाट पनि हामीले केही लिनु पऱ्यो । उनीहरु के-कसरी अघि बढे भन्ने कुराको विवेचना गरेर हामी पनि त्यसैगरी बढ्न खोज्नु पऱ्यो । हामी किन पछाडि पऱ्यौं भनेर आफ्नो स्वभाव पनि केलाउनु पऱ्यो । उनीहरुको खराव कुराहरुलाई औंलाएर तिमीहरुको यो-यो खराब छ भन्दिनु पऱ्यो र उनीहरुको राम्रो कुराहरुलाई यो-यो राम्रो रहेछ भनेर हामीले लिनु सक्नु पनि पऱ्यो । आफ्नो राम्रो कुराहरु पनि उनीहरुलाई दिनु पऱ्यो । बहुलवादी समाजको विशेषता भन्नु नै नराम्रो कुराहरुलाई छाड्दै राम्रो कुराहरुलाई लिनु हो । त्यसैले म बारम्बार के भन्छु भने हाम्रो नेपालको दुर्दशा भन्नु नै 'हामी सानो आँखा हुनेहरु ठूलो मन, उनीहरु ठूलो आँखा हुनेहरु सानो मन'यस मानेमा सानो आखाँ ठूलो मन एउटा पराकाष्ठा(Extreme) हो भने ठूलो आँखा सानो मन पनि अर्को पराकाष्ठा हो । तथापि यी दुबै वीचको मध्यम मार्ग चाहिँ हामी जो सुकैले लिनु पऱ्यो । हामीले सन्तुलित भएर नै अगाडि बढ्नुपर्छ भन्ने मेरो सधैभरिको धारणा हो ।

**इसिलिम:** ***इसलिम परिवारलाई केहि भन्न चाहनु हुन्छ कि ?***

मैले इसिलिम सबै अङ्क राम्ररी पढ्न त पाएको छैन । तर मलाई के चाहिँ कुरा थाहा छ भने दुमीराई समाजमा तपाईहरु सचेत ५-१० जनाले, अझ जागरुक २, ४ जनाले लागेर यसमा मेहनत गरिराख्नु भा'छ । यो अत्यन्तै प्रशँसनीय कुरो हो । यो यसकारणले पनि सम्भव छ, कि तपाइँहरु राईहरु वीचको एउटा सानो भाषिक समुदाय हुनुभयो । यसमा पनि आफ्नो मूल थलो छाडेर काठमाण्डौमा एउटा पेशा व्यावसायले आफ्नो दैनिक जिविकोपार्जन गर्दै बचेको समयमा जुन प्रयास गरिराख्नु भा'छ, खासगरि तपाइँ युवा पीडिहरु । यो चाहिँ ज्यादै सराहनीय कुरो छ र पर्देशमा बस्नेहरुबाट केहि साधन श्रोत जुटाएर भएपनि तपाइँहरुले यसलाई बृटिस आर्मी, इण्डियन आर्मीका दाजुभाइहरुको वीचमा पुऱ्याइराख्नु भा'छ । अनि आफ्नो मूलथलोमा पुऱ्याइराख्नु भा'छ । यो चाहिँ एउटा उदाहरणीय काम हो भन्छु म । मलाई थाहा छ, यसको लागि सामग्री जुटाउनु नै पनि कति गाह्रो छ, व्यवस्थापन गरिएका सामग्रीहरु प्रकाशन गर्न पनि त कति गाह्रो छ, प्रकाशन गरिसकेपछि त्यसलाई वितरण गर्न साह्रै गाह्रो छ । अहिले गाह्रो छ, तर भविश्यमा तपाइँहरुका सन्तानले यसलाई अमूल्य नीधिको रुपमा लिनेछन् । यसलाई तपाइँहरुले निरन्तरता दिदै जानुहोस् । मेरो तर्फबाट शुभकामना छ ।

**इसिलिम:** ***इसिलिम मार्फत सम्पूर्ण पाठकहरुलाई कुनै सन्देश दिन चाहनु हुन्छ कि ?***

दुईवटा कुरा मलाई भन्न मन लाग्छ । पहिलो हो, हामी किरातीहरु चाहिँ साह्रै बढी भावनामा बग्ने गर्छौ । भावनामा बग्न जरुरी छैन । हामीले व्यवहारिक भएर लाग्नु पऱ्यो । भावनामा बगेर मात्र हुदैन । आफूसँग भएको साधन श्रोतको सदुपयोग गर्नु पऱ्यो । त्यत्ति ठूलो मन पनि गर्नु हुदैन । हामी ठूलो मनका छौं, हामीसँग केही नहोस् तर हाम्रो भावना अत्यन्तै ठूलो छ । यसलाई सकारात्मक रुपमा नै लिनुपर्छ । तर नकारात्मक रुपमा चाहिँ कस्तो छ भन्दाखेरि विभिन्न ठाऊँहरुमा बस्दै अलग अलग मातृभाषा बोलिआएकाले होला हामी राईहरु चाहिँ साह्रै एकलकाँटे स्वभावको छौं, साह्रै अप्ठेरो छौं । त्यसकारण म त सधै के भन्ने गरेको छु भने 'राईहरुले सगरमाथा भत्काए भन्दाखेरि कुनै आश्चर्य हुने छैन । राईहरुले अर्को सगरमाथा उभ्याए भन्दापनि कुनै आश्चर्य हुने छैन ।' यसको मतलव दशजना राईहरुले दश काम गर्न सक्छन् सजिलै, तर दशजना राईले एउटा काम गर्न भने गाह्रो हुन्छ । म के भन्छु भने एउटा राईले अर्को राईलाई मद्धत गर्नुपऱ्यो । यदि मद्धत गर्न नसके पनि विरोध नगरे भैगो नि । यत्ति नै भन्छु म 'मद्धत गर्नुहोस, सहयोग पऱ्याउनुहोस, सक्नु भएन भने विरोध नगर्नुहोस्' । तर हाम्रो स्वभाव चाहिँ के छ भने मद्धत गर्नुको सट्टा एउटा राईले अर्को राईको विरोध गरिरहेका हुन्छौं । एकले अर्कोको विरोध गर्नु जरुरी छैन । ताकि हिँड्नेले आफ्नो बाटो सजिलै हिँड्न सकोस् । सके एकले अर्कालाई मद्धत गरौं, नसके चुप लागेर बस्ने बानी बसालौं । तर विरोध मात्र चाहिँ नगरौं, त्यति भए पुग्छ । **मूचि ।**

## हार्दिक श्रद्धाञ्जली अर्पण

यही भाद्र महिनामा दुमीकिरातराईका तायामी सप्तेश्वर चिउरीखर्कवासी **श्री रत्नबहादुर सत्म राई**को स्वर्गारोहण भएकाले उहाँको स्वर्गीय आत्माले चिरशान्ति प्राप्त गर्न सकोस् तथा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्न पारुहाङ्ग नायमले शक्ति प्रदान गरुन् भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

*- दुमीकिरात राई फन्सिकिम केन्द्रीय कार्य समिति*

## चोमीलाई चिट्ठी

सेप्टेम्बर ११, २००५
बोस्टन

स्नेही बुनु,
शुभ आशिष ।

हिजो झै लाग्छ । Greater Boston Nepalease Community (GBNC) ले नव वर्ष २०६० सालको शुभोपलक्षमा, एक्योनी हलमा आयोजना गरेको कार्यक्रममा, हाम्रो भेट भएको / अनि बढो चाख मानेर हाम्रो घर, पाहा, थाक थलोको बारेमा तिमीले जानकारी लिएको / यहा आई पुगेको डेढ महिना बिति सक्दा पनि हामी पति पत्नी दुवैले नोकरी पाई नसकेको कुराले तिमीलाई चिन्तित बनाएँको / नोकरीको लागि पहल गरी गरी दिने आश्वासन तथा हौसला दिदै कुनै सहयोगको आवश्यकता भए आफ्नै सम्झी भन्नु भनेर हामीलाई आग्रह गरेको / कति आफ्नोपनले भरीपूर्ण हरि तिम्रो त्यो निश्छल मन / त्यो क्षणको सम्झनाले मात्रै पनि मन आनन्दित हुन्छ /

क्रमश: हाम्रो भेटहरु बाक्लिदै गए / प्रत्येक आइत बार हामीसंगै बिताउदै तिमी, हाम्रो पारीवारिक सदस्य बन्न पुग्यौं / तिम्रो भौजु र मलाई हुर्केर विवाह योग्य भएको चोली तिमीलाई देखेर चिन्ता लाग्थ्यो / त्यसैले कहिले हस्त भाइलाई त कहिले गणेश तिम्बुलाई ज्वाइको रुपमा हेर्न गर्थ्यौं / तर तिम्रो मनमा के छ? भनेर सोध्ने ताकत गर्दै थियौं / हामीलाई के थाहा तिमीले हाम्रो चिन्ताको अन्त्यको पनि व्यवस्था गरी सकेकी थियौ भनेर /

तिम्रो मगनीको रितभात बोकेर हाम्रो घरमा कुटुम्बहरुको आगमन भयो / यो सात समुद्र पारी अर्काको मुलुकमा पनि आफ्नो सजातीय कुटुम्बसंग, तिम्रो मगनी देखि बिदाई सम्मका क्रिया कर्महरु आफ्नै धर्म, संस्कार, रिति रिवाज अनुसार सम्पन्न गरिएको थियो / त्यो क्षणले हामीलाई आफ्नै मातृभूमी स्थित पाख्री, पखेरी, देवी, धौरानी जस्ता रहेको आफ्नो रमणीय गाउमा भएको महसुस गराएको थियो / त्यो कार्यक्रम सामयानुकूल गरी हामी सबैले बिर्सेका थियौं / हामी विदेशी भूमीमा छौं भनेर / कति प्यारो र महत्वपूर्ण छ हाम्रा आफ्नो धर्म, रिति रिवाज, संस्कार, र संस्कृति । जसको अनुभूतिले मात्रै पनि मानिसको मन हर्षविभोर हुन्छ / यो हाम्रो गौरवमय धरोहरको संरक्षण गर्ने महत्त जिम्मेवारी हाम्रो आफ्नै हो / अरु कसैले गरी दिदैन / यो बिना कुनै पनि व्यक्ति, समुदाय, आफ्नो वैयक्तिक र सामुदायिक परीचय विहिन हुन पुग्छ, भन्ने कुरा बुझेकी तिमीले यो अमेरिकी भूमीमा आफ्नो धर्म, रिति, रिवाज र संस्कारको अभ्यास गर्ने जुन ऐतिहासिक अवसर हामीलाई प्रदान गर्यौ / त्यसको निम्ति तिमी र ज्वाइलाई जति धन्यवाद दिए पनि कम नै हुन्छ /

हामीलाई हर्ष लागेको छ कि ज्वाइ सज्जन पाएका छौ । तिम्रो हरेक सुख सुविधाको ख्याल अवश्य नै विचार पुर्याउनु हुनेछ / तिमीले पनि ज्वाइको भावना बुझेर हरेक काम गर्नेछौ भन्ने कुरामा विश्वस्त छौं / यद्यपी मनै त हो । कहिले काहि दुख्न सक्छ । बोलीको अदृष्य धारले चोट लाग्न सक्छ / त्यस्तो अवस्थामा एकले अर्कालाई माया ममताको मलहम लगाउनु । पिडाबाट मुक्ति मिल्छ । मनको कुनामा माया चुलिदै जान्छ । तब तिम्रो यो पारीवारिक संसार सुखै सुखले भरीपूर्ण हुन्छ / सबैको लागि राम्रो कामना गरेर /

अन्त: तिम्रो सपनाको राजकुमार, जो क्यालिफोर्नीया देखि यो बोष्टनसम्म सेतो घाडपङ्खी घोडामा आएर तिमीलाई हामीबाट खोसेर लानु भयो / उहाँलाई हामी सबैको नमस्कार भनी दिनु / लौ त लौ नु ! लेखाइमा भुलवश संवित पुगेका त्रुटीहरु सच्याएर पढ्ने छौ भन्ने आशा गर्दै, मेरो यो आज्ञाकारी कलमलाई यही छुट्टी दिन्छु । अस्तु

तिमीलाई माया गर्ने
दाजु

धौलबीर राई
Dhaula Bir Rai
15 Sargent Ave # 2
Somerville MA. 02145
USA.



डिसेम्बर १८, २००४ मा सम्पन्न राधिका यामफाङ राइ र निर्मल नाम्फिरीङ राईको मगनी, बाइमुको ढुंगाउनी कार्यक्रमको तस्वीरहरु




**बिजयादशमी तथा दिपावली -०६२** को सुखद उपलक्ष्यमा समस्त महानुभावहरुमा सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तरसमुन्नतिको *हार्दिक मंगलमय शुभकामना* व्यक्त गर्दछौं ।

**ब्लु बेल ईङ्गलिस् बोर्डिङ्ग स्कूल**

फोन: ९७७-१-२०४१४८३

शान्तिनगर, काठमाण्डु

# हार्दिक श्रद्धान्जली







जन्म मितिः १९७७/१/१५  स्वर्गारोहणः २०६१/९/२९

## स्व. श्री खड्ग बहादुर राई

हामा पुज्यनीय पीताज्यूको यहि २०६१-९-२९ गते ८४ बर्षको उमेरमा स्वगरोिहण हुनु भएको हुदाँ उहाँको मृतात्मालाई शान्ति मिलोस भनि हामी स-परिवार भगवानसँग प्रार्थना गर्दछौ । साथै यस दुखद घडीमा हामीलाई सहयोग र सान्त्वना दिनुहुने समस्त आफन्तहरुमा हार्दिक धन्यवाद टक्राउँछौं ।

**प्रार्थी:**
श्रीमती दिल माया राई

**छोराहरू**
श्री मनि प्रसाद राई
श्री भीम प्रसाद राई

**बुहारीहरू**
श्रीमती समला राई
श्रीमती शोभा राई

**छोरीहरू**
श्रीमती कुमारी राई
श्रीमरी शोभा कुमारी राई
श्रीमती हेमा देवी राई

**ज्वाईहरू**
श्री मदन बहादुर राई
श्री राम धन राई
श्री शिव कुमार राई

**नातीहरू**
किसान राई  शुलभ राई
मिलन राई  श्रमीट राई
विमल राई  खगेन राई

**नातिनीहरू**
प्रतिभा राई  नमिता राई
सुनिता राई  मनिता राई
चन्द्रकला राई  बीना राई

# हार्दिक श्रद्धान्जली







जन्म मितिः १९९७/१/१६  स्वर्गारोहणः २०६२/२/१२

## स्व. श्रीमती जुरीमाया राई

हामा पुज्यनीय एमा(आमा)/पिपी(बजु)को यहि २०६२ जेष्ठ १२ गते, ६५औं बर्षको उमेरमा स्वगरोिहण भएकोले उहाँको मृतात्मालाई शान्ति मिलोस् र शोकाकुल भएका हामा परिवारजनमा सुम्निमा, पारुहाङ र नायमले धैर्यधारण गर्ने शक्ति दिऊन भनी प्रार्थना गर्दछौं । साथै यस दुखद घडीमा हामीलाई सहयोग र सान्त्वना दिनुहुने समस्त आफन्तहरुमा हार्दिक धन्यवाद टक्राउँछौं ।

**प्रार्थी:**

**छोराहरू**
टंक दुमीराई
असार दुमीराई
बवि दुमीराई
काशीराज दुमीराई
चतुरमान दुमीराई

**बुहारीहरू**
भरुमाया राई/मित्र कुमारी राई
कुमारी राई
आशिस राई
कमला राई
दुर्गा राई

**छोरीहरू**
रहमाया दुमीराई
सरिता दुमीराई
विना दुमीराई

**नातिहरू**
दिल कुमार दुमीराई
प्रदिप दुमीराई
गौतम दुमीराई
एलन दुमीराई

**नातिनीहरू**
उर्मिला दुमीराई
रिता दुमीराई
गीता दुमीराई
अमिता दुमीराई
सुजन दुमीराई
एलिना दुमीराई
अनुषा दुमीराई

# ओपो देल माखिपा



- भिम हलक्सु दुमी राई, माखिपा–६,नोरोकु चारीदेल

आफ्नो इंकिपो चुचुहाम् लाम्दीजा दुंकुलु बिका हाम्पीयुम् ए आक्सा बात्तीम्ग । मिहिसोका माम्वी हाम्हल आक्सा तेयो छेको छेको बाक्साने आसु यो हाम्मामुनो । मोनोखो यो दुस्पी हाम्आ बात्थत्नी । लाम्दिजा बि तुक्ली बुर्खुम गए आशातावा सिम्पानी आक्तिम् देलबी माम्वी डिबुपेल आक्सा तुक्ली मए । माम्पो स्वाक्ली चुनु मुई ए तुक्ली पो नु रुमरुपु खेमपो नु पालुम् । पालुमपो चाचा चुहाम माम लाम्दीजा तुबीङा हाम्म छ । माम्मु तेयो लुप्पो हाम्आस्ता ।

मना रुमरुमुपो उचु मधुआपापो यो स्वाक्ली चु छुकुम गछ । दुस्पीम्पो नु गान्पा छारुम्पो नु रतेपा । गान्पा आ तुक्ली ख्लिबा, घल्सा फाफु यो तुल्सो आ लाम्दीजाबी ङा किम मुम गछ । गान्पा आ किम मुम दोक्तीयोने रतेपा आयो किम मुना लछका उ पेपेपो किम चिनो बि उम्आयो किम व्याक्तु छ । किम चिनो बिङा किम छुकुयो उ पेपे पो किम लाम्का सुर्कि मुर्कि हाम बास्सो येछ । मोसोका उकिम्बि सुर्कि मुर्कि यीना भारा फुर्कु धामु छुना छुकुयो ने छारुम उ वा वा पो नु ङिचु छ । मना ओ पेपे आनिमु मिहिम ? किम चिनो बिङा गोता त्यसोका सुर्किमुर्कि आकाइस्तानीम आस्थीङ छ । मामपो याना आ गान्पा आ खेम थाम्पु बी खुचुका किम मुइसी छ । मामबी यो मोसोङा रतेपा हुपाचुका किमचिनो बि किम व्याइसी छ । मोसोका उ छारु आ खमु खुस्ता माया मायाङा दिःना मालित्नम आ तुक सिनाम गान्पा आ किम बि अन्चो कायो आचु ए सेन्दा ताम ओ वाआ ताम्बीमुनाका जुना आबिक्तीनछ खमु खक्ती खोयो हखुस्ता आबो ताम थाम्पु लोन्खन्नाका चन्ना छुक्ता । आशाला दिश्यङा फुक्तीका ताम इंकि माखी ख्लीवा कायो खानुक्सा थाम्पु लम्सो खुस्ती आनीआ आशुकायो यो मावाना दिष्यङा माम फाफु लुचुगोबी चुप्नाका दुमोङा बप्ससी ब्यान्खन्ना आङ तुक्ली घल्सा मिफु हुत्तोका धुम्तुती माम लाम्का बप्ससी जुसो फाफु उक्नु यो मुनु सु गोताम दु मिफुमा छुक्नु यो मुनु लुदुछ ।

मका आशाला दिश्यङा फुकीका गान्पा आ माखी ख्लीवापो मिरीबी तुक होबो पुःऊ पुखन्दुछ । माम माखी लाम्दीजा दुङकुलु लाम्का लामथियु । उ य य गान्पा अन्चो कायो लामथियु छ । माखी ख्लीवा यो लामथीसो लामथीसो दारेगौंडा हिती ताइसीतो खुचु छ । खुचु खुचु यो ने रुवाकु ब्लब्लकु हेम्दुछ (माम दुबि रावाकु भारा सोसेलआ खप्तुम्ग ए) का बेप्ला देल खोती खुङुछ माम लामका ताया पियु ने घल्सा घल्सा ल्यावक्सी पो फारहाम व तिदुछ । माखी पो य य गान्पा आ यो दित्थत्ता । मकाने माखी आने माम ल्यावक्सी पो फार बी नम्सो धुसो मु छ । मो मुथदियो गान्पा हुपाचु छ का माखी कायो सिङ छ मना माखी आङ दयार्सा थाम्पु तामबिङा ? माखी आ फ्राक्सो नम्सो मुइसी ए । माम्लाम्का गान्पा आ सिङ ए मना माखी आङआ ताम्वी किमने मुइस्तु मना आङआ कङकु खम्वीम तुङना लुदुका सिङ ए मोयो माखी बुल्सो बुल्सो खुचुका आशातावा कंकु पुत्ताम बि फ्राक्ती ए माम्बीङा कंकु लन्चु ए माम लाम्का माम्बिङा किम्सु खुन्दुका किम नाम मुइसीम ए । मका माम गान्पापो माखी ल्खीवा आ मुःरु तुम्दीका छेन्दुम थाम्पुका माखी थाम्पु हाम्आचुम् ए माम्लाम्का ङा आशातावा माखीपा माखीपा छुक्सो माकिपा माकिपा लाम्का माक्पा छुकुम ए हाम्आस्ता ।

मना माया उ वा वा यो तुक सक नुलुने पे पे पो किम बी फाफु यो उक्थीङता मिफुमा यो लइस्थींता आस्सो म ज छ माम्पो उ सुक नुलुलाम्काने उ पेपेपो किम बी मिफुमा यो लइस्तान फाफुयो उक्तान । मना ताम ओ पेपे खमु खुचु मका आस्सो रतेपा आ उ अन्चोकायो सिङ छ । ए अन्चो मना आ तेतेउपो किम्बीने मो छुकु खुचा खुचा सेन्ह सेन्ह लुदुछ अन्चो बुल्सो खुस्तायो ने फाफु यो मिस्वाक्ताम लुचुबिङा । मिफुक्तायो पुःऊ तुङा माम अन्चोआ दोक्तु का रतेपा कायो आचुछ तेतेउ पो किमबीने फाफुयो मिस्वाक्ता मिफुयो मिस्वाक्ता । रतेपा आ नु वि मिम्सी छ ए ताम ओ पेपेने आङ लुखुचोका व चन्चु छ खमु खुचु त । माम लाम्का उ पेपे लम्सो मुःरु तुम्सो लामथियु छ । खिरसितो खिरसितो खुचुयो ने उ पेपे पो किम तिद्देतु छ । मामबी यो मना ओ पे आनीने महिम व आलुखुचोम आस्सो लु आङ यो ताम्बीङा मो तो आचुका किम ब्याइसीका म छ माम गान्पा कायो रतेपा पो उ चाचा योयो हाम ङा आशाताबाम हलक्सु, खारुबु, वालाक्पा कायो हजुर पाछा ए माका । मूची ।

## शब्द– अर्थ

| | | | |
|---|---|---|---|
| आफ्नो | = उहिले | तुबी | = मास्तीर |
| दुंकुलु | = दुमीढुंगा | हाम्म | = बसेछन |
| बिका | = देखि | माम्मु | = तिनिहरु |
| हाम्पीयुम | = आएको | मना | = अनि |
| ए | = अरे | चु | = बच्चा |
| आक्सा | = भन्ने | छुकुम | = भएको |
| बात्नीम | = म भनेका | गछ | = रहेछ |
| ग | = थिए | छारुम | = कान्छो |
| मिहिसोका | = कसरी | ख्लिबा, | = कुकुर |
| माम्बी | = त्याँहा | घल्सा | = ठुलो |
| हामहल | = आइपुगे | फापु | = भाले |
| तेयो | = अहिले | तुल्सो | = पाल्दै |
| छेको छेको | = खुरु खुरु | ङा | = नै |
| वाक्साने | = भन्ने त | किम | = घर |
| आसु | = कोही | मुम | = बनाको |
| यो | = पनि | दोक्तीयोने | = देख्दा त |
| हाम्मामुनो | = छैनन् | आयो | = लेपनि |
| मोनोखोयो | = तैपनि | लछका | = लागेछ |
| दुस्वी | = जेठोपाको | पेपे | = दाजु |
| आ | = ले | पो | = को |
| बात्थत्नी | = भन्दैथिए | चिनो | = मुनी |
| बि | = मा | उम | = उस्ले |
| तुक्ली | = एउटा | व्याक्तु | = लायो |
| लु | = ढुगा | छुकुयो | = हुदा |
| बुर्खुम | = ओडार | लाम्का | = बाट |
| गए | = थियोरे | सुर्किमुर्कि | = जुठो पानी |
| आशातावा | = आजकल | बास्सो | = चुहिदै |
| आक्तिम | = भनिने | यछ | = झरेछ |
| देलबी | = गाउँमा | मोसोका | = त्यसरी |
| मए | = थियोरे | यीना | = आउनु |
| मामपो | = उनको | झारा | = सबै |
| स्वाक्ली | = दुइटा | फुर्कुधामु | = फोहरमैला |
| चुनु | = छोरादुइ | छुना | = हुनु |
| मुईए | = थिएरे | छुकुयो | = हुदा |
| पो | = क | वा वा | = भाई |
| नु : | = नाम | नु | = नाक |
| खेमपो | = अर्को | ङिचु | = दुख्यो |
| चाचाचुहाम=नातीनातीनाहरु | | आनिमु | =तपाइ/ तिमि |
| माम | = त्यो | मिहिम | = कस्तो ? |

| | | | |
|---|---|---|---|
| बिङा | = नै | खानुक्सा | = राम्रो |
| गोता | = छ | लम्सो | = खोज्दै |
| त्यसोका | = यसरी | खुस्ती | = जाउँ |
| आकाइस्तानीम=फयाक्छौ | | आनी | = त |
| आस्थीङ | = भन्थीयो | आशुकायो | = कसैसँग |
| याना | ='अफठयारो" | माबाना | = नभन्नु |
| खेम | = फाल्टो | दिष्यङा | = बिहानै |
| थाम्पु | = ठाउँ | लुचुघोबी | = डोको भित्र |
| खुचुका | = गएर | चुप्नाका | = छोपेर |
| मामबी | = त्याहा | दुमोङा | = धेरैनै |
| मोसोङा | = त्यसरीनै | बप्ससी | = झुमकै |
| हुपाचुका | = पुगेर | ब्यान्खन्ना | = हल्दीनु |
| किमचिनो | = घरमुनी | आङु | = म |
| खमु | = कता | घोल्सा | = ठुलो |
| खुस्ता | = जान्छ | मिफक्ता | = अगुल्ठो |
| माया मायाङा | = त्यता त्यतै | हुत्तोका | = ल्याएर |
| दिना | = पछयाउन | धुम्तुती | = फुकिराखु |
| मालित्लम | = नछाडेको | लाम्का | = बाट |
| तुक | = एक | जुसो | = खादै |
| सिनाम | = रात | उक्नुयोमुनु | = बासीरहोस |
| अन्चो | =घर्ती(भुजेल) | सु | = दाउरा |
| कायो | = सगँ | मिफुमा | = धुँवा |
| आचुए | = भन्योरे | छुक्नुयोमुनु | = भईरहोस |
| सेन्दा | = हेर | लुदुछ | = भनेछ । |
| ताम | = यो | मःका | = त्यसपछि |
| ओ | = मेरो | फुकीका | = उठेर |
| वा | = भाई | मिरी | = पुछार |
| ताम्बी | = याहा | तुक | = एक |
| मुनाका | = गरेर | होबो | = अजुली |
| जुना | = खानु | पुःऊ | = खरानी |
| आबिक्तीन | = दिदैन | पुत्खन्दुछ | = बाँधेछ |
| खक्तीखोया | = जाँदापनि | लाम्का | = बाट |
| हखुस्ता | = आइहाल्छ | लामथियु | = हिड्यो |
| लोन्खन्ना | = छाड्दिएर | उ य य | = उस्को |
| चन्ना | = भाग्नु | हिती | = उधो |
| छुक्ता | = पर्छ | ताइसीतो | = झर्दै |
| आशाला | = भोली | खुचु | = गयो |
| दिश्यङा | = बिहानै | खुचुखुचु | = जाँदा जाँदा |
| फुक्तीका | = उठेर | रुवाकु | = रावाखोला |
| इंकि | = हाम्रो | हेम्दुछ | = नाघेछ |

| | | | |
|---|---|---|---|
| रावाक् | = रावाखोला | माम्बीङा | = त्यहिनै |
| सोसेल | = लहरा | लन्चु | = निस्कियो |
| खप्तुम | = छोपेको | किम्सु | = घर खाँबो |
| देल | = गाऊँ | खुन्दुका | = गाडेर |
| खोती | = माथि | किम नाम | = घरबार |
| खुङ्छ | = उक्लेछ | मुःरु | = गन्ध |
| ताया | = यता | तुम्दीका | = पैलाएर |
| पियु | = आयो | छेन्दुम | = चिनेको |
| घल्सा घल्सा | = ठूलो ठूलो | आचुम | = भनेको |
| ल्यावक्सी | = केरा | छुक्सो | = हुदै |
| पो | = को | माया | = उता |
| फार | = फेद | सक् | = दुई |
| व | = पो | नुलुने | = दिन त |
| तिदु | = भेटेछ | मज | = बसि राख |
| य य | = पछि पछि | सुक | = तीन |
| दित्थत्ता | = पछ्याउदैछ | नुलुलाम्काने | = दिनबाट त |
| मकाने | = अनि त | लइस्तान | = निस्किदैन |
| नम्सो | = सुघदै | उक्तान | = बास्दैन |
| धुसो | = खन्दै | खमु | = कता |
| मुइसी | = गऱ्यो | खुचु माका | = गयो त |
| मो | = त्यसो | तेतेउपो | = बडाबाबुको |
| मुथदियो | = गर्दै गर्दा | किम्बी | = घरमा |
| हुपाचु | = पुगेछ | छुकु | = भयो |
| का | = र | खुचा खुचा | = जा जा |
| सिङ् | = सोध्यो | सेन्दा सेन्दा | = हेर हेर |
| आङ् | = मलाई | बुल्सो | = कुददै |
| द्यार्सा | = सुहाउने | खुस्तायो | = जाँदा |
| तामबिङा | = यहाँ नै | मिस्बाक्ताम | = मरिराखेको |
| फ्राक्सो | = खोर्सदै | लुचुबिङा | = डोकैमा |
| ताम्बी | = यहाँ | तुङा | = मात्र |
| आङआ | = मैले | दोक्तु | = देख्यो |
| कङकु | = पानी | रतेपाकायो | = रतेपासँग |
| खम्बीम | = कहाँको | आचु | = भन्यो |
| तुङना | = पिउनु | नुःबी | = मनमा |
| लुदुका | = भनेर | मिम्सी | = सम्झी |
| मोयो | = त्यहीबेला | लुखुचोका | = छाडेर |
| बुल्सो बुल्सो | = कुद्दै कुद्दै | लम्सो | = खोज्दै |
| खुचुका | = गएर | मुरुतुम्सो | = गन्धपैलाउदै |
| पुत्ताम | = पलाउने | खिरसितो खिरसितो | =घुम्दैघुम्दै |
| फ्राक्ती | = खोर्स्यो | खुचुयो | = जाँदा त |
| तिद्देतुछ | = भेटिहालेछ | | |
| आलुखुचोम | = छाडेको | | |
| आस्सो | = भन्दै | | |
| मो तो | = बस्छु | | |
| म छ | = बसे छ | | |
| योयो | = पनाती खनाती | | |

- मूची

# समय



*- शुभ लक्ष्मि राई, बाक्शिला ८ अंखा*

समय निश्चीत रूपमा चलिरहन्छ
कसैलाई पर्खिदैन
दिन दिनै फरक बनाउदै लैजान्छ
हाँसो र रोदन के हो छुटाउँदैन
क्रमश यसरी समय चलि रहन्छ

गर्नु पर्ने र नगर्नु पर्ने केही जान्दैन
लानु पर्ने र छोड्नु पर्ने थाहा पाउँदैन
न कसैले रोकेर रोकिन्छ
न कसैले छेकेर छेकिन्छ
आउँछ र जाँन्छ निरन्तर
त्यसैले समय चलिरहन्छ

अविश्रान्त बगिरहनु उसको धर्म हो
आउनु र अवसर दिनु उस्को कर्म हो
न कसैले धम्काएर डराउछ
न कसैले सम्झाएर बिसाउँछ
सदा एक सुरमा चलिरहन्छ
हो सदा सदा एक सुरमा चलिरहन्छ ।

- मूचि

# किरात मुन्दुम र संगीत



- जीतेन राई

प्राचीन मानव सभ्यताको सन्दर्भलाई केलाउदा किरात सभ्यताको कुरा पनि उठाउनु पर्ने हुन्छ । सिङ्गो किरात इतिहास र सभ्यताका विभिन्न पक्षहरु मध्ये संगीत एक महत्वपूर्ण एउटा पाटो हो । संगीत मानव जीवनको अभिन्न पक्ष भएकोले समय, परिस्थिति र भौगोलिक विविधता अनुसार मानव विकास क्रमसँगै किरात खम्बुहरुले दैनिक जीवनमा क्रमश: आविस्कार र प्रयोग गर्दै आएका गीत संगीतका बाद्य सामग्रीहरु :–

## १. सुसेली (सुईसुईला)/मुख सुलेली

मानव चेतना सँगसँगै किरातीहरुले सुसेलीलाई मिठो संगीतको धुनको रुपमा अप्नाएको देखिन्छ । सुसेली कुनै वस्तुको सहायता बिना मुखले मात्रै पनि लयात्मक ढङ्गले प्रयोग गर्न सकिन्छ भने मुखमा हातको औँला प्रयोग गरेर टाढा-टाढासम्म सांकेतिक आवाज पनि प्रयोग गर्न सकिन्छ ।

## २. पात :–

किरातीहरुले सुसेलीको प्रयोगपछि बोट विरुवाको पातलाई दोवारेर औंलाको सहायताले मुखमा राखी फुकेर निकालिएको आवाज सुन्दर ढंगले गीतको लयमा बजाऊँदै आएको देखिन्छ ।

## ३. पुं/भूँ (जनावरको सिंङ्ग)/भैंसीको/अर्ना भैसीको

किरातीहरु जहिलेदेखि मांसहारी भए त्यहीं युगदेखि शिकार खेल्न थाले र त्यहिँ शिकार खेलेको जनावरको सिंङ्गको टुप्पो काटेर सानो प्वाल पारी मुखले फुकेर एउटा संगीतको धुन आविष्कार गरे ।

### ४. *(क) यलम्बर बाजा :–*

किरातीहरुले विकाशको खुट्किलाहरु पार गर्दै जाँदा बाँसद्धारा विभिन्न बाजाहरुको निर्माण गर्दै गए । फलस्वरुप बाँसको दुवैतिर नछेडेको ढुँग्रोको माथिल्लो सतहमा परेन्जो आकारको दुईवटा डारो खिपेर बाहिर निकाली दुवैतर्फ दुईटै डोरोलाई फेसोको सहायताले तन्काएर त्यसमा एउटा सानो बाँसको चोइटा च्यापेर हातको औंलाले बजाएर मादलको जस्तै आवाज निकाल्ने यो बाजाको आविस्कार गरे ।

### *(ख) विनायो :–*

यो बाजा पनि बाँसको एक प्रजाती मालिङ्गोद्धारा निर्मित किरात वस्तिहरुमा लोकप्रीय बाजा हो । मालिङ्गोको कप्टेरोलाई विचमा खिपेर एउटा वा दुइवटा सानो जिब्री निकालिन्छ र यसको एक छेउमा धागोको डोरीले बाँधि ओठको छेउमा लगेर साससँग झड्काईन्छ र विभिन्न प्रकारको लयात्मक लोक भाकाको धुनहरु निकालिन्छ ।

### *(ग) मुरली (जोरमुरली)*

यो मुरली बाजा पनि बाँस र मालिङ्गोद्धारा नै बनेको हो । सानो बाँसको ढुँग्रोलाई ६ वटा प्वाल पारिन्छ एकातिर काठको ठेडी लगाई मुखले फुकेर र हातको औंलाहरुले उक्त प्वालहरु चालेर मीठो धुन निकाली बजाइन्छ ।

### *(घ) बाँसुरी :–*

बाँसुरी मुरली भन्दा केही भिन्न हुन्छ, यसकमा जम्मा ७ वटा प्वालहरु हुन्छन् । एउटा मुखले फुकिन्छ भने ६ वटामा हातको औंलाहरु चालेर बजाइन्छ ।

### *(ङ) विम्विलीमा (पिपिरी)*

यो बाजा बाँसको प्रजातीबाट पनि बनाइन्छ र खास गरि गहुँ, जौं, धान, उवा आदिको ढुंग्रो भएको नलबाट एकापट्टि जिब्री बनाई नलको बीचमा इच्छा अनुसारको प्वाल पारी मुरली जस्तै फुकेर बजाइन्छ ।

## (५) ढोल (केन/बाह्राध्योला/थुलु)

यो बाजा शिकारी युगदेखि नै किरातीहरुले तालबाजाको रुपमा आविष्कार गरेको देखिन्छ । काठको ठुलो ढुँग्रोलाई दुवैतिर जनावरका छालाले मोहरेर छालाकै तानाले तन्काई काठको गजाले बजाइन्छ ।

## ६. ढेंग्रो /द्याँग्रो

ढेंग्रो पनि छाला र काठद्धारा बनाइएको विशेष प्रकार को आध्यात्मिक कार्यको बेला माङपा/नोछुङ्ग (धामी विजुवा) हरुले बजाउने बाजा हो । यसको समाउने भागलाई मुर्रा भनिन्छ भने मालिङ्गोको तीन ठाँउ बाङ्गिएका जरा वा कुकुर दाईने नभए वेत बाँसको बाङ्गो गजाले बजाईन्छ ।

७. किरातीहरुले धातु प्रचलनमा ल्याएपछि आविष्कार गरेका बाजाहरु:-

*(क) झ्याम्टा* :– पित्तल/काँस धातुबाट बनाईएको चेप्टो आकारको एक अर्कामा ठोक्काएर बजाईने ढोलकोताललाई सहयोग पुऱ्याउने बाजा हो ।

*(ख) थाल* :– काँस धातुबाट बनाइएको झर्कैथाल ढेंग्रो जस्तै माङपा/नोछुङहरुले पनि आध्यामिक चिन्तनको बेला बजाउछन्। कतै-कतै रातको समयमा एकनासले बजाएर जंगली जनावरहरुलाई मोहित पारी शिकार पनि गरिन्छ । साथै यो थाल विविध कामको लागि पनि प्रयोग गरिन्छ ।

*(ग) सिलिमी* : – यो फलाम र चाँदीबाट बनाइएको एक प्रकारको बाजा हो । यो हातले हल्लाएर साकेला नाँचको बेला बजाइन्छ (हाल चाँदी प्रचलनमा छैन) ।

*(घ) मुर्चुङ्गा* :– यो फलामबाट बनाइएको सानो जिब्री भएको बाजा हो । यो बाजा दाँतमा ठोक्काएर सासको सहायताले औलाले बजाइन्छ । यसबाट पनि विभिन्न लयात्मक भाकाहरु निकाल्न सकिन्छ ।

८. गीत र गीतका भावहरु :–

*(क) रिसिया* :- मानव विकाश क्रममा किरातीहरुले किराती समाजलाई अनुशासित बनाउदै लैजादा नियम कानून "मुन्दुम" को निर्माण गरे त्यही मुन्दुम लयात्मक ढङ्गले वाचन गर्ने शैली हो रिसिया ।

*(ख) होल्छामा* :– यो ज्याँदै पुरानो लय मानिन्छ । यो लय गाएर पानी पार्ने, रुखको पात झार्ने जस्ता चमत्कारहरु गरिन्थ्यो भन्ने किवदन्ती पनि छ ।

*(ग) दोलोकुम्मा (दलकोम्दा)* :– यो गीत किरात खम्बुहरु साकेला नाँच्दैहिँड्दा बाटो र साकेलाथान वरिपरि फुलेका रङ्गिविरङ्गी फुल्नहरु ओइली सक्यो । त्यसैले हामी अव घर फर्किनुपर्छ भन्ने भाव बोकेको गीत वा लय हो ।

*(घ) हाक्पारे* :– यो गीतको लय पनि पुरानो हो । यो लयमा पुरानो कथा वस्तु पनि हुनसक्छ, । साथै मनका भावनाहरु पनि हुन सक्छन् ।

*(ङ) यारी* :– यो गीत विबाहको बेला केटापक्ष र केटीपक्ष वीच जुवारी पारामा गाइने गीत हो । यो गीत सुङखीम (जन्ती/पाहुना राख्ने अस्थायी घर) मा पनि गाइन्छ र पाहुना विदा गर्ने बेलामा पनि गाउन सकिन्छ ।

*(च) साईमाछाम* :– यो गीतमा खास गरी नारी जातीले जन्म र मृत्यु वीच जीवनले भोगेको विभिन्न पक्षहरुको ब्याख्या पाइन्छ । जस्तै :- नवै र महिना आमाले गर्भ, दशै र महिना जम्मै लियौ छ हैं र महिना काखैमा खेल्यौ, दुई र बर्षमा पाइला सार्‍यौ, पाँचै र वर्षमा चोलिया लायौ, पन्ध्र है वर्षमा विबाहै भयो, वीसै र वर्षमा सामर्थ्य भयौं,.............असी है वर्षमा थपक्कै बसी, घरले जाउ-जाउ वनले आउ-आउ खोइ मेलो सर्दैन ।

*(छ) साकेला/साकेवा गीत* :– यो गीत किराँतहरुले साकेला सिली (साकेला नाँच) जतिखेर आविष्कार गरे त्यहीं समयदेखि शुरु भएको देखिन्छ । सिली र गीतको एक अर्कामा घनिष्ठता नभए पनि सिलीको चरणहरुमा ढोल बनाउने ढोलेलाई आधार मानेर गाइएको देखिन्छ । जस्तै :–सोइ ढोले सोई अर्को ढोले खोइ (यो गीतको फुर्का हो) ।

माथि उल्लेखित गीतहरुको प्रकारको अलवा विभिन्न मत- मतान्तरहरु भएपनि किराँतीहरुले धेरै पहिलादेखि आफ्नै चाल-ढालमा किराती मूल्य र मान्यता अनुसार संरक्षण र सम्वर्द्धन गर्दै आएका नाँच, गीत र बाजाहरु :

(१) मारुनी नाच/मारुनी गीत - तिहारमा/बर्खान्त गर्दा नाँचिने ।
(२) रसिया (वेठी) - असारमा धान रोप्दा ।
(३) लौलैके भामा - विबाहको लागि पात टिप्न जाँदा गाइने भाका ।
(४) चुड्के - जुन सुकै बेला पनि गाउन सकिने ।
(५) ख्याली ताल - मारुनीको एउटा ताल ।
(६) ख्याली भाका - मारुनीको एउटा भाका ।
(७) रानी मादल - आकार र प्रकारले सबैभन्दा ठूलो हुन्छ यो मादल प्राय मारुनी गीतमा बजाइन्छ । आदि इत्यादी ।

९. साकेला सिली/तोसी/साकेवा सिली (नृत्य) :– यो सिलीको उत्पतिको बारेमा प्रसस्तै किंवदन्तीहरु भएपनि किरातीहरु पितृ र प्रकृतिपुजक भएको हुनाले पितृ र प्रकृतिकै सेरोफेरोमा रहेर सिकेका सिपहरुबाट सिली (नाच) उत्पति भएको देखिन्छ । सिलीको प्रकारहरु धेरै छन् । त्यस मध्ये केही सिलीहरु उदाहरणको लागि :–

(क) पारु सिली :- यो सिली नोछुङ/माङपाहरुले नाचिने सिली हो । यो सिलीको लागि ढोल बजाउने तरिका पनि फरक हुन्छ । थानमा ढोल छाँदिर दुबैतिर केन्छेरी ( विजुवाको सहयोगी) ले बजाउँछन् र विजुवा पारुखामा (मरेको पुर्खाहरु बस्ने क्षेत्र) जान्छ। विजुवा पारु गएको वेला समाउनुपर्छ। अनि चिन्डोको पानीले सोलोलो /सेलेले गरेपछि विजुवा त्यहाँबाट फर्केर आउँछ ।
(ख) मोछामा सिली/माङछामा सिली-साकेला जाने वेलामा मोछामा सिली गरेर निस्किइन्छ ।
(ग) खौलमा सिली/मोछामालाई शरण गर्ने सिली ।
(घ) परेवा सिली/परेवाको नक्कल गर्ने ।
(ङ) वापा सिली/भालेले भुँई खोस्रेको नक्कल ।
(च) नारावा/कंकरा सिली कर्‍याङ कुरुङ उडे भैं ।
(छ) कुपामा सिली /उपिया उफ्रिएको नक्कल ।
(ज) नाइमा सिली /नायमले जीवन भरी गरेको कर्महरु । जस्तै :- खेत बारीमा बाली लगाएको, बाली भित्र्याएको, तान बुनेको अभिनय, आदि ।

(झ) चुइमा सिली/ठूलो मान्छेको (सिको) नक्कल गरेर कपाल कोर्नु, ऐना हेर्नु, लुगा लगाउनु इत्यादि ।

(ञ) चाप्चा सिली/बाघको नक्कल गर्नु ।

(ट) पिरासिली/ मृग उफ्रे झै मृगको नक्कल ।

(ठ) शिकारी सिली/शिकारीको नक्कल ।

(ड) बाँत सिली/बाटो - तयामाको विवाह भएर जाँदा खक्चिलीप्पा माइतीले विदा गरेर बाटोदेखि फर्किदा र तयामाले बिदा भएर जाँदा दुबै पट्टीकोले नाँच्ने सिली ।

(ढ) नाकीमा सिली/वाइको (खोला देऊ) पुज्दा नाँचिने सिली, वाइको पुजा भनेको माइती, मावलीले चेलीको जय जन्म भएन, दुख बिमार भैरह्यो भने गरिदिने पूजा । यो सिली नोछुङ, माङ्पाहरुले नाँच्दछन् ।

(ण) रैका सिली/रैमा सिली भन्नाले धेरै प्रकारको सिलीहरु बुझाउदछ ।

माथि उल्लेखित सिलीहरु मात्र होइनन् । उपरोक्त सिलीहरु त उदाहरणको लागि मात्र हो । सिलीका विभिन्न रुपहरु हुन सक्छ । भौगोलिक बनावटको आधारमा पनि सिलीहरु फरक-फरक हुन सक्छन् । सम्पूर्ण किरात खम्बुहरुद्धारा नाँचिने नाँचमा बिर्सन नहुने र गर्व गर्नुपर्ने कुरा केछ भने यसमा लिङ्गको आधारमा, उमेरको आधारमा, नाता-साइनोको आधारमा, संख्याको आधारमा कुनै छेकबार छैन । ठूलो संख्यामा नाँचिने विश्वको जनजातिहरुको नाँचहरु मध्ये किरात राईहरुको साकेला सिली पनि एक हो भन्दा अत्युक्ति नहोला । त्यस्तै नेपालको पुर्वेली लोक गीत र लोक भाकामा आधारित गीतहरुको जननी (गीतको मूल श्रोत) पनि किरातीहरुको लयात्मक (Melody) गीत हुनु नै हो । **मूचि ।**


**बिजयादशमी तथा दिपावली -०६२** को

उपलक्ष्यमा समस्त महानुभावहरुमा

सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तरसमुन्नतिको

*हार्दिक मंगलमय शुभकामना* ब्यक्त गर्दछौं ।

**बेबिलोन नेशनल स्कूल**

फोन: ९७७-१-४४८१९७३/४४९८९०५

शान्तिनगर, काठमाण्डु


## जिउँदो लाश



*- शान्तिदेवी दुमी राई*

उठेर हेर जिउँदा लासहरु हो
कतै छ कि चिहान खन्नका लागि
अलिकति बाँकि जमिन
कारण मरिसकेकी आमा सँधै सपनामा सोध्नुहुन्छ
र भन्नु हुन्छ म मरेर पनि मर्न सकेकी छैन
मलाई ब्यर्थै लाज लाग्छ
मेरो श्राद्ध त यहीँ गरिसकेका थिए
तर पनि काशी जान छाडेनन्
यिनीहरु जिउँदा कंकाल हुन्
भित्र भित्रै खोक्रिएर ढल्न लागिसकेका
आधारहरु........
यिनीहरु ढलेको दिन
मेरो शरीरमा अर्को घाऊ बनाउने छ
अलिकति पनि बाँकि छैन
फेरि त्यो चर्को घाऊ खै कहाँ बनाउने हो कुन्नि ?
जे होस् ठिकै छ
म आमा हुँ सजिलैसँग सहनु पर्छ मैले ।

मुचि ।

## मेरो माक्पा गाउँ



*- सरस्वती दुमीराई*

माखिपा कुकुरले रोजेको मेरो गाउँ
त्यसैबाट राखिएको माक्पा भन्ने नाउँ
वरिपरि ध्यान मग्न डाँडाहरुले सजीएको रमाईलो मेरो गाउँ
विहान देखि बेलुकी सम्म झलमल्ल
लागि रहने पहारीलो मेरो गाउँ ।
यहिबाट पूर्वतिर चिलिमढुङ्गा देखिने
यहिबाट दक्षिणतिर जाजुडाँडा देखिने
दाहिने कोखातिर छहरा बनी बग्ने बन्चरे
देब्रे कोखातिर छहरा बनी बग्ने छेन्तानी
तलतिर हेर्दा नागबेली बगीरहने
स्वच्छ र सफा मेरो रावा खोलाछनी ।
सबै जाती, परम्परा र संस्कृतिले
सजीएको मेरो माक्पा गाउँ पनि
सानो भए पनि सम्म परेको
मेरो माक्पा गाउँ छनी ।



# बज्रयोगिनीको वनभोज

- नृप दुमीराई

दुमी किरात राई फन्सिकिमले शब्दकोष निर्माणको लागि अर्थ संकलन गर्ने उद्देश्यका साथ ०६१ सालको दिपावलीमा देउसी कार्यक्रमको आयोजना गरेको थियो । अशोक दुमीराई व्यवस्थापन-संयोजन, सुजन राई यातायात र सुरक्षाको जिम्मेवारी धन प्रसाद राईले लिनुभएको थियो । देउसी कार्यक्रम लक्ष्मीपुजा र त्यसको भोलिपल्ट गरी दुई दिन सञ्चालन गरिएको थियो ।

हामीले देउसी खेल्ने कार्यक्रम बनाउदा यसको समापन पनि एउटा कार्यक्रमकै आयोजना गरेर गर्ने भन्ने सोच भए अनुसार दुमीराईहरुको पारिवारिक वनभोजको कार्यक्रम तय गरेका थियौं । वनभोजस्थल वज्रयोगिनी (साँखु) र मिति ०६१/०९/०३ निर्धारण गरी देउसी कार्यक्रमसँगै वनभोजको लागि टिकट बिक्री गर्ने काम पनि सुरु गरियो ।

तिहार सँगसँगै देउसी कार्यक्रम पनि सकियो । अब वनभोजको तयारीमा सबै जुट्यौ । तिथिमिति र स्थान पहिल्यै निश्चित भई सकेकोले टिकट बिक्री बितरण गर्ने अभियानमा सबैजना लाग्यौ । काठमाडौमा रहेका सम्पूर्ण दुमीराईहरुलाई समेट्ने हाम्रो उद्देश्य थियो र त्यही अनुसार सम्भब भएसम्म सम्पर्क गर्ने प्रयास गऱ्यौ । जतिजति पौष ३ नजिकिदै थियो उतिउति हामीलाई असारको पन्ध्र भईरहेको थियो । टिकट बिक्री, क्याटरीङ्ग ब्यवस्था, वनभोजस्थल बुकिङ्ग, प्रसंसा पत्र छपाई आदी गर्दागर्दै पौष ३ पनि आईपुग्यो । त्यस दिन बिहान ६ बजे नै संयोजक अशोक दुमीराई र टप कुमार वनभोजस्थल साँखुतिर जानुभयो । बाँकी रहेका हामी सातदोबाटोदेखि कोटेश्वर, शान्तिनगर, पुरानो बानेश्वर, गौशाला, चाबहिल, महाराजगञ्ज, बौद्ध, जोरपाटी आदि स्थानहरुमा भेला हुदै जाने सल्लाह अनुसार भेला हुदै गयौ । यो कामको जिम्मा उमेश दाइले लिनु भएको थियो ।

यता नेत्र सर र म गौशालास्थित रिजेन्सी सहकारी संस्थाको कार्यालयमा बसी आवश्यकता अनुसार जानकारी लिने दिने काम गरी रहेका छौ । कठिन यात्राका साथ दुमीरदुहरु चढेको गाडी करीब १० बजे साँखु पुग्यो । अब हामी पनि नेत्रसरको बाईकमा साँखुतिर हान्नियौ । हामी साँखु पुग्दा ११ बज्न लागेको हुनुपर्छ । साँखुको मुखैमा ईलाका प्रहरी कार्यालय रहेछ । त्यहाँ ड्यूटीमा रहेका एक प्रहरी जवानले हामीलाई सोधे " तँपाईहरु पिक्निकको लागी हो ?" सायद मेरो हातमा भएको (हण्डी) खवटा देखेर उनले अड्कल काटेका होलान् । हामीले हो भन्ने जवाफ दियौ । उनले हामीलाई केही अबरोध नगरी राम्ररी खानुहोला भन्दै जाने अनुमति दिए ।

हाम्रो बनभोजस्थल सबैभन्दा माथि र त्यहाँ पुग्न बसस्टपबाट करीब १५ मिनेट उकालो चढ्नु पर्ने रहेछ । पौषको जाडोमा पनि असिन पसिन हुदै हामी अन्दाजको भरमा उकालो लाग्यौ । शनिबारको दिन बज्रयोगीनी साँखुमा बनभोज जाने मान्छेको निकै ठुलो घुईचो लाग्दो रहेछ । त्यस दिन १२-१५ समुह त बनभोज जानेकै थियो, त्यसमाथि भाकल पूजा गर्ने, दर्शन गर्न आउने मान्छेहरु थपिदा त त्यहाँ मेला नै लाग्दो रहेछ । हामी त्यहाँ पुग्दा अघि पुग्नुभएका साथीहरुले सबै बन्दोबस्त मिलाई सक्नु भएको रहेछ । यतिनै बेला हामीले अतिथिका रुपमा निमण्त्रणा गरेका किरात राई यायोक्खा महासचिब श्री राज बहादुर राई तल फेदीमा आईपुग्नु भएको खबर आयो र चत्तुरभक्त दाईले उहाँहरुलाई लिएर आउनुभयो ।

करीब डेढ शयको संख्यामा दुमीराईहरु बज्रयोगिनी पुगेका रहेछौ । ३ बर्षको बच्चादेखि ७५ बर्षको बृद्ध समेतको वनभोजमा सहभागिता रहेको थियो । बज्रयोगीनीको त्यो बनभोजस्थलमा सबैभन्दा ठुलो समुह हाम्रै थियो । ठीक तल्लो खण्ड अर्को समुहका युबाहरु बिदेसी संगीतमा नाचिरहेका छन् । यस्तै अर्को समुह पल्लो डीलमा पप गीतमा रमाईरहेको छ । फोटो खिच्नेहरु पाखैभरी छरीएका छन् । यस्तै पप, हिन्दी, अग्रेजी गीतको बिचमा हामी बजाईरहेका छौ, भूपाल राईको रचना, जितेन राईको संगीत तथा जितेन राई र अन्य कलाकारहरुको स्वर रहेको उही सुमधुर कर्णप्रिय गित :-

*मट्टीको कशम सिरोपर तिन चुल्हा तिर्थधाम*
*हरबखत दाहिनो भई रहुन् सुम्निमा पारुहाङ्ग*

बिचबिचमा बिभिन्न परीकारहरु खाने क्रम संगै अब हामी मनोरञ्जन तर्फ लाग्यौ । सर्वप्रथम हण्डीफोर खेल सुरु भयो । यो हण्डी फोर्नु भने महाभारत नै भयो । ईच्छुक सम्पुर्ण महानुभनवहरुले ईच्छा भए सम्म दोहेऱ्याई-तेहऱ्याई गर्दा पनि हण्डी फोर्न सकिएको थिएन । हण्डी फोर्न जानेहरु कोही पाखातिर लाग्थे कोही डीलतिर । आँखामा पट्टी बाँधी तीन फन्को घुमाएर छोडिदिएपछिको दृष्य रमितलाग्दो नै हुने रहेछ । अन्तमा जसोतसो यो हण्डी फोरीयो । अब तम्बुला (बिङ्गगो), महिलाहरुको म्यूजिकल चियर र बच्चाहरुको खेल गर्दै बिभिन्न खेलहरु क्रमश: गर्दै सकियो । धेरै महानुभाबहरु पुरस्कार जित्न सफल पनि हुनु भयो । अब फेरी खाने समय भएछ, हामी लाईन लागेर खानातिर लाग्यौ ।

खाना पछि कलाकार भाईबहिनीहरुबाट नृत्य प्रस्तुत गर्ने काम भयो । संगसंगै प्रमुख अतिथि यायोक्खा महासचिब श्री राज बहादुर राईज्यूबाट कलाकार भाईबहिनीहरुलाई प्रसंशा पत्र प्रदान गर्ने काम पनि सम्पन्न भयो । यतिन्जेलसम्म घडीले दिउसोको ४ बजाई सकेकोले अब हाम्रो फर्किने समय पनि भई सकेको थियो । हामीले अन्तिममा राईहरुको मौलीक नाच साकेला नाच्ने कार्यक्रम राखेका थियौ । के बच्चा के युबा के बृद्ध हामी ढोल र झ्याम्टाको तालमा सोईसोईलामा रम्न थाल्यौ । यो क्रम करीब आधा घण्टा चल्यो ।

अब हामी फर्कने तरखरमा लाग्यौ । हाम्रो समुहमा बालबच्चा र बृद्धहरुको पनि उल्लेख्य सहभागिता रहेको हुनाले हामीले उहाँहरुप्रति बिशेष ध्यान दिनु पर्ने थियो । त्यसकारण हामीले उहाँहरुलाई गाडीमा गएर बस्दै गर्नको लागी अनुरोध गऱ्यौ किनकि गाडी तल फेदीमा थियो । बाँकी रहेका हामीले केही समय सरसामान मिलायौ र त्यहाँबाट हिड्यौ । हामी आधाजसो सरासर गाडी भए तर्फ झऱ्यौ, किराया महासचिव, चतुरभक्त सर, नेत्रसर, अशोक लगायतका केही अग्रजहरु बज्रयोगीनी मन्दिर अवलोकन गर्न लाग्नु भयो ।

हामी फेदीमा झर्दा त्यहाँको बाताबरण एकदमै तनाबपूर्ण थियो । कोही भन्थे माओबादीले बाटोमा बम राखेको छ अरे, राती १० बजे भन्दा अघि कोही पनि काठमाडौं नफर्कनु भन्दै ARMY जंगलतिर गएको छ । कोही भन्थे माओबादी र ARMY को भिडन्त भयो रे, माओबादीहरु अहिले यहीबाट जंगलतिर गएका छन् । यी आदी कुराहरुले हामीमा एक प्रकारको सन्त्रास छायो । हामी मात्र होईन त्यहाँ रहेका अन्य समुहका साथीहरुको पनि त्यही दशा थियो । सबैको मुहारमा भय र त्रास स्पष्ट देखिन्थ्यो । हामी भन्दा अघि झर्नु भएका बालबच्चा र बृद्धहरु कहाँ हुनुहुन्छ, कस्तो अवस्थामा हुनुहुन्छ, कुनै अत्तोपत्तो थिएन न पछाडी रहनु भएका अग्रजहरुकोनै जानकारी । सबै एउटै कुरा भनिरहेका थिए अब के गर्ने होला ? यस्तै के गर्ने र कसो गर्ने भन्दै हामीले दुई घण्टा बितायौ । यतिखेरसम्म ईलाका प्रहरी कार्यालय साँखुमा माओबादीले आक्रमण गरेको र जंगलतिर पस्ने माओबादी हुन् भन्ने सामान्य जानकारी हामीले पाएका थियौ तर तथ्य कुरा अझ जानकारीमा आईसकेको थिएन ।

बेलुकीको ७ बज्यो, पौषको छोटो दिनमा अन्धकारले आफ्नो साम्राज्य फैलाईसकेको छ । यस्तैमा पछाडी रहनु भएका हाम्रा अग्रजहरु पनि त्रसित मुद्रामा आईपुग्नु भयो । उहाँहरुलाई मन्दिर परीसरमै माओबादीले एक घण्टा भाषण सुनाएछन् ।

बाताबरण त्रासपूर्ण छ , कुनबेला के हुने हो केही थाहा छैन । एउटै परीवारका सदश्य को कहाँ छ को कस्तो अवस्थामा छ अत्तोपत्तो छैन । त्यहाँ हामी करीब ५ शयको संख्यामा रहेका छौ । अब हामी सबैले गाडीमा होईन हिडेर बिस्तारै अघि बढ्नु पर्छ भन्ने सल्लाह गऱ्यौ र रातको निस्पटतामा भयभित हुदै अघि बढ्यौ ।

त्यहाँबाट ईलाका प्रहरी कार्यालय करीब १ कि. मी. टाढा छ । केही पर पुगेपछि हाम्रो अर्को समुहसंग भेट भयो । बालबच्चा र बृद्धहरुको त्यो समुहमा रुवाबासीनै चलेको रहेछ । भिडन्त पश्चात जंगलतिर कुदेका माओबादीको समुहसंग उहाँहरुको जम्काभेट भएको रहेछ । उहाँहरुलाई चढेको गाडीबाट ओरालेर त्यही गाडी चढेर माओबादीहरु जंगलतिर लागेका रहेछन्, त्यसैले उहाँहरु हामी भन्दा बढी भयभित जस्तो लाग्यो । हामीसंग भेट भए पछि केही सान्त्वना त निश्चयनै भयो तर मनमा शान्ति भने कसैको थिएन । अहिले हामी करीब १००० को हाराहारीमा जम्मा भएका छौ । मनमा भय र त्रास बोकेर हामी बिस्तारै अघि बढ्यौं र साँखु पुग्यौं । हामी साँखुको प्रत्येक घरको पेटीमा उभिएका छौ । यस्तैमा साँखुको आकासमा दुईवटा नाईटभिजन हेलीकप्टरले फन्को मार्न थाल्यो, तल शडकमा गाडीको साईरन उस्तै छ । बेलाबेलामा आकासबाट हेलीकप्टरले हामी तिर लाईट लगाउदा त्यो अन्धकारमा पनि साँखुमा छ्याङ्गै उज्यालो हुन्थ्यो । हामी सबै हात उठाउँथ्यौ, हामीसंग हात उठाउने भन्दा अरु बिकल्प पनि थिएन । परिस्थितिले हामीलाई भयङ्कर अपराधी जस्तो बनाईदिएको थियो ।

साँखुबासीहरुको बिशाल हृदय र मानवताको जति नै प्रशंसा गरे पनि कम हुन्छ । बिपत्तीको त्यो क्षणमा साँखुबासीहरुले हामीप्रति दर्शाएको सहानुभुती र आत्मियता साँच्चैनै उच्च कोटीको र अनुकरणीय थियो । हामी सबैलाई उहाँहरुले भुँईदेखी सिरान तल्लासम्म जहाँजहाँ हुन्छ मिलेर बस्न सल्लाह दिनु भयो । हामीलाई ठुलो राहतको अनुभुति भयो । बेसहरा बनेका हामीलाई ठुलो सहारा मिल्यो । हामी उहाँहरुको घरभित्र अटेसम्म जहाँ–जहाँ खाली छ त्यही–त्यही बस्यौ ।

घडीमा नौ बज्नै लागेको बेला सुरक्षाकर्मीहरुले हामीलाई हात उठाई लाईन लाग्न उर्दी गरे । हामी पनि घरघरबाट निस्केर दुई लाईनमा पंक्तिबद्ध भयौ । त्यत्रो धेरै संख्यामा रहेका हाम्रो लाईन पनि धेरै लामो भयो । अब सुरक्षा जाँच सुरु भयो। लगभग प्रत्येक बिश मिटरको अन्तरमा चार ठाँउमा जाँच गर्ने व्यबस्था गरीएको रहेछ ,सोही अनुसार हाम्रो जाँच सुरु भयो । सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति हेर्दा ठुलै भिडन्त भएको अनुमान गर्न सकिन्थ्यो । यतिबेलासम्म काठमाडौबाट टेलिभिजन र प्रमुख पत्रपत्रिकाका रिपोर्टरहरु साँखु आई पुगी सकेका थिए । अब भने हामीले केही ढुक्कको अनुभब गयौ । खै किन हो कुन्नि सबैको मुखबाट एउटै शव्द बारम्बार निस्कन्थ्यो- अबत बाँचिएला ।

रातको अन्धकारमा क्यामराहरु लहरै लागेर फोटो खिच्न थाले । क्यामराहरुको झल्याक झिलिक ,पत्रकारहरुको दौडधुप, बिच सुरक्षा जाँच जारी छ । बच्चा तथा बृद्धहरुको अबस्था दयालाग्दो छ , उभिदा-उभिदा थाकेर भुईमानै बस्नु परेको छ । यस्तै अबस्थामा डेढ घण्टा जति लागेछ हाम्रो समहुले सुरक्षाजाँच पार गर्न । अब हाम्रा कोही साथीहरु छुट्नु भयोकी भनेर सोधखोजमा लाग्यौ, सौभाग्यबस हामी कोही छुटेनछौ ।

यता साँखुवारी धन प्रसाद दाई र सुजन दाई दुईवटा बस लिएर हामीलाई पर्खिरहनु भएको छ । उहाँहरु भिडन्तका कारण बनभोजस्थलसम्म आउन पाउनु भएको थिएन । करीब साँढे दशबजेतिर हामी बस चढ्यौ । बस बिस्तारै काठमाडौतिर हान्नियो । बनावटी अनि रुन्चे हाँसो हाँस्दै हामी यही घट्ना सम्बन्धि छलफल गर्न थाल्यौ । उता साँखुपारीनै बस रहेका अन्य समुहहरुको काठमाडौ फर्कने अझै टुङ्गो थिएन ।

काठमाडौ आईपुग्दा रातको ११ बज्न लागेको थियो । हत्त न पत्त टेलिभिजन खोल्दा साँखु घट्नाका तिनै हृदयबिदारक दृष्य र त्यही भिडन्तको समाचार आईरहेको रहेछ । टेलिभिजनले समाचार भन्दै थियो ईलाका प्रहरी कार्यालय साँखुमा माओबादीको भिषण आक्रमण, एक निरिक्षक सहित पाँच सुरक्षाकर्मीको घट्नास्थलमै मृत्यु...............।

**मूचि ।**

# रङ्हीन रङ्

- *उत्पीडित किरात*

रगतको रातोरङ् शीर्षस्थ छ। फिका लाग्छन् अरु रङहरु, आँखै लाग्दैन । अभ्यस्त छु रातो रङसँग । यो गन्धसहितको रङ अर्थ सहितको रङ भूगोल छ, इतिहास छ यसमा । यही रङमा मेरो अस्तित्व पनि त छ। समय पनि रातोबाट रातैमा आइपुगेको हो र रातैतिर गइरहेको छ। तर किन किन अहिले यस रङसँग विरक्ति आएको छ । चित्तको कुन तहमा हो निस्सारता सग्बगाउँछ - बगिरहनुको के अर्थ ? सपाट रातोको के मूल्य ? अरु रङहरु देख्न पाए पो रातो रङको चमक आउछ । एउटा मात्र रङ त रङ नै हुँदैन । आँखा अरु रङहरुको प्यासी छ । आखिर बाँच्नु छ, रङहरुको घेराभित्र चेतनाले रोजेको एउटा रङसँग ।

राष्ट्रिय फूल चुनिएको लालीगुँरासले गतिलो सान्दर्भिकता पाएको छ। पन्ध्रौं हजारको शोकले आत्तिएर म किन सेतो परेवाको गुँडतिर लुक्न जाऊँ । रगतको रङको मलाई एलर्जी हुदैछ भनेर घामले आकाशमा एकछिन पनि थकाइ मार्ने होइन । सिउँडीको फेदमा बुद्धासन जमाएर त्रिपिटक लेखिने पनि होइन । सिन्दूर पुछ्नु, आँसु बगाउनु त तिमीहरुले सिकेको चलन हो, त्यो गर्दै गर - समय तीतो उद्घोष गर्दै अघि बढ्छ । म समयको निष्ठूरताविरुद्ध कुनै कारबाही गर्न सक्तिन। मेरो अलाप इतिहासको कानसम्म पनि पुग्ला कि नपुग्ला ? जे होस्, समयले थमाएको यो नियति भोग्न म अभिशप्त छु ।

जसरी भएपनि बाँच्नुपर्छ। मैले जानेको बस् यत्ति हो। यो संसारसँग मेरो शर्त पनि सायद यत्ति नै होला । जिन्दगीले मसित यसभन्दा बढी मागेको छैन। यदि भूलवश मागेको भए त्यो महत्वाकांक्षा हो, दुस्साहस हो । जिन्दगीले आफ्नै रङ बनाउन नसकेकोमा गुनासो गर्ने योग्यता मैले कमाएकै छैन । अरुद्वारा पोखिएका रङहरुले रङ्गाएर म भीडभित्र हराउँछु र यसैमा मस्त हुन्छु। कुनै घटना, परिघटनासँग आफ्नो साख खोज्नु छैन मलाई। बाँच्नुको परिधिभरि जिन्दगीको दाम्लो समातेर टहलिन पाए यो जल्दो विश्वसँग अरु केही दाबी गर्ने थिइन ।

साँघुरिएर बाँच्नु मलाई समयले सिकाएको पाठ । अत: म निजत्वदेखि हुरुक्कै हुन्छु । बेछाँटको आयतनमा फैलिनु मलाई ढोंग जस्तो लाग्छ । अलग्गै टुपुक्क उभ्याऊँ आफ्नो पेवा संसार र आफ्नो त्यो सांसारिक वृत्तमा कतैबाट अतिक्रमण नहोस्। यो मेरो रहरमा असामाजिकताको ठप्पा लागोस्, त्यो मेरो समस्या होइन। हरेक क्रियालाई सबै कुरालाई अर्थहरुको भारी बोकाइदिएर आफ्नो विद्वता पुष्टि गर्नु सामाजिक वाध्यता हो । ज्ञानी र बुद्धिमानीहरुको इलम नै हरेक कुरालाई सोकेण्ड ह्याण्ड बनाउनु हो, मौलिकताको हत्या गरेर संसारलाई निरस र विरुप बनाउनु हो । नयाँ कुरा पुरानो ब्याख्यामा अटाउदैन भन्ने सत्यतालाई सोच्ने धैर्य उनीहरुसँग छैन । ए बाबा ! केही कुराहरुलाई त ब्याख्याबाट चोखो राखिदेओ न। तिनलाई तिनकै पनमा स्वीकार्दा कुनै इन्द्रको स्वर्गमा भुइँचालो जान्छ भने जाओस् । एकपटक ब्याख्याबिनाको मौलिक संसारमा आ-आफ्ना निजत्वहरुसित बाँचि हेरौं न। कतै यो मारमुङ्ग्री, छिनाझपटी, रोनाधोना कम भइहाल्छ कि। भोगाइ आफै अर्थ बनोस, त्यसलाई खिया लागेको अर्थहरुले हमला नगरौ । घाम झुल्कोस कतैबाट । बस घाम झुल्क्यो, त्यतिनै हेरौं, बुझौ र त्यसमा रमाऔं। हाम्रो खुसीलाई अर्थहरुको कैदबाट मुक्त गरौं ।

क्याट्रिनाले मेरो चप्पल भिजाएको छैन । तर मैले यहीबाट दुखिदिनु पर्छ। बगदादको धार्मिक मेलाको भागाभागमा मेरो भाई मरेको होईन र पनि यहाँ मर्माहत हुनुपर्छ । यहीं तर ईतिर ईन्सेफ्लाईटिसले दर्जनौको ज्यान गईसक्यो, यसले त झन् नबिझाउने कुरै भएन। सबैतिर पु-याउनु पर्छ मैले आफ्नो संबेदना। त्यसो त म आफ्नो संबेदना बाँड्न कानुनद्वारा बाध्य पनि छैन र म संबेदित हुनुले कुनै महत्व पनि राख्दैन । यति हुँदाहुँदै पनि ती घट्नाहरुबाट निस्पृह रहनै सक्तिन । छातिमा कसोकसो तरल तरङ्ग सल्बलाएरै छाड्छ। अनि थाहा पाउँछु - म जिजीबिसषालाई निक्कै ठुलो महत्व दिदो रहेछु। यही कारण त होला मलाई अरुको मृत्यु दुखेको । अरुको मृत्युमा दुखेर आफ्नो जिजीबिषालाई कसेर अगाल्दो रहेछु। तर म बाँच्न जान्ने मान्छे भने होईन। सडक पेटीमा जुत्ता पोलिस गर्नेले पनि मलाएं सजिलै ठगिदिन्छ। मैले कहिल्यै होशीयार बन्न सिकिन। आफ्नो सत्ताको दाबी मैले कहीं गरिन । अत:मेरो उपस्थिति कहिल्यै बुलन्द हुन सकेन । सायद आफ्नै रङ्ग यस्तै हुन्छ ।

चर्चा परिर्चाहरुको बाफ उडिनसक्दै "पल्पसा क्याफे" **ले** मदन पुरस्कार थाप्यो।बिचरी पल्पसा ! आफु मरेर पनि नारायण वाग्लेलाई दुई लाखको बिटो थमाई दिई । सपनाहरुसंग रम्ने, सपनासंगै मर्ने पल्पसा मेरै बहिनी थिई , किनभने ऊ सामान्य जनता थिई। उ पनि आफ्नै रङ्ग नभएकी केटी, अरुले पोखाएको रङ्गमा डुबेर मरी । मेरो पनि रोल नं. कतै लेखिएको होला । र मेरा लागि पनि कुनै नारायण वाग्लेको कलमको नीब उध्याएर बसिरहेको होला ।

- मूचि

# एकैछिन

## कमला रङ्कासु राईसँग



*- चतुरभक्त दुमीराई*

*बि.सं.२०२१ सालमा खोटाङ जिल्लाको बाक्सिला गा.बि.स.-९, सिम्पानीमा पिता कृष्णध्वज रङ्कासु राई र माता रुद्रलक्ष्मी तोमिय राईको काइली सुपुत्रीको रुपमा जन्मेका श्रीमति कमला रङ्कासु राई एक क्रियाशील महिलाको रूपमा दुकिराफ, प्रारम्भिक कार्यसमिति धरानका उपाध्यक्ष जस्तो महत्वपूर्ण पदमा रही आफ्नो गहन जिम्मेवारीलाई बहन गर्दै दुमीकिरात राई फन्सिकिमको गतिविधिलाई अगाडि बढाइरहनुभएको छ । आफ्नो मातृभाषा, मौलिक धर्म-संस्कृतिलाई छोड्नु वा बिर्सनु हुदैन भन्ने कुरालाई आत्मसात गर्दै धरान नगरीमा स्थायी बसोबासको सिलसिलामा आफ्नो घरमा समेत चुला स्थापना गरी पितृकर्म सोही चुला मार्फत गर्दै आउनुभएको छ । प्रस्तुत छ- उहाँसँग मिति २०६१/०७/०२ मा उहाँकै निवास(धरान)मा इसिलिमले लिएको भेटवार्ताको अंश ।*

**पारिवारिक विवरण :**

| | |
|---|---|
| श्रीमान | : वीरवहादुर दिम्मचु राई |
| जन्मथलो | : खार्मी गा.वि.स.हाङ्गे । |
| हाल | : धरान बाँजगारा) |
| छोराहरू | : अर्जुन र प्रशान्त । |

***इसिलिम : दुकिराफ प्रा.का.स. धरानको उपाध्यक्षको हैसियतले यहांले दुमी किरात राईको उत्थानको लागि के-के कार्यहरू निप्पादन गर्न सक्नुभयो त ?***

दुमी किरात राईहरूको भाषा, धर्म-संस्कृति छोड्नु हुँदैन भन्ने कुरामा म दृढ रहेको छु र मेरो कमिटीलाई पनि त्यसरी नै जानुपर्ने सल्लाह दिइरहेकोछु ।

***इसिलिम: यी कार्यहरू गर्नुपर्दा के कस्ता समस्याहरू भोग्नु पऱ्यो होला ?***

भेटहुँदा मीठो कुरा गर्दै प्रतिबद्धता जाहेर गर्ने साथीहरू छुटेपछि पुनः बिर्सने, शहर बजारको ठाऊँ भनी मन मार्ने बानी हामी दुमी कार्यकर्ताहरूमा रहेको पाएकोछु । यहीँ नै समस्या भएको छ ।

***इसिलिम : घरायसी काम छाडेर संस्थाको काम गर्न फुर्सद पाइन्छके त ?***

मेरो परिवारमा सहकार्य हुन्छ । कोही पनि एकअर्काको मुख ताकेर बस्ने गर्दैनौ, तसर्थ फुर्सद पाएकोछु र समर्थन पनि। तर श्रीमानले कहिले काहीं नेतिनी भइस् भनेर गिज्याउनु हुन्छ, तर त्यो राम्रै मनले भनेजस्तो लाग्छ ।

***इसिलिम : फन्सिकिममा कार्यकर्ताको रुपमा रहेपछि के कति ज्ञान र अनुभवहरू बटुल्नु भयो त ?***

आफ्नो धर्म, संस्कृति, बंशावली, पाछा, सामे जस्ता कुराहरूको ख्याल गर्ने बानी मैले यहीं फन्सिकिममा लागेर नै थाहा पाएकी हुँ ।

***इसिलिम : जीवनमा सवभन्दा तितो र मीठो अनुभव कहिले पाउनुभयो ?***

हामी हङ्कङमा हुँदा दशैंताका श्रीमान दुर्घट्नामा परी गम्भिर घाइते हुँदा साह्रै नमीठो लाग्यो भने मीठो अनुभव त्यस्तो केही छैन । आफ्नो छोराहरूले परीक्षामा उत्कृष्ट नतिजा ल्याउदाको क्षणमा भने मलाई ज्यादै खुसी लाग्छ ।

***इसिलिम : भाषा, धर्म र संस्कृतिलाई बचाउन महिलाको भूमिका तपाईको विचारमा कस्तो हुनुपर्छ ?***

अरु धेरै गर्न नसकेपनि छोरा जत्तिकै समान भूमिका हुनुपर्छ भन्ने लाग्छ ।

***इसिलिम : इसिलिम पत्रिका कत्तिको अध्ययन गर्दै हुनुहुन्छ ? कतिको उपयोगि पाउनु भा'छ ?***

धरानमा हामी कहाँ आइपुगेको अंकहरु सवै अध्ययन गरेको छु र यसमा लेखिएका कुराहरू सवै शिक्षाप्रद र जानकारीमुलक छन् ।

***इसिलिम : दुमी समाजमा नारी र पुरुष मध्ये कस्को अगुवाई बढिभएको जस्तो लाग्छ ?***

अहिलेसम्मको चलन अनुसार घरायसी व्यवहारिक कुराहरूमा महिलाहरूको र पितृकर्ममा पुरुषहरूको भूमिका अहम भएको देखिन्छ । यस्तै चलन मेरो घरपरिवारमा पनि रहेको छ ।

***इसिलिम : तपाइको विचारमा मानिस धनले ठूलो हुन्छ की ज्ञानले ?***

निश्चय नै ज्ञानले ठूलो हुन्छ । त्यसपछि मात्र धनको कुरा आऊँछ ।

***इसिलिम : दुमीकिरात राई फन्सिकिमको जिम्मेवार कार्यकर्ता हुँ भन्ने प्रमाण दिनुपर्दा के भन्नुहुन्छ ?***

फायलमा दर्ता भएका नाम र दुमीबन्धुहरूले सुनेजानेकै छन् । मैले यसमा लागेर जानीनजानी काम गरेको यहिँ नै बलियो प्रमाण हो भन्ने लाग्छ ।

***इसिलिम : एक दुमी नारीको हैसियतले फन्सिकिमलाई कस्तो सल्लाह दिन चाहनुहुन्छ ?***

कमिटिका कार्यकर्ताहरूले मात्र काम गर्ने हो भन्ने नसोँचेर हाम्रा दौंतरी र पछिल्ला पुस्ताहरूले फन्सिकिमको गतिविधिलाई साझा दायित्वको रुपमा उतार्न सक्नुपर्छ ।

***इसिलिम : जीवनको लIय के थियो र त्यो पुराभयो की भएन होला ?***

पूरा भयो या भएन भन्न त गाह्रो छ । तर पढ्नु ठूलो कुरा रहेछ भन्ने ज्ञान अहिले थाहाभयो, उत्तिखेर घरायसी कारणले अध्ययनमा अगाडि बढ्न सकिएन । छिट्टै विवाह भयो, विवाहपछि विद्यालय जाँदा आफूलाई पढाउने गररुहरूले जिस्काउन थाले । त्यसैले पनि पढाइमा बाँधा पुग्यो ।

***इसिलिम : प्रेम विवाह हो कि मागी विवाह हो तपाईको ?***

ससुराज्यूको मेरो माइतीपट्टि नाता जोड्ने ठूलो इच्छा थिएछ । त्यसैकारणले हाम्रो मागी विवाह भएको हो ।

***इसिलिम : कुन विवाहलाई तपाई प्राथमिकता दिनु हुन्थ्यो ?***

प्रेमविवाहमा श्रीमानबाट पाउनुपर्ने माया पहिले नै पाइसक्ने हुनाले विवाह पछि त्यो कायम हुँदैन । त्यसैले होला धैरैको प्रेमविवाह असफल भएको देखिन्छ । यी विभिन्न कारणले मलाई एकदम मागी विवाह नै मनमर्छ । यो हाम्रो परम्परा र संस्कारगत पनि छ ।

***इसिलिम : जीवनको सवभन्दा ठूलो कुरा के हो जस्तो लाग्छ ?***

आफूले जन्मदिएका सन्तानहरूको सुनौलो भविष्य निर्माण गर्नसक्नु नै सवभन्दा ठूलो कुरा हो यसैमा आनन्द पनि छ ।

***इसिलिम : पोशाक कस्तो मनपर्छ ?***

सवैले लाउने हो भने त मलाई परम्परागत पोशाक, र गरगहना नै मनपर्छ ।

***इसिलिम : माइती परिवारबाट पाएको सवभन्दा महत्वपूर्ण शिIा के थियो होला ?***

आमाबाट पाएको शिIाालाई ठूलो ठानेको छु । आमा भन्नुहुन्छ- छोरी मान्छे विवाह भएपछि घर गरिखानु, माईतीमा पोल नल्याउनु, माइति आउदा कुराको कोसेली नल्याउनु:हातको कोसेली ल्याउनु, साशु ससुरालाई रिझाउनु, सानोतिनो कुराको लरी नलिनु भन्ने कुरा मेरो लागि अहिले पनि त्यत्तिकै उपयोगी रहेको छ ।

***इसिलिम : फन्सिकिमलाई बृहत बनाउन के गर्नु पर्ला जस्तोलाग्छ ?***

दुमीराईहरूको एकता, एकअर्काप्रतिको विश्वास, धैर्यता र सहनशीलता हुन आवश्यक छ ।

***इसिलिम : तथाकथित नयाँ किरातधर्मीहरुका बारेमा तपाइँको प्रतिक्रिया ?***

गाऊँमा यस्ताखाले केही केटाहरू निस्केर मलाई पनि उनीहरूको धर्ममा लाग्न भनेर खुव बल गरे । तर मैले मानिन र मान्नु पर्ने कुनै आधार पनि देख्दिन । अदुवा र चोखो जाँड हाम्रो शक्ति हो, यसलाई तिमीहरूले गुमायौ, हरायौ भनी उनीहरूलाई कराएको छु । म चाहिँ आफ्नो जीवनभर मौलिक किरात कर्म छोड्दै छोड्दिन भनी धरानमा समेत छोराको घर मा चुल्हा राख्न लगाएको छु ।

***खार्मीबासी मुहाजित दिम्मचु दुमीराईको भनाई***



हामी नुरु(बाघ)का सन्तान हौं । चुल्हा पूज्दा आफ्नै पुर्खालाई पूज्ने हो । चोचुप हाम्रो पूर्खा हो । उनीहरूकै नामलाई पुकार्दै अदुवा, चामल, चोखो जाँड् चढाउने हो । नामग्राबदाम डाँडाँ (मामातेम छेऊको डाँडो), चोचुपदह(खार्मी) जस्ता भूमिहरूसँग हाम्रो पुर्खाको इतिहास जोडिएको छ । राईहरुको चुल्हा नै आफ्नो कुलपित्र हो । राईहरुले आफ्नो पित्रिलाई सम्झन, मान सम्ममान गर्न काँशी धाइरहनु पर्दैन र सप्ताह पुराण पनि लगाई रहनु पर्दैन । यी तीनवटा पित्रि चुल्हा नै हाम्रो पवित्र तीर्थस्थल हो । यसैलाई मान्न सके त्यो नै काफि हुन्छ । यो सप्रियो भने राई पनि सप्रियो, होइन भने बिग्रियो भनेर जानेहुन्छ । हाम्रो जन्मदेखि मरणसम्म उपयोग हुने किरातको सवभन्दा ठूलो शक्ति हो - चुल्हा ।

***इसिलिम : अन्तमा केही भनाई राखी दिनुहुन्छ की ?***

सम्पूर्ण दुमीबन्धुहरूमा भाषा, धर्म, संस्कृतिको नवजागरण आवोस । विर्सन नसक्ने इतिहास रहोस् । म पदमा रहँदा मात्र काम गर्ने होइन कि बाहिरै रहँदा पनि दुमी नै भएर गर्व गर्दै कार्य गरिरहनेछु भन्ने सन्देश दिन चाहान्छु । **मूचि ।**




# च्याङ्थापु यसरी चम्किन्छ



नेपलको सुदूर पूर्व यस्तो लाग्छ, कि त्यो डाहै लाग्ने गरी चम्किरहन्छ। प्राकृत रुपमा, यो क्षेत्र नेपालको स्वर्ग समान भएको त छ नै। अटल ध्रुवतारा जस्ता नेपाली रत्नहरुलाई जीवनको बाटो देखाएर यसले नेपालको उर्वरतालाई झल्काएको छ। मेची अञ्चलको पाँचथर जिल्लाको च्याङ्थापु गाऊँ त्यस्तै बन्यो भाग्यमानी। एउटा रत्न उज्यालो सम्भावना बोकेर, सगर छुन्छु भनेर त्यस भू-खण्डमा पदार्पण हुन्छ २०१४ सालको एक दिन। आँखाभरि तेज बोकेर, कदमभरि संभावना बोकेर त्यो रत्न बढ्यो, हुर्क्यो समयसँग पौंठेजोरी खेल्दै। नियतीसँग भर मागेन। बरु आफ्ना नस्वर शरीरलाई पृथ्वीकै अवयव ठानेर त्यसै अनुरुप व्यवहार गऱ्यो। सह्यो सारा उतार चढाबहरु जीवनाभ्यास संझेर। नियति पनि ऊसँग हाऱ्यो, कारण ऊसँग अस्त्र थियो नियतिसँग झम्टा खेल्ने, समयलाई वशमा पार्ने। 'तँ चिता म पुऱ्याउँछु' भन्ने भगवानको कथन छ रे। चिताउनुको पछाडि आँट हुन्छ, अदम्य साहस हुन्छ। त्यसैले पुग्छन् वीरहरुले चिताएका कुराहरु। आशा बोक्छन्, भरोसा पाल्छन् मानिसहरु। संभावनाको पोल्टोभित्र सफलता र असफलता दुवै हुन्छन्। यस्तै सम्भावना बोकेर मानिसहरु हिंडिरहन्छन्। पहाडि जिल्ला, साधारण घर-परिवार, सामान्य गुजारा, उकाली आरालीहरु पहाडि परिवेशका वास्तविकता। पिठ्यूंमा घाँस दाउराको भारी बोकेर लेक बेंसी गर्नु सामान्य जीवन जस्तै हुन्छ पहाडि भेगमा। यस्तै दूर्दैन्यहरु भोग्दै रह्यो त्यो रत्न त्यो कमली दलदलमा कमल सरी। समयान्तरमा पहाडि भेकबाट तराई झर्ने नदीहरुको वहावसँगै समथर फाँट भऱ्यो ऊ पहाडको उर्वरता बोकेर। समय निरन्तर बगिरहनु उसको नियम हो। समयको बहावसँग आफू पनि बगिरहनु अर्को नियम। स्वच्छन्दता त हावालाई पनि छैन। ऊ पनि बेलुनभित्र कोचिनु पर्छ, निश्चित आकार लिएर। समयको निरन्तरतामा त्यो पाँचथरे मणी २०४० सालतिर काठमाडौं छिऱ्यो कर्णमधुर आवाज लिएर। समयको प्रतिनिधित्व गरेर। २०४२ सालको त्यो दिन जुन दिन म्यूजिक नेपालको स्टुडियोमा आवाजको तरंग फैलियो ...काबेली खोला बोलको गीतमा। त्यही आवाजलाई रेडियो नेपालले स्वागत गऱ्यो 'म्यूजिक एरेन्जर'को रुपमा त्यसै ताका। रेडियो नेपालले आयोजना गर्ने विविध कार्यक्रमहरुको संयोजन र आफ्नो श्रुतिमधुर स्वरबाट 'प्रतिष्ठित कलाकार' श्रेणीसम्म पुगेर आफ्नो क्षमताको प्रदर्शन गर्ने त्यहि प्रतिभाले श्रोता माझ 'बाबरी','मझेरी', 'सयपत्री', 'स्यामुना', 'मायाको चीनो' र 'नौलखा' जस्ता सफल गीति संग्रहहरु ल्यायो। पाँचथरको च्याङथापुदेखि काठमाडौंसम्मको यात्रामा राजनीति शास्त्रदेखि फाइन आर्टस् कलेजबाट संगीत डिप्लोमासम्मको अध्ययन पनि सँगै रह्यो। यतिका समयसम्मका यात्राहरु सजिला त थिएनन् तर त्यो प्रतिभाको जुझारुपन अगाडि समयले सम्झौता गऱ्यो। विषेश गरि पूर्वेली नेपाली लोक गीतको उठानमा अभ्यस्त यी स्रष्टा नेपाली संगीतको मौलिकतालाई लोक गीतहरुले मात्र झल्काउन सक्छ भन्ने मान्यता राख्छन्। धामीहरुले गाउने रिसीयहरु र क्षेत्रीय भाकाहरु नेपाली संगीतको आधार ठम्याउछन् उनी। नेपाली सांगीतिक क्षेत्रमा विदेशी गायन शैली ल्याएर त्यसैमा 'नेपाली' भन्ने शब्द झुन्ड्याउनुसँग विमति राख्ने यी स्रस्टा संगीतको क्षेत्रमा जुटेका प्रतिभाहरुको प्रयासलाई साथ दिन तीन वर्ष अघिदेखि 'दोभान डिजिटल रेकर्डि स्टुडियो' स्थापना गरेर लागी परेका छन्। किराती भएकोले किराती भावनाको उठानमा एक ऐतिहासिक पृष्टभूमि बोकेको सृजना पस्किने हृदयदेखिको चाहानालाई किरात राईहरुको छाता संस्था 'किरात राई यायोख्खा'को प्रस्तुतीमा 'नौलखा' नाम दिएर न्वरान गर्ने यी स्रष्टा अरु कोहि नभएर 'जितेन दुमीराई' हुन्। जौबारीमा गाई चराएर कान्छीलाई फेरि त्यै चौतारीमा बोलाउने गोठाले उही जितेन राई। हतुवा र चौदन्डीको इतिहास कोट्याउदै सम्पूर्ण किरातहरुलाई व्यूझाउने योद्धा जितेन राई। टाढाको माया लाएर मन अमीलो पार्ने मायालु जितेन राई। वुद्ध हिंड्ने बाटो रोज्ने शान्तिकामी जितेन राई। राष्ट्रिय भावनाले ओतप्रोत भएको गीतदेखि लोक र आधुनिक संगीत सर्जक जितेन राई। नेपाली सांगीतिक आकाशमा चम्किरहेका यी रत्नबाट ध्रुव ताराको अटलताको आशा गरौं। नेपाली श्रोताहरुको व्याकुल मनहरु उनको शीतल संगीतको ओतले चीस्याई रहुन्। लोक संगीताकाशमा स्वस्फुर्त श्रृजनसीलताले सधै लाली छाइरहोस्। उनै किरात आदिम पित्रिहरु सुम्निमा, पारु र नायमले आशिर्वाद साथमा रहिरहोस्। मूचि।

प्रस्तुति : गुणराज दुमीराई

# किरात राईहरुको धार्मिक सांस्कृतिक झलकहरु


पित्रिलाई मान सम्मानकोलागि छलफल ।


सुप्तुलु(पित्रि)लाई मान सम्मानकासाथ सम्झदै ।

खोटाङ्ग जिल्ला जाल्पा गा.वि.स.-९, खरवारी गाऊँका स्थानिय बासिन्दाहरू(दुमी किरात राई'खवचु')को सक्रियतामा वर्षेनी मनाईने गरेका परम्परागत स्थानीय कूल देवताहरू, पित्रिहरू, सुप्तुलु तथा युङ्खुलु एवं विभिन्न धार्मिक आस्थाका उदाहरणीय धार्मिक सांस्कृतिक पक्षहरू(सिमेभूमे, जालिम पूजा, कालिका तथा संसारीमाई)लाई यथासक्य वस्तुपरक र यथार्थपूर्ण विधि विधानहरू बारे सिलसिलावद्ध रूपमा पाठकहरूलाई जानकारी गराउने उदेश्यले यस पृष्ठमा प्रस्तुत गरिएको छ । आशा छ, क्षेत्रगत रूपमा नै भएपनि प्राचीन किरात लोक परम्परामा आधारित प्रस्तुत तस्वीरहरूले किरात धर्म तथा संस्कृतिप्रति चासो लिई खोज अनुसन्धानमा आफूलाई समर्पित गर्न चाहनु हुने विज्ञ पाठक बर्गले उपयोगी स्रोतको रूपमा स्वीकार्नु हुनेछ ।


कालिकाथानमा पूजा कार्यमा व्यस्त ।


पवित्र भूमेथानको सर सफाई अभियानमा व्यस्त ।


भूमे पूजाको लागि नक्षो(धामी) पहिरिदै ।


दैवी शक्तिका प्रतिमूर्ति भूमे जोडीलाई प्रसाद(मोदाम, गःलजा, पूचि) चढाइदै ।


छिदाम रसको पर्खाईमा ।


इसिलिम प्रतिस्थापनकासाथ साकेला नाच ।


सुङ्देलकुमा नाग पूजाको तयारी ।


आस्थाको केन्द्र सुङदेलकुमा पूजाको तयारी ।


जालिम पूजामा सहः पहिचान गर्दै ।


संस्कार र संस्कृतिको स्वरुप युङ्खुलु ।


मालिकालाई भाकले पाठी भोग दिदै ।


संसारीमाई पूजाकोलागि तम्तयार कन्यकेटाहरू ।


साकेला सिलिमा रमाउँदै किरात राईहरू ।

फोटो संकलन : अशोक कुमार खवचु दुमीराई



हरेक वर्ष वैशाखे पूर्णेमा गरिने भूमे पूजाको समाप्तिसँगै फर्कने क्रममा भूमेथानलाई परिक्रमा गर्दै ।



किरात राईहरुको आस्थाको प्रतिक मालाथुम्का(जायजु डाँडा)ःतौमा खेमाले तान बुन्ने र पिउरी राख्ने ढुंगाको खोबिल्टा भग्नावशेश अवस्थामा ।



मालाथुम्का बेदीफेरीमा साकेला सिलीमा रमाउदै ।



नक्षो(धामी)ले कूल पित्र गर्दा लगाउने मौलिक भेषभूषा तथा किरात सांस्कृतिक सामाग्रीमहरुको एक झलक ।

फोटो संकलन : अशोक कुमार थबथु दुमीराई



# सांगीतिक क्षेत्रमा नारी हस्ताक्षर

## सत्यकला दुमीराई



प्रस्तुति : गुणराज दुमीराई/विष्णुकला रदुमीराई

नेपाली सांगीतिक आकाशमा सत्यकला राई नौलो नाम होइन। महिला गायिकाहरु बीच छोटो अवधिमै स्रोताहरुको मन जित्न सफल गायिका सत्यकला राई २०५७ सालमा रेडियो नेपालमा 'भमरालाई त के छ र' बोलको गीत रेकर्ड गराएर सांगीतिक फाँटमा प्रवेश गर्नु भएको हो। बोली नफुट्दैदखि नै गीतको लय गुनगुनाउने गरेको आमा बुबाको भनाइलाई उधृत गर्ने वहाँ संगीतको नाता जीवनसँग रहेको र संगीत बिना जीवन सार्थक नहुने आफ्नो अभिमत राख्नुहुन्छ। संगीतलाई जीवन साधना र जीवनको अभिन्न अंगको रुपमा मानेर त्यस अनुरुप संगीतलाई माया गर्न वहां आग्रह गर्नुहुन्छ। 'आईडी काडैले' भन्ने बोलको गीतबाट छोटो समयमा नै स्रोतामाझ चर्चामा आउनुभएपछि सरल शब्द भएपनि गीतको विषय वस्तु, संगीत र गायकी राम्रो भएमा स्रोताको मन जित्न सकिन्छ भन्ने अनुभब बटुल्नु भएकी गायिका राईले आफ्नो सांगीतिक यात्रासँगै स्नातकोत्तर(एम.एड.)सम्मको अध्ययन यात्रा पनि तय गरिसक्नु भएको छ। आफ्ना असंख्य शुभचिन्तक एवं स्रोताहरुलाई पहिलो गीती संग्रह 'आईडी काडैले' देखि हालसालै मात्र पनि अर्को गीति संग्रह 'बिर्सी जानेलाई' सम्मको यात्रा तय गरी सक्दासम्म गायिका राई संगीत बिना जीवन अधुरो हुने निष्कर्शमा पुगिसक्नु भएको छ। सुमधुर स्वरका साथै आफ्नो सम्पूर्ण जीवन संगीतमा नै अर्पण गर्ने धेरै स्रष्टाहरु पनि ओझेलमा परेका छन् नि भन्ने जिज्ञासाप्रति सहमति जनाउदै संचार माध्यम र बजार व्यवस्थापनमा समायोजनको अभावको कारण यसो हुन गएको हो भन्ठान्नु हुन्छ। यति हुदाहुँदै पनि अपवादको रुपमा कतिपय गीतहरु मिडियाले लगातार बजाएपछि बजारमा चलेको उदाहरण दिनुहुन्छ। संगीत साझा भाषा हो। यसले जीवनका अनेकन आरोह अवरोह सबैमा साथ दिन्छ। यस क्षेत्रमा आजका युवाहरु जुटेर लागेको देख्दा यसको महत्वलाई अझ बुझ्न सकिन्छ। संगीतले मनोरञ्जन त दिएको छ नै, यसले जिविकोपार्जन पनि भएको छ भन्ने कुरामा वहाँ सहमत हुनुहुन्छ। देशको राजनैतिक अस्थिरताले अन्य क्षेत्रहरु जस्तै सांगीतिक क्षेत्रलाई पनि धेरै नराम्ररी असर पारेको तथ्यलाई इंगित गर्दै यस क्षेत्रको विकास हुनको लागि पहिलो शर्तको रुपमा शान्ति आवश्यक छ भन्ने धारणा राख्नुहुन्छ वहाँ। हरेक व्यक्तिलाई कुनैपनि विधामा प्रवेश गर्नुको पछाडि कोही कसैको प्रेरणा वा कुनै कुराको प्रभावले महत्वपूर्ण भूमिका खेलेझैं गायिका राईलाई पनि सांगितिक फाँटका थुप्रै हस्तीहरुको कला र गलाको प्रभावले यस




क्षेत्रमा छिर्न आफूलाई थप प्रेरणा मिलेको स्वीकार्नु हुन्छ। ती स्रष्टाहरुको नाम किटेरै भन्नुपर्दा मनपर्ने गायकको रुपमा नारायण गोपाल र गायिकामा कुन्ती मोक्तान र सुक्मित गुरुङ्गको नाम लिनुहुन्छ। अगाडि बढेका आफ्ना पाइलाहरु समय र परिवेशले पछाडि तान्न खोजेपनि र अरु जतिसुकै आहारीसले जलेपनि कुन्ती मोक्तानकै भाषामा 'जल्दै गर, खुट्टा तान्दै गर' भन्न मन पराउनुहुन्छ। आफ्नो मातृभाषा दुमीराई भाषाप्रति पनि उतिकै चासो राख्नुहुने गायिका दुमीराईले यसको संरक्षण, संबर्द्धनको कुरा गर्दा उबेला बोलचालमा झुक्किएर पर्बते भाषाको एक शब्द मात्र उच्चारण गर्नपुगेमा चुचु(बाजे)ले कडा शब्दमा गालि गरेको कुरा झलझलि सम्झनु हुन्छ। यसका साथै हालमा पनि आफ्नो परिवारमा सबैसँग मातृभाषामा नै ब्रातचित गर्ने गरेको यथार्थ सुनाउनु हुन्छ। संगीतमा अहिले सबैको ढुकढुकीको रुपमा रहेको गजल विधा पनि आफ्नो मनपर्ने विधामा पर्दछ भन्नु हुने गायिका राई मुस्किलले निस्केको फुर्सदको समय आफ्नो परिवारका साथ बिताउनु चाहनु हुन्छ। संगीतका झन्कार नै आफ्नो रक्त संचारको रुपमा रहेको ठान्नुहुने गायिका राईको जीवनयात्रामा अविचतिल पाइलाहरु निरन्तर रुपमा अघि सर्दै जाउन्। सुम्निमा, पारु र नायमको आशिर्वाद सहित हाम्रो पनि शुभकामना!

मूचि।

# गोर्खा भर्ती प्रकृया र यसले युवाहरूमा पुऱ्याएको असर



*- महेन्द्र जालपाली*

प्रत्येक बर्षको लगभग आषाढ महिनादेखि विशेष गरी राई, लिम्बू, गुरुङ, मगर, तामाङ आदि जातिका युवाहरु बेलायती सेनामा भर्ती हुनकोलागि लगभग ४० देखि ५० हजारको हाराहारीको संख्यामा भर्ती हुने तयारीमा लागि पर्ने गर्दछन् । जुन भर्ती प्रकृया भाद्र महिनादेखि शुरु भएर पौष महिना सम्ममा सकिन्छ तर पनि यसको पूर्व तयारीको लागि प्राय आषाढ महिनादेखि नै युवाहरु लागि पर्दछन् । बेलायती सेनामा भर्ती हुनेकुरामा अरु जातिहरुको पनि अछुतो भने रहन सक्दैन तैपनि उनिहरुको संलग्नता एकदमै न्यून रहने गरेको पाईन्छ ।

भर्ती भन्नेवित्तकै हाम्रो सोझो दिमागले कि त भारतीय सेनामा भर्ती या बेलायती सेनामा भर्ती भन्ने बुझ्दछौ । तर यहाँ मैले कुरा गर्न गइरहेको चाहि बेलायती सेनामा भर्ती प्रक्रिया सम्बन्धि हो । इतिहासलाई हेर्ने हो भने नेपालीहरु बेलायती सेनामा सन् १९४७ को गोर्खा भर्ती सन्धि भएपछि शुरु भएको पाइन्छ । भारतीय सुचना विभागको तथ्यांङ्क अनुसार सन् १९४४ को दोस्रो विश्वयूद्धको लागि मात्र २९ हजार ८ सय ७२ गोर्खाली युवाहरु बेलायती सेनामा एकैवर्ष भर्ती गराइएका थिए । त्यसबेला नेपालको जनसंख्या पुगनपुग ५५ लाख भएको वेला एकै वर्षमा यति धेरै यूवाहरु विदेशिँदा लाहुरेहरुको उद्गमस्थल राई, लिम्बू, मगर, गुरुङ, तामाङ आदि जनजाति बस्तीहरुको हालत कुन अवस्थामा थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ । तर बेलायतले दोस्रो बिश्वयुद्ध सकिनेवित्तिकै आफ्नो स्वार्थ पुरा भएपछि हजारौ हजार गोर्खालीहरुलाई खालि खुट्टा नेपाल फर्कायो यसरी इतिहासलाई पल्टाएर हेर्ने हो भने त्यस बेलादेखि नै वेलायतले गोर्खालीहरुप्रति घटिया ब्यबहार प्रस्तुत गर्दै आईरहेको देखिन्छ । अहिलेको बेलायती सेनामा भर्ती हुन यस्ता विभिन्न प्रकारको ब्यबहारहरु सहेरै पनि किन यति धेरै गोर्खालीहरु वर्षैपिच्छे होमिन्छन् ? यो पश्न अहिले आएर युवाहरुमा एक चुनौतीको रुपमा तेर्सीएको छ ।

बेलायतीहरुले जब नेपालीहरु साहसी, बलवान अनि सोझा हुन्छन् भन्ने थाहा पाए त्यसैबेलादेखि नै नेपालीहरुलाई उनिहरुको सेनामा भर्ती गराउन थालेका हुन् भन्ने कुरा ईतिहासले बताउछ । हाम्रा पिता पुर्खाहरुको भनाइअनुसार त्यस बेलामा भर्ती हुनको निम्ती केहि चाहिदैनथ्यो र कोहि पनि भर्ती भएर जान चाहदैनथे रे । अनि त्यो बेला भर्ती हुनको लागि बलिया भए पुग्थ्यो रे । त्यसैले कसैले पनि त्यतिखेर भर्ती हुन नचाहदा नचाहदै पनि बेलायतीहरुले चलाखीपुर्ण तरीकाले गाउँ गाउँ गएर भए पनि ललाई फकाई गरेर गाउँका सोझासाझा युवाहरुलाई जवरजस्ती भर्ती गराउथे रे । तर हालको भर्ती प्रकृयालाई हेर्ने हो भने पहिलेको तुलाना आकाश पातालको फरक पर्न आएको छ भन्दा कुनै फरक पर्दैन । अहिले पहिलेको जस्तो खोजि खोजि भर्ती गराउने चलन सुन्दा त कुनै सत्ययुगको लोककथा जस्तै भएको छ ।

अहिलेको भर्ती छनौट प्रकृयालाई हेर्दा विभिन्न प्रकारले एकदमै कठोर भन्दा कठोर शारिरीक तथा मानसिक कार्यहरु गराएको पाईन्छ जुन प्रकया एकदमै लामो हुनेगर्दछ तथापी भर्ती भइसकेपछि राम्रारी पैसा कमाउन सकिने अवसर भने मिल्छ । तर छनोट प्रकृयामा गाउँको युवाहरु र शहरी युवाहरुलाई एउटै दर्जामा, एकै ठाउँ राखेर गरिन्छ जुन एकदमै नमिल्दो छ जहाँ शारिरीक तवरले गरीने छनोट त मिलेको नै देखिन्छ तर दिमागी छनोटको आधारमा हेर्दा गाउँको सरकारी स्कुलमा पढेर आएका युवाहरु र शहर बजारको बोर्डिङ स्कुलमा पढेर आएका युवाहरुलाई एकै ठाउमा राखेर प्रतिस्पर्धा गराईन्छ । शारिरीक छनोटमा समान भए पनि बौद्धिक क्षमतामा गाउँको सरकारी स्कुलमा पढेको र शहर बजारको बोर्डिङ स्कुलमा पढेको युवाहरु विच आकाश पातलको जस्तै फरक छ । प्रतिस्पर्धालाई हेर्दा गाउँको गरिब युवाहरुको भर्ती हुने सपना केवल सपनामात्र यो छनोटले सिमित गरेको तीतो सत्य सबैलाई थाहै छ । यसले गर्दा अबको दिनहरुको छनौट शहरीया युवातिर मात्र केन्द्रित हुदै गईरहेको र अनि महँगो बोर्डीङ स्कुलमा पढेको उच्च बर्गको युवाहरुको लागि मात्र हो अनि गाउँका गरिब युवाहरुका लागि होइन भन्ने आभास आउन थालेको छ ।

अझ आजभोलि यो भर्ती छनौट पूर्व तयारीको लागि विभिन्न तालिम केन्द्रहरु पनि खुलेको पाईन्छ त्यसैले अधिकांस शहरी युवाहरु भारी पैसा तीरेर पनि ती तालिम केन्द्रहरुको सहारा लिने गर्दछन् । जुन तालिम केन्द्रहरु पनि प्रस्टै धनि बर्गका युवाहरुको लागि हो भनेर भन्न सकिन्छ । यसरी भर्ती हुनको लागि लगभग ४० देखि ५० हजारको हाराहारीको

संख्यामा युवाहरु करिब आषाढदेखि पौष महिनासम्मको यति लामो अवधिसम्म लाग्ने गर्दछन् जुन उनिहरुको लागि एक प्रकारको अग्निपरिक्षा जस्तै सावित हुने गर्दछ किनकी यो समय अवधि भित्र उनिहरुले आफ्नो भोक, तिर्खा, दिन, रात, दुःख, कष्ट, बेदना जुनसुकै कुराहरुको पनि पर्वाह नगरी साथै आफ्नो पढाईजस्तो अति संवेदनसील कार्यलाई पनि थाती राखेर उनिहरु भर्ती हुनका लागि जुट्ने गर्दछन् । तर अन्त्यमा ४० देखि ५० हजारको एकदमै ठूलो युवाहरुको समुहबाट ३०० देखि ३५० को हाराहारीमा मात्र भर्ती हुन सफल हुन्छन् र बाँकी असफल । यसले के देखाउछ भने थोरैले मात्र भर्ती हुने अवसर प्राप्त गर्दछन् फलस्वरुप उनिहरुको भविश्य राम्रो भएको मानिन्छ । उनिहरु आर्थिक रुपले सबल बन्दछन् त्यसैले उनिहरुको भावि सन्ततिहरुले पनि थुप्रै राम्रा अवसरहरु पाउँदछन् । साथै अरबौ रुपैया नेपाल भित्रने गर्दछ र देशको अर्थतन्त्रमा पनि टेवा पुग्ने गर्दछ ।

अव कतिपय असफल हुनेहरु असफलताको पिडाको फलस्वरुप नराम्रा कुलतमा लाग्ने गरेको पाईन्छ त कतिपयले गर्नै नहुने भयानक घटनाहरु पनि घटाउने गरेको पाइन्छ । अझ कोही कोहीले त यसैमा धेरै बर्षसम्म लागेर उज्ववल भविश्यलाई अन्धकार तर्फ धकेल्छन् र बाँकी जिन्दगी ज्यादै कष्टकर बनाउने गर्दछन् । यसरी प्रत्येक वर्ष हजारौ हजार युवाहरुले आफ्नो भविष्यलाई अन्योलतर्फ धकेलेर उनीहरुले आधाउधि जिन्दगी विताई सक्छन् । अव लगभग समयले डाँडा काटीसकेपछि अन्त्यमा आफू पछि फर्केर आफ्नो बाँकी रहेको पुरानो कामहरु जस्तै पढाईदेखि सम्पुर्ण कामहरुतिर फर्कन खोज्दा त्यो प्राय ढिलो भैसकेको हुन्छ । फलस्वरुप बाध्य भएर आफ्नो अनिश्चित भविश्य लिएर आफु सस्तोमा बन्धकी बनिएर विदेसीको भूमिमा पसिना बगाउन बाध्य हुनुपर्दछ ।

यसरी यो प्रकृयालाई हेर्दा यो एकदमै लामो र कठिन भएको प्रष्टै देखिन्छ । त्यसैले अबको दिनहरुमा प्रत्येक युवाहरुले आफ्नो भविष्यको बारेमा बिचार गरेर मात्र भर्ति हुने काममा हात हाल्नु पर्दछ । जबसम्म यसप्रकारको भर्ती प्रकिया रहिरन्छ तबसम्म युवाहरु एक प्रकारको बिरोधाभासपुर्ण स्थितितिर धकेलिरहन्छन् र युवाहरुमा हुनुपर्ने उत्पादनसिलतालाई ह्रास ल्याउछ । फलस्वरुप देशमा गरिबि, बेरोजगारी अशिक्षा, दुर्व्यसनि बढेर नजाला भन्न सकिन्न । त्यसैले यसलाई हामीले र सिंगो राष्ट्रले आजैदेखि सोच्नुपर्ने भएको छ ।

- मुचि

## आङ्लाई ओपो देलङा चाहेछुक्ता



- फुल कमल राई
*माक्पा-४, लुम्दु , खोटाङ*
*सोत्माली लुम्दुङ्गे*

आङ्लाई ओपो देलङा चाहेछुक्ता
मोना भने
ओ देलबिम कङ्कुङा
आङ्लाई जोना लुम्ता
मा स्वा सेल्पुकायो
कायो खल साउलोआ
ओपोङा खुर फलुकायो
थुक्मी लुम्ता
मो कायो
आङ्लाई ओ देलङा चाहेछुक्ता
मामबिङा पुहामआ जुहामआ
हाम कान्निम हिःकायो
उनी साथ
तोवि उनी संखुमायो
मामविङा पुर्सिम गोता
खुलु खुक्सु हामपो
नु बिकाङा
ओपो नु लुम्ता
ओपो नुबी
आङुङा मोतोनो खोने
ओ दुसु लाकाङा चाम्तो
मोयो,
मोयो आङु चाम्ना ईता
मोको ओ देलङा चाहेछुक्ता !!

***नेपाली रुपान्तरण***

मलाई मेरो गाऊ नै चाहिन्छ
मलाई मेरो गाउ नै चाहिन्छ
किनभने
मेरो गाउको पानीले
मलाई भिजाउन खोज्छ
ती झोर झाडी अनि
अनि सवै जंगलले
मेरै हात खुट्टा अनि
चाल चलन खोज्छ
त्यसैले मलाई मेरो गाउनै चाहिन्छ ।
त्यही बाउ बाजेले
बहाएको रगतसग उनीहरुको इमान
त्यही माथि उनिहरुको पसिना पनि
त्यही खनिएको छ ।
प्राचिन पूर्खाहरूको
नाम देखि नै
मेरो पनि क्रमस नाम खोज्छ
जहा मेरो नाममा
मनै छुइन भने
मेरो सगतबाट पनि हराउने छु
त्यही बेला म हराउनु हुन्न
त्यसैले मलाई मेरो गाउ नै चाहिन्छ ।
मुचि ॥

# सुचना

**आगामी "ईसिलिम" अङ्ग-९ को विशेष आकर्षण:**

- दुमि किरात राई फन्सिकिम "ईसिलिम"का सल्लाहकार श्री पर्ज बहादुर दिम्मचु राईसँगको भेटवार्ता ।
- हजूर पाछाको वंशावली
- दुमी किरात राई फन्सिकिमका आजीवन सदस्यहरुको विवरण

# दुमी किरात राई भाषाका ध्वनी तथा बर्णमाला प्रारम्भिक सर्भेक्षण

- प्रा.डा.माधवप्रसाद पोखरेल
- नेत्रमणि दुमीराई

## १. पृष्ठभूमि(Background):

आजसम्म दुमीराई भाषा 'दुमीरदुब्र' को खोज अनुसन्धानमा केही स्वदेशी र विदेशी जिज्ञासु एवं खोज अनुसन्धानकर्ताहरुबाट धेर-थोर मात्रमा चासो राख्ने काम भएता पनि लेखन पद्धतिमा भने कुनै निश्चित लिपी तथा ब्याकरण तयार भैसकेको छैन । यस अवस्थामा सरल र सहज किसिमबाट दुमीराई भाषाको संरक्षण एवं संवर्द्धनमा मेसो पत्ता लगाउने उद्धेस्यले दुमी किरात राई फन्सिकिम (दुकिराफ)को पहलमा त्रिभुवन विश्वविद्यालय, भाषाविज्ञान केन्द्रीय विभाग र नेपाल तथा एशियाली अध्ययन केन्द्र, कीर्तिपुरमा मिति २०६१ फाल्गुण ९ गतेदेखि सञ्चालित तीन दिने **'दुमी किरात राई भाषा ध्वनी तथा वर्णमाला पहिचान कार्यशाला'** मा दुमी किरात राई भाषा लेखन पद्धतिमा आवश्यक पर्ने वर्णमाला (ब्यञ्जनवर्ण, स्वरवर्ण र संवर्ण) निर्धारणको लागि आफ्नो मातृभाषा स्पष्ट बोल्न र बुझ्न सक्ने दुमीराईहरुको उपस्थितिमा विस्तृत छलफल एवं अन्तरक्रिया गरी निम्न ध्वनी तथा बर्णहरुको पहिचान गर्ने काम भयो ।

भाषाविज्ञानको अध्ययन पद्धति तथा अन्तरराष्ट्रिय ध्वनी तात्विक वर्णमाला (IPA–International Phonetic Alphabet) को आधारमा दुमीराई भाषामा पत्ता लागेका लिपीहरुमा देवनागरी लिपीको ३६ वर्णहरु मध्ये ञ, ट, ठ, ड, ढ, ण, श, ष, क्ष, त्र, ज्ञ वर्णहरु बाहेक जम्मा २५ वटा वर्णहरु प्रचलनमा रहेको पाइयो । दुमीराई वर्णहरुमा बहिर्गामी(Egressive)[सास भित्रबाट बाहिरतिर आऊने] उच्चारण मात्र प्रचलनमा रहेको पाइन्छ । जवकि अन्तर्गामी (Ingresive) उच्चारण यस भाषामा कहिँ कतै पनि पाइदैन ।

## २. वर्ण निर्माण पद्धति (Phonemes formation System)

जुनसुकै पनि प्रचलित भाषामा वर्ण पत्ता लगाउन लघुतम् युग्म (Minimal Pairs) बनाउनु पर्दछ । यसरी बनाइएका लघुतम युग्ममा पाइएको भिन्न वर्ण नै उक्त भाषाको एउटा वर्ण हुन्छ । लघुतम युग्मको अर्थ हुन्छ, दुईवटा शब्दहरु एउटा परिस्थितिमा मात्र फरक र अन्य परिस्थितिमा समानता भएको जोडी शब्द । अथवा, लघुतम युग्म हुनका लागि निम्न अवस्थाहरु रहनु पर्ने देखिन्छ ।

क. दुईवटा शब्द,
ख. एउटा परिस्थितिमा मात्र उच्चारणमा फरक,
ग. अन्यत्र उच्चारणमा समानता,
घ. अर्थमा फरक-

(क) भएमा - बर्ण (Phoneme)
(ख) नभएमा - संबर्ण (Allophone) हुन्छ ।

जस्तैः

काना /kn/ - टोक्नु
खाना /khn/ - तितो हुनु

माथि दिइएका लघुतम् युग्ममा सबै ठाऊँमा उच्चारण समान भैकन "क" र "ख" मा मात्र उच्चारणमा भिन्नता पाइएकोले सो लघुतम युग्मबाट "क" र "ख" (दुमीराई भाषामा) अलग दुई वर्णहरु हुन् भन्ने पत्ता लागेको प्रमाणित हुन्छ । अर्थमा देखिने यस किसिमको फरकलाई ब्यतिरेक (Contrast) भनिन्छ ।

३. **ब्यञ्जन वर्णहरु**(Consonant Phonemes)

उपरोक्त विधि 'लघुतम् युग्म'का आधारमा दुमी किरात राई भाषामा पत्ता लगाइएका जम्मा २५ वटा ब्यञ्जन बर्णहरु तल दिएबमोजिम छन् ।

## ब्यञ्जन वर्ण तालिका

| | **अघोष (voiceless)** | | **घोष (voiced)** | | **नासिक्य nasal** |
|---|---|---|---|---|---|
| | अल्पप्राण Inaspirated | महाप्राण aspirated | अल्पप्राण Inaspirated | महाप्राण aspirated | |
| हनुमुलीय (velar) | क | ख | ग | घ | ङ |
| स्पर्शोष्म (Affricate) | च | छ | ज | झ | |
| दन्त स्पर्श (Dent.plosive) | त | थ | द | ध | न |
| द्वयोष्ठ्य (Bilabial) | प | फ | ब | भ | म |
| अर्धस्वर (semi-vowel) | | | य, व | | |
| अन्तःस्थ (Approximant | | | र, ल | | |
| उष्म (fricative) | | स | | ह | |

४. **स्वरवर्णहरु** (Vowel Phonemes)

यसरी नै माथि अपनाइएको लघुतम् युग्मको विधिबाट नै दुमीराई भाषाका स्वरवर्णहरु समेत पत्ता लगाऊन सकिन्छ । दुमी किरात राई भाषाको बोलचाल र उच्चारणका आधारमा ह्रस्व(छोटो) र दीर्घ(लामो) गरी दुई किसिमको मात्रा प्रचलनमा रहेको पाइन्छ । दीर्घ जनाउन बिसर्ग (:) को प्रयोग गरिन्छ भने बिना बिसर्ग ह्रस्व बुझिन्छ । जस्तैः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| /अ/ | खल | /khala/ | जम्मै | /उ/ | खुलु | /khulu/ | छहारि |
| /अः/ | खलः | /khala:/ | गिठो | /उः/ | खुःलु | /khu:lu/ | उत्पति थलो |
| /अ/ | गल | /gala/ | प्रसादी | /उ/ | चुक्ता | /chukta/ | औंलाउछ |
| /अः/ | गःल | /ga:la/ | हेरचाह, | /उ़/ | चुक्ता | /chükta/ | जान्दछ |
| | | | | /उ़/ | चुक्ता | /chükta/ | छुचुन्द्रो |
| /आ/ | बाना | /bn/ | भन्नु | | | | |
| /आः/ | बाःना | /b:n/ | चुहुनु | /ओ/ | तो | /to/ | ल |
| | | | | /ओः/ | तोः | /to:/ | तान |
| /आ/ | खाना | /khn/ | तितो हुनु | | | | |
| /आः/ | खाःना | /kh:n/ | चित्त | /उ/ | नु | /nu/ | नाक |
| | | | | /उः/ | नुः | /nu:/ | मन |
| /इ/ | मिनु | /minu/ | मान्छे | /ए/ | हेङा | /henga/ | जस्तै |
| /इः/ | मिःनु | /mi:nu/ | मरोस् | /एः/ | हेःङा | /he:nga/ | अविछिन्न |
| /इ/ | किना | /kin/ | वाझ्नु | /ओ/ | दो | /tho/ | जाऊँ |
| /इः/ | किःना | /ki:n/ | किन्नु | /ओः/ | दोः | /tho:/ | कपाल |

जस अनुसार पहिचान गरिएका दुमीराई भाषाका १३ वटा स्वरवर्णहरु तल दिए बमोजिम् छन् ।

## दुमीराई स्वरवर्ण तालिका

| | | अग्र | | पश्च | |
|---|---|---|---|---|---|
| | | गोलित | अगोलित | गोलित | अगोलित |
| उच्च | ह्रस्व | | इ | उ | उ़ |
| | दीर्घ | | इः | उः | |
| उच्च मध्य | ह्रस्व | | ए | ओ | |
| | दीर्घ | | एः | ओः | |
| निम्न मध्य | ह्रस्व | | | | अ |
| | दीर्घ | | | | अः |
| निम्न | ह्रस्व | | | | आ |
| | दीर्घ | | | | आः |

## ५. दुमी स्वर वर्णहरुको लेखाचित्र (Graphs of Dumi Rai Vowels )

दुमी स्वर वर्णहरुलाई पहिचान गर्ने क्रममा त्रि.वि. भाषा विज्ञान केन्द्रीय विभाग, कीर्तिपुरमा प्रयोगात्मक विधिबाट निम्न दुमीराई शब्दहरुको ध्वनी परिक्षण गरी ती वर्णहरुको स्थीतिलाई निम्न अनुसार लेखाचित्रमा उतारिएको छ ।

/अ/ हप्ती /hapti/ पियो

/आ/ हाप्ती /hpti/ अड्कियो

/इ/ हिप्ती /hipti/ फाँड्यो

/ए/ हेप्ती /hepti/ अँगाल्यो

/उ/ हुप्ती /hupti/ घुसाऱ्यो

/उ़/ हुप्ती /hüpti/ सर्कियो

/ओ/ होप्ती /hopti/ अड्कल्यो

| स्वरवर्ण | /इ/ | /ए/ | /अ/ | /आ/ | /ओ/ | /उ/ | /उ़/ |
|---|---|---|---|---|---|---|---|
| $F_1$ | 441 | 482 | 715 | 840 | 541 | 520 | 491 |
| $F_2$ | 2112 | 2015 | 1081 | 1400 | 1196 | 1194 | 1281 |
| $F_2$-$F_1$ | 1671 | 1533 | 366 | 560 | 655 | 674 | 790 |

- मूचि ।

## वंशावली गतिबिधि

हालसम्म इसिलिममा वंशावली प्रकाशित भैसकेका दुमीराई पाछाहरुः

१. रंकासु (इसिलिम तेश्रो अंक)
२. रत्कु (इसिलिम चौथो अंक)
३. हदी (इसिलिम चौथो अंक)
४. सत्म (इसिलिम चौथो अंक)
५. मुरह (इसिलिम चौथो अंक)
६. हलक्सु (इसिलिम चौथो अंक)
७. वालक्पा (इसिलिम पाँचौं अंक)
८. लुप्पो (इसिलिम छैटौं अंक)
९. दिम्मचु (इसिलिम सातौं अंक)
१०. खवचु (इसिलिम सातौं अंक)
११. खारुबु (इसिलिम सातौं अंक)
१२. छाचुङ (इसिलिम आठौं अंक)

इसिलिममा बंशावली प्रकाशन हुन बाँकी दुमीराई पाछाहरुः

१. सरचु
२. हरसी
३. राईचु
४. हम्रुचु
५. तुरचु
६. जिपुचु
७. वालक्पु
८. रिप्लचु
९. हजूर

- मूचि ।

# 'इसिलिम' शुभकामना तिमीलाई



- बिष्णुकला दुमीराई, बाक्शिला, खोटाङ्ग
*duityful_gal_2@hotmail.com*

म डाक्टर, ईन्जिनियर या कुनै बिषयको बिज्ञ होईन । फेरी पनि पूर्व–पश्चिम, उत्तर दक्षिणमा छरिएर रहेका दुमी राईहरु बिच ईसिलिम जन्मिएको छ, साह्रै खुसी छु । मेरो नजरले अवलोकन गर्दा इसिलिम तिमी भाग्यमानी पनि छौ । किन कि भाग्य बनाउने काम विधाताको हातमा हुन्छ रे साच्चै तीम्रो भाग्य वनाउने विधाताहरु धेरै कुराको ज्ञाता हुनुहुन्छ । फेरी पनि तिमी एक्लो विद्वानबाट जन्मिएको इसिलिम पक्कै होइनौ । तिमीलाई जन्माउनको लागि बालकदेखि बृद्धासम्म निरक्षरदेखि शिक्षकसम्म पढ्नेले अध्ययन गरेर पर्नेले व्यवहारमा भोगेर तिमीलाई जन्माउनको लागि आफ्नो मिहिनेत र बुद्धि खर्चेका छन् । समष्टिगतमा भन्दा इसिलिम तिमी समस्त दुमीहरुको परिश्रमको नमुना हौ र तिमीले सफलता पाउनै पर्छ शायद मेरो मनसाय तिमीले बुझेको छैनौ । तिमीले मैले भन्न खोजेको कुरा बुझ्नको लागि अझै केही वर्षहरु पर्खनु पर्नेछ । मेरो भनाई बुझ्ने क्षमता तिमीमा अंकुराएका नै छैनन् । समयको खेल न हो त्यतिबेलासम्म शायद चाहेर पनि मैले मेरो मनको कुरा पोख्न नसँकूला या तिमीले मलाई चिन्न नसकौला । समयले आल्टाइ–पोल्टाई कहाँ–कहाँ पुऱ्याउने हो ? तिमी पऱ्यौ माइतीको धन म पर पराईको जन । भविष्यले नछुटाउन पनि सक्छ फेरी पनि म आँखा चिम्लेर ठोकुवा गर्न त कहाँ सक्छु र ......? त्यसैले मनमा लागेका केही कुराहरु तिमीलाई राख्दैछु ।

काठमाडौं शहरको यो भीडभाडमा तिमी नयाँ नाम इसिलिम लिएर जन्मिएको छौ । यहाँ तिमी जस्ता हजारौं इसिलिमहरु छन् । भलै नाम फरक हुन जाला तर उदेश्य, लक्ष्य र बाटाहरु सबै एकै हुन् । उद्देश्य नै फरक पनि हुन सक्छ । तर सबैको लक्ष्य भनेको क्षितिज छुनु नै हो । यो सहरी भिडमा सबैले हिडिरहेको बाटो नै तिमीले हिड्नु पर्छ । मलाई थाहा छ तिमी नयाँ छौ तर यहाँ कसैले तिमीलाई तिमी नयाँ छौ भनेर बाटो दिदैन । यो निष्ठुरी भनौ या स्वार्थी सहरको भिडमा तिमी आफैले आफ्नो बल बुद्धि खियाएर लक्ष्य पुग्ने बाटो खोज्नु पर्छ । एउटा बाटो भएर हजारौं हजारले हिड्नु पर्छ , भनौं तिमीभित्र कोरीएका अक्षर-अक्षरमा हजारौं हजारका आँखा परेको हुन्छ । हजारौ नजरलाई आफुप्रति केन्द्रीत गर्नु तिम्रो सफलता हो । जसरी एउटी युबतीले सौन्दर्यमा नभएर सुन्दरतामा कसैलाई लट्ट पार्छ भने तिमी त्यो सुन्दरीबाट केही सिक । शायद यसबाट पनि तिमीलाई अझ सुन्दरता थप्न केही खुराक मिल्न सक्छ । यात्राका नाममा तिमीलाई बिचमा धेरै अप्ठ्याराहरु आउन सक्छन् । बिसुद्ध जातिय, सँस्कृति, भाषा आदि बिषयको कुम्लो बोकेर हिड्ने क्रममा सबै तिमी जस्तै हुदैनन् । तिमी बजारको घुईचोमा नौलो छौ । अगाडी बढ्ने क्रममा तिमीलाई अंग्रेजी आँखाले हेप्न सक्छन् , उछृङ्खल नजरले खिल्ली उडाउन सक्छन्, स्थानीय नजरले (प्रभूत्व) एकाधिकार जमाउन सक्छन् । बजारको भिडमा तिमीलाई पेलेर बाहिर निकाल्न खोज्छन् । तर तिमी कहिल्यै आफ्नो धैर्य नगुमाउनु , उनिहरुले तिमीलाई केही गर्न सक्दैनन् किनकी तिमी भित्र तिम्रो उमेरको लगनशील, सृजनशील बिबेकी बिज्ञहरुले भरीदिएको दरीलो उर्जा छ ।

मलाई लागे अनुसार तिमीलाई यती मात्र बुझेकी तिमी भर्खरै मात्र कोदो रोपी सकेर , धान गोडी सकेर काठमाडौं छिरेका छौ । यहाँको रहन-सहनसंग तिमी बिरानो छौ । मानौ तिमी मीस नेपाल हुनको लागी एउटै स्टेजमा काठमाडौंबासी सुन्दरीहरुसंग खरो प्रतिस्पर्धा उत्रिएका छौ । उनीहरुलाई त के को डर, मान्छे चिनेको छ , ठाउँ देखेको छ , भाषा जानेको छ । भनौ त्यति अप्ठ्यारो छैन जति तिमीलाई छ । उनीहरुको बिचमा शायद तिमी पाखे हुन सक्छौ, एकलकाटे बन्न सक्छौ या जातीयताको मात्र कुम्लो बोकेर प्रतिस्पर्धामा उत्रनु खोज्नु अन्धो जस्तै बन्न पुगौला म भन्न सक्दिन तिमी अपबादकै प्रतिस्पर्धी पनि हुन सक्छौ । फेरी पनि म भन्छु तिमी संकोच नै नमानी प्रतिस्पर्धामा सहभागी होउ । भलै तिमी मीस नेपालको ताज पहिरिन नसकौला केही बिस्मात नमान । तिमी यो सम्झ, मीस नेपाल बनाउने ती हजारौ हजार हस्तीहरुले, लाखौलाख नजरहरुले तिमीलाई चिनि सके , यो भन्दा अरु तिम्रो सफलता के हुन सक्छर ? ताज पहिरिनु मात्र सफलता होईन, लाखौ लाखको नजरमा आफ्नो छुट्टै जातीय, साँस्कृतिक, भाषिक परिचय बोकेर चिनिनु पनि ठूलो कुरा हो । यस्तो सफलताले तिमीलाई आफ्नो बहुपासमा सधैं सधैं बाँधिरहोस, यही मेरो शुभकामना तिमीलाई ।

- मूचि

# मेरो भावना, मेरो आव्हान



- *उत्सव दुमीराई*

अहिले किरात राईहरुको प्रमुख चाँड साकेलाको रमझम छ । आज चाँहि वानेश्वरमा चण्डी नाँच्ने अरे । शुक्रबारको दिन स्कूलबाट आएपछि मात्रै थाहा पाएँ । मम्मीसित उहाँको साथी र उहाँको साथीको छोरो पनि जाने हुनाले म पनि जाने भएँ । हामी माइक्रोबस चढेर वानेश्वर पुग्यौं । त्यहाँदेखि केही ओरालो जानु पर्दोरहेछ । केहीबेर हिँडेपछि धोबी खोलाको किनारमा पुग्यौं । काठमाण्डौको बिशेषता साह्रै प्रदुषित र दुर्गन्धित रहेछ । त्यसैको छेउमा नाँच्ने ठाऊँ रहेछ । सायद हामी राईहरुको स्थान वर्तमान परिस्थितीमा यस्तै होला ।

गत हप्ता टुँडिखेलमा चण्डी थियो । त्यहाँ अलि फराकिलो थियो । मानिसहरू पनि निकै भेला भएका थिए । विभिन्न राई समुदायहरुले आरुनो सिली प्रस्तुत गरेका थिए । हाम्रो दुमी किरात राई फन्सिकिमले पनि यसमा उपस्थिती जनाएको थियो । तर यहाँ त तुलात्मक रूपले ठाऊँ साँघुरो थियो र मानिस पनि कम थिए । अनि किरात युवा क्लब (गल्ती हुन सक्छ) र किरात रदु नाछिरिङ साखामको आयोजना रहेछ । नाछिरिङहरूको सिली अलि ढिलो हुँदो रहेछ । युवा क्लबको भने सिली टिपाइ छिटो थियो, सायद चाम्लिङ सिली हुनु पर्छ । केही वृद्ध-वृद्धाहरू परम्परागत पहिरनमा सजिएका थिए । अरू प्रायः सबै अन्य पोसाकमा छन् । बरू केही पुस्ता भने परम्परागत भेषभुषामा सु-सज्जित छन् । चट्ट फरिया, चट्ट चोलो, पटुकी, चट्ट दौरा सुरुवाल अनि ढाका टोपी । कसै-कसैले चाँहि खुकुरी र खुर्पा पनि भिरेका । अझ कति महिलाहरूले हारी र खास्टो (बर्को) पनि पहिरिएका । कस्तो सुहाएको । एउटा पूर्व किरात महिला र पुरुष । यो देखेर म दङ्ग परैं । कति गुरुङ र गुरुङसेनीको मात्रै भेष हेर्नु, कति शेर्पा र शेर्पेनीको मात्रै पहिरन हेर्नु । कति नेवार र नेवारनीको मात्रै पोशाक हेर्नु । कति क्षेत्री–बाहुनीको मात्रै धोती-साडीचोली हेर्नु । आफ्नो छुट्टै पहिचान बोकेको हाम्रो भेषभुषाले पनि किरात राईलाई एउटा परिचय दिन्छ । तर विस्तारै बिलाउन थालेका यी सांस्कृतिक सम्पदा हिजोआज यसरी सबै पुस्ता माझ लोकप्रीय हुन थालेको देख्दा मलाई असिम आनन्दको अनुभूति भयो ।

ढोल र झ्याम्टाको यस्तो सुमधुर धुनमा जानी नजानी राई-भाइहरू र गैर-राईबन्धुहरू पनि कम्मर मर्काउदै थिए । यो देखेर मेरो मनमा एउटा प्रश्न चिन्ह उठ्यो । हुन त मलाई पनि चण्डी नाँच्न त आउदैन । चिनेका महानुभावहरू जाल्पा खरबारीको भएर पनि आउँदैन भनेर जिस्काउनु हुन्छ । तर म सानैदेखि धरान आफ्नो मावलो (मामा घर ) मा बसे । त्यसैले त्यति चासो भएन । खैर, जे भए पनि त्यस भिडमा मेरो मनमा अनेक जिज्ञासाहरू उब्जिरहेका थिए । मैले सोचें के यी यतिका भिडमा सबैले यस साकेला पर्वको महत्व बुझेरै यसरी जानीनजानी नाचेका हुन् त । कति जना हिपहप ड्रेसमा बेलाबेलामा पाइन्टमाथि सार्दै कम्मर मर्काइ मर्काइ नाचिरहेका हुन् त । सायद उनीहरू यसलाई केवल एक मनोरञ्जनका रुपमा लिइरहेका थिए । यदि उनिहरूको दृष्टिकोण यस्तै हो भनेर उनीहरू ठूलो भ्रममा छन् ।

हुन त साकेला पर्व एक मनोरञ्जनकै रुपमा पनि लिन सकिन्छ । वर्षभरी परिश्रम गरेपछि आराम र मनोरञ्जन गर्ने सुवर्ण अवसर (क्षण नै हो यो पर्व) । नयाँ अन्न लगाउने बेला प्रकृति, विभिन्न जनावर र आफ्ना पितृलाई अनुनय विनय गरेर आफ्नो कर्म थालनीको अनुमति र शुभकामना लिनेस्वरुप उभौली साकेला मनाइन्छ । अनि पछि अन्न थन्क्याउने बेलामा प्रकृति र पितृलाई धन्यबाद दिदै अर्को पटक यो भन्दा राम्रो गर्ने हौसला र क्षमता माग्दै उधौली साकेला मनाइन्छ । आफ्नो पितृलाई चढाएपछि वा देखाएपछि मात्रै नयाँ धान ग्रहन गरिन्छ । रोग व्याधि जाओस् , बाढी पहिरोले नसताओस् आदि भनेर पितृ प्रकृतिलाई गुहारिन्छ । तसर्थ यो पर्व पूर्ण रुपमा प्रकृति र पितृप्रति समर्पित पर्व हो । सिमे, भुमे (विशेष पथ्थर) खोलानाला, वनजङ्गल, पाखा देवी देउरालीलाई पुज्नु पनि यो पर्वको एक बिशेषता हो । आफ्नो कुवी तायामी (नागिरे)बाट विविध विधिहरू पुरा गरेपछि र मुन्धुम (किरात अलिखित शाश्वत ग्रन्थ बखानेपछि वीचमा सिमलको रूख गाडेर गोलो भएर हातमा सेउली (सिन्कौली लिएर चमर च्याङ्ग्राको रौं) हातमा नचाइन्छ । हाम्रो नागिरे पूर्खा किरात सभ्यताका उद्देश्य (माइति) खक्चिलिपुबाट प्रवर्तन गरिएको भनिने यो पर्व अति व्याबहारिक छ । यस बेला माया-प्रेम मात्रै होइन, मानिसको व्यबहार र कृयाकलापको दर्पण दिने किसिमको गीत गाइन्छ र सिलीमा नाचिन्छ । घाँस काट्ने, दाउरा चिर्ने, ओखलमा अन्न कुट्ने, अन्न भित्र्याउने जस्ता कृयाकलाप सभ्यताको अभिन्न अंग हो । यस्ता कृयाकलापलाई यस नृत्यले प्राचीन

किरातको रीतिरीवाज र चालचलनको प्रतिनिधित्व गरेको छ। यो पर्व मानबिय संवेदनाले भरिपूर्ण छ। हामीले यस पर्वबाट अनेक कुरा सिक्न सक्छौं। हामीले सबै जीवजन्तुलाई समान ठानेर मानिसकै व्यवहार गर्नुपर्छ किनकि उनीहरू पनि हाम्रै माता नायमा (सुम्निमा)का सन्तान हुन्। हामीले प्रकृतिको आदर गर्नुपर्छ र प्रकृतिको संरक्षण एवं संवर्द्धन गर्नुपर्छ। पितापूर्खा भनेको हाम्रा अग्रज हुन्छ। तसर्थ उनिहरूको पथ पहिल्याउनु र उनीहरूको सत्कार गर्नु हाम्रो परम् कर्त्तव्य हुनेछ। यी त सामान्य शिक्षा भए। हामी कर्मशील र परिश्रमी बन्नुपर्छ। असफलतासित जुध्नुपर्छ। लगनशील स्वावलम्वी र कर्तव्यनिष्ठा हुनुपर्छ। हामीले यस पर्वको प्रत्येक क्षण अनेक पाठ सिक्न सक्छौं। तसर्थ हामीले यस पर्वको सही मूल्य र अर्थ जान्नुपर्छ। बुझ्ने कोसिस् गर्नुपर्छ। हावाको भरमा साकेला पर्व मात्रै होइन, हाम्रो संस्कृति र पहिचानप्रति नै खेलवाड गर्नु हो।

गुरुङको रोदी र घाटु, मगरको कौरा, क्षेत्री वाहुनको भजन,तीज र रतौली, शेर्पाको सेब्रो र तामाङको सेलो भनेझैं र लिम्बुको धान र च्याब्रुङ भनेझैं हामी किरात राईको अलग पहिचान बोकेको पर्व साकेला हो। साकेला सम्पूर्ण किरात समुदायकै चिनारी हो। कयौं सयौं पुस्तादेखि चलिआएको एक अन्योन्याश्रित सम्बन्ध गाँसिएको परम्परा साकेला हो। यो पर्व हाम्रा पूर्खाहरूद्वारा हस्तान्तरित नासो हो। तसर्थ साकेलालाई हामी सबैले वास्तविक ढङ्गबाट मनाऔं। अनि हाम्रो आगामी पुस्तालाई पनि यसको महत्वको परिचय गराउदै यो पर्वलाई अनन्तसम्म जीवन बनाउने महान् कार्यमा संलग्न होऔं। यति मात्रै गरिदिए पनि आफू किराती भएर किरात समुदायप्रति लगाउनु पर्ने गुनहरुको अभिभारा पूरा हुन्छ। अनि मात्रै आफूलाई नाक ठाडो पारेर हामी वीर किरातीका सन्तान हौं भनेर भन्न सक्छौं। नत्रभए आफ्नो सारा स्वाभिमान ती आर्य क्षेत्री बाहुन कहाँ सुम्पिएर उनिहरुको अगाडि शीर झुकाउनु बाहेक अरु केही उपाय बाँकि रहदैन।

परन्तु यो भावना म एकजना मात्र होइन समस्त किरात बन्धुहरुमा हुनुपऱ्यो। अनि मात्र बन्छ किरात एकताको अभियान सफल। तर धिक्कार छ ती जसले किरातीको स्वाभिमान बेचेको छ र किरातीको नझुक्ने उच्च शीर ती अभिमानी जातका अगाडि झुकाएको छ। यस्तो विचारधारा आज सबै किरातीको मन मष्तिष्कका खाँचो छ।

**यस्ता धेरै भावना/कुरा मनमा खेलाएपछि यस धार्मिक स्थलबाट सबैसित आफ्नो गन्तव्यतर्फ लागे फेरि मनमा कुरा खेलाउदै-खेलाउदै। माङ, सुम्निमा र पारुहाङले सबैको रक्षा गरुन् मनोकामना पूरा गरुन्।**

- मूचि

# गीत



- तेजमाया मुरह दुमीराई

*भीमिचा मआ (सुमरआ)[२]*
*दुङकीती ईङकी सागोमिन्आ (लेनुनी हो छुमीनी)*
*गाई मऱ्यो के ले रोगैले*
*भेटीयो हामी जोगैले, गीत गाउन हो नाचौंन*
*साप्लुवी सोसेल (कोक्कीती)[२]*
*अङकु दुमी खल तुक छुक्किती (लेलुनी हो छुमिनी)*
*जंगलमा घाँस काटौं है*
*हामी सबै दुमी एक हौ है, गीत गाउन हो नाचौंन*
*आङ दुमी दुमी (चेतन)[२]*
*ईङकी रिदुम हदुम चाम्नु ईतन (लेलुनी हो छुमिनी)*
*म धेरै धेरै बोल्दिन*
*हाम्रो भाषा संस्कृति हराउनु हुदैन, गीत गाउन हो नाचौंन*
*रुम्जु सेन्नु (मासुफ्ना)[२]*
*ईङकी बजेनु खानुप्पा (लेलुनी हो छुमिनी)*
*हिमाल हेर्न अघाइएन*
*हाम्रो भाषा बोल्नु राम्ररी, गीत गाउन हो नाचौंन*
*ईङकी आ आवोए (लुक्तिनीन)[२]*
*हाप्पो व चामक घल्पु छुक्तिन (लेलुनी हो छुमिनी)*
*हामीले कसैलाई घोच्दैनौं (भन्दैनौं)*
*आफ्नो भाषा हराएर ठूलो भइदैन, गीत गाउन हो नाचौंन*

*- मूचि*

# छि युङ



*टंक खारुबु राई*
*माक्पा-४, लुम्दु, खोटाङ्ग*

राजाखा खुचो सबमलाखा खुचो, तुवु यो तुनखइसी
(सालेवा गुक्सा साखेवा गुक्सा, खलङा जुनखइसी)[२]
छिरुकु गप्सो मिरुकु गप्सो, रूवाकु गमखोइसी
(गान्पापो मिवा नवा, उलान्चु छुनखइसी)[२]
सिम्पानी खुचो दुमिलु खुचो, खो खेइसु माम्बियो
(कुबिमीकायो सेलेमीकायो चेइसु तुम्लोयो)[२]

***नेपाली रूपान्तर–मासी गल्यो***

राजाखा गएँ, सामलाखा गएँ, निधार ठोकियो
सीलस्वभाव र वोलीवचन भएको सबै खाइसकियो !
खोलानाला सवै तर्दै रावा खोला नै नाघिगइयो!
गान्पाको इष्ट मित्र उल्टो भइगइयो !
सिम्पानी गएँ, दुमी ढुङ्गा गएँ, केही सोचें त्यहाँ!
पितृपूर्खासँग झाँक्री धामीसँग सिके कुरा पनि !!

लघुकथा

# अभागी विनोदको विवशता

- *बिनु दुमीराई*

विनोद सानै छँदा उसको बाबु पैसा कमाउन इण्डियातर्फ लाग्दा बाटामा दुर्घटना भई मृत्यु भयो भने आमाले काठमाण्डौको ठाउँमा चर्खा (धागो) काढेर, गीटी कुटेर भएपनि छोरा र आफ्नो जीवन गुजारीरहेकी थिइन्। छोरालाई भविश्यमा देशको एक होनाहार व्यक्ति बनाउने सपना बोकेकी थिइन्। सोहीअनुरुप हुने बिरुवाको चिल्लो पात भने झैं विनोद एकदमै मेहनेती र परिश्रमी थियो। सबै साथीहरुमा उ फरक देखिन्थ्यो। नम्र भएर बोल्नु, सानालाई मायाँ गर्नु, ठूलालाई आदर गर्नु उसको जन्मजात गुणसरह थियो। यसैगरी उ कक्षाका प्रथम, दोस्रो हुदै जान्थ्यो। आमा छोराको सफलतामा निकै खुशी हुन्थिन्। अझ हौसला दिन्थिन्। सदा आशिर्वाद र अर्ति उपदेश दिइरहन्थिन्। बिनोद जुनबेला कक्षा पाँचमा पुगिसकेको थियो।

तर उनीहरुको यो खुशी सदादिन रहन सकेन। विनोदको जीवनमा पुनः कालो बादलले छायो। विचरालाई के थाहा जीवनमा यो क्षण आउँछ भन्ने। आमालाई मुटुको रोग लाग्यो। उपचार गर्ने खर्च थिएन। परिणामस्वरुप आमापनि परलोक भइन्। अब विनोदको हालत के भयो, एकछिन सोच्नुस् त ? विचरा ! विनोदसँग न त टन्न सम्पति नै थियो, न त उ कमाउन सक्ने नै भएको थियो। अब उसको दिनभर गल्ली चहार्नु बाहेक अन्य विकल्प छैन। ती कलम र कापी समाउने हातहरुले सडक र कन्टेनरमा प्लास्टिक टिप्न थाले, किताब फर्फराउने ती ओठले दयाको भिख माग्दै हिड्नुपऱ्यो। यति नगरेर के गरोस् त यो समाजका मान्छे नै यस्तै छन्।

जो आफ्नो स्वार्थको लागि धर्म छाड्छन्। बालअधिकार को नाउँमा भाषण छाट्छन्। तर व्यवहारमा एक रति उतारदैनन्। अब उसको न त विचरा भन्ने , न त सहारा दिने कोही छ, आफूमात्र। तर उसलाई बाँचेर आमाको सपना सजाउने इच्चा छ तर अफ्सोच कसरी ? यस्तैमा एकदिन बिनोदलाई अलिअलि टाऊको दुख्यो। पुष महिनाको कठ्याङ्ग्रीदो जाडो छ, ज्वरोले साह्रो पार्दै लग्यो। सडकको पेटीमा कारुणिक मुद्रामा आमा....ऐया शब्द प्रतिध्वनीत गर्दै प्यासले, भोकले, रोगले छट्पटिरहयो। मनोवेदना सुनाइरहयो। तर उसलाई कसैले हेर्ने प्रयाससम्म गरेनन्।

- मूचि

# आँशु

- *अन्जना राई, माक्पा–६, (नोरुङ्ग), खोटाङ्ग*

*आँखाभरी भर्ने आँशु*
*झर्नासरी झर्ने आँसु*
*दु:ख-सुख जीवनको भोगाइमा*
*पनि झरिदिन्छ आँशु*
*खोलाको पानी झै छल्किएर*
*आफै पनि झरिदिन्छ आँसु*
*कल्पनाको सागरभित्र तरङ्गित*
*भइ तैरिदिन्छ आँसु*
*मनका लक्ष्य पुरा गर्न*
*गाह्रो हुदा झरिदिन्छ आँसु*
*दु:खको भुमरिभित्र डुब्नपुग्दा*
*सहारा बनिदिन्छ आँसु*
*कहिलेकाही हर्षले आकाश चुम्दा*
*खुशीको प्रतीक बनिदिन्छ आँसु*
*बाध्यता र विवशताले बाधिएको*
*जीवनमा मूल्यहिन बनी झरिदिन्छ आँसु*
*भोक र पीडाले छटपटाइरहेको*
*बेला पनि छल्किदिन्छ आँसु*
*रीतो मनभित्र माया भरिदिने*
*कोही नपाउदा झरिदिन्छ आँसु*
*विरहको गहिराइमा डुब्न पुग्दा*
*पनि त्यसै झरिदिन्छ आँसु*
*गरीबहरूको झुप्रोभित्र अनियन्त्रित*
*भइ बगिरहन्छ आँसु*
*धनीहरूको महलभित्र पनि गतिशील*
*भइ बगिरहन्छ आँसु*
*त्यसैले धनी, गरीब, नारी, पुरूष*
*भनी कसैलाई छुट्याउदैन आँसु*

- *मूचि*

# अविवाहित

- *गुणराज दुमीराई, संखुवा–सभा*

जीन्दगीका साठी बसन्तहरू पार गरीसक्दा भोगिएका सबै पलहरू आज एक एक गरेर सम्झन त म सक्दिन । तर जीवनको त्यो एक मोड र त्यस अवधिमा भएको एक घट्नाले मेरो जीवनलाई यस्तो अवस्थामा ल्याईदियो । जुन अवस्थामा म आज गुज्रेको छु । हुन त त्यो घट्नाले मलाई अमानव वनाएन । जीवन जिउनै नमिल्ने पनि बनाएन । जीवनमा आई पर्ने यावत सजिला र अफठ्याराहरूबाट एक न एक फाइदा लिने प्रयासबाट आज म प्राध्यापक जस्तो गरिमामय पदमा आसिन छु । त्यसलाई उपलब्धी मान्ने हो भने त्यो घट्ना मेरो लागि आवश्यक थियो । तर जीवन सम्बन्धी प्राकृतिक नियम पालना नगर्ने निर्णय पनि त्यहि बेला गरेको थिएँ । आज सम्म पनि म भन्न सक्दिन यो मेरो निर्णय सही थियो या गलत ।

संसारमा मानिस प्राप्ति र अप्राप्तीहरूमा आफ्नो सफलता नाप्छन् । नपाउनेहरू भाग्यलाई दोष दिन्छन् । पाउनेहरू पनि जति पाएकोमा असन्तुष्ट छन् । उसैलाई थाहा छैन उ आफू कहिले र कतिले सन्तुष्ट हुने हो । जानी नजानी कहिल्यै पूरा नहुने आवश्यकता बीच रूमलीरहन्छ मान्छे । म पनि त आज यस्तैहरूको भीडमा एक भएको छु । आफैले लिएको त्यो निर्णयबाट भोगेको यो यथार्थलाई म भाग्यसंग जोड्दै छु र भन्दै छु मेरो भाग्यमा यस्तै लेखिएको छ सायद ।

प्रौढ अवस्थामा पुगेपछि मैले जस्तै सबैले आफ्नो विगत फर्केर हेर्दा हुन् । कतिले मीठा विगतले बर्तमानलाई मात खुवाई मुटु खुम्चदो हो । विगत राम्रो नहुनेहरू अहिले सुधेको अवस्थामा गर्व गर्दाहुन् । विगत जस्तै वर्तमानमा गुज्रेकाहरू सबैकुरामा असन्तुष्टी जनाउदै स-प्रेम काल पर्खेर दिन बिताउँदा हुन् ।

मलाई मेरो त्यो चौतीस बर्ष अगाडीको विगतले चिमोटी चिमोटी भन्छ "तैले गलत निर्णय गरिस" । तर म भन्छु त्यो निर्णय गर्नु मेरो वाध्यता थियो । बाध्यतामा गलत निर्णय गर्नु भूल होईन । "किन गरिस यो निर्णय ? किन विकल्प सोचिनस् ? आज हुने यो परिणतीबारे किन अनुमान लगाइनस् ? " मेरो एक मनले प्रश्न गर्छ । म मौन छु । दुखीरहेछु एक्लै एक्लै यो मेरो प्रौढ दिनहरूमा आज भोली अनुत्तरीत ।

चौतीस वर्ष अगाडिको यो घट्ना जुन घटना मेरो लागि प्रेरणाको स्रोत थियो । त्यही घटना आज बिझाउने यादहरू भएर बल्झिदिन्छ । मन सम्हाल्ने मेरा प्रयत्नहरू काँचले प्रकाश छेक्ने दुष्प्रयास जस्तो निष्फल हुन्छन् । भिष्मको जस्तो लाग्ने अबिबाहित रहने प्रतिज्ञा भिष्मले जस्तै पुरा गरेंर भिष्मले जस्तै आज म पछुताउ गर्दैछु । फरक यति छ म मेरो अर्जुनहरूलाई मेरो जस्तो प्रतिज्ञा नगर्न सुझाव दिन नसक्ने अवस्थामा छु । हुनसक्छ म भित्रको त्यो दम्भ अझ झुक्न चाहँदैन । आफैलाई अझ चूर पार्न मृत्युसम्मै ररिहन्छ सायद ।

चिटिक्क मिलेको शरीर लाम्चो परेको गोरो अनुहार, बोलाईमा मिठास, मृदु मुस्कान, गजलकारले गजलमा वर्णन गरेको दिलरूवा जस्ती उनीलाई देखेपछि म झन्डै पागल भएको थिएँ । आफैलाई आफ्नो मनलाई धेरै चोटी सम्झाएँ त्यो मेरो हैसियत हैन भनेर । तर आफ्नै मन भन्ने गर्थ्यो के कम छ र ममा उनको अघि पढाई छ सानो तिनो नोकरी छ । कर्तव्य परायणता, इमान्दारी र राम्रा सम्भावना अघि उनी पनि पग्लिन्छिन् । त्यसमा पनि आफ्नो साथी मार्फत चिनजान भएकी उनी ।

दिन विते, रात विते र महिना विते । तर उनीसामु मनका कुरा राख्ने मेरो आँट थिएन । सायद औधी मन पराएपछि मनका कुरा भन्न सबैलाई अफ्ठेरो नै हुँदो हो । तर कति दिन यसरी पिल्सीएर बस्ने भन्ने विचार मनमा आएपछि साथीलाई यो कुरा राखें । उसबाट पनि सकारात्मक कुरा आएपछि मैले उसैको सल्लाह बमोजिम उपयुक्त मौका पारेर उनलाई मन पराएको कुरा बताएको थिएँ । त्यसबेला उनको उत्तर नकरात्मक त थिएन । तर स्वीकारोक्ती पनि थिएन । त्यस बारेमा विचार गरिसकेको छैन भन्ने उनको उत्तर मेरा लागि केही आशा लाग्दो थियो भन्ने मैले ठाने ।

आफूले आफूलाई हेर्नु र अरूले आफूलाई हेर्नुमा धेरै फरक छ होला सायद । कसैले आफूलाई बढी आँक्छन् त उसैलाई अरूले कम । कहिले आफूलाई कम आँके अरूले बढी । मानिसले घटना परिस्थिति र बस्तुलाई बुझ्ने तौर तरिका यति फरक हुन्छन् कि त्यो फरक नै सम्बन्धमा बाधा पनि भई दिन्छन् । उनले पनि मेरो बारेमा के सोच बनाएकी थिइन् कुन्नी । मेरो साथीले गरेको मेरो बारेको वर्णनलाई कसरी लिएका थिइन् कुन्नी । तर आज बुझ्दा उनको आकांक्षासँग मेरो यथार्थता मेल खान्नथ्यो सायद ।

उनी सँगको अर्को भेट त्यसको एक महिना पछि मात्र भएको थियो । कामको सिलसिलामा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा गएको बेला उनी पनि त्यही काम विशेषले आएकी रहिछिन् । उस्तै मृदु थियो मुस्कान म प्रतिको व्यवहारमा

कुनै फरक देखिएन । ठट्टा गरेर बोल्ने उनको बानी उस्तै थियो । ठट्टै ठट्टामा उनले भनेकी थिईन "पासपोर्ट बनाएर बिदेशतिर भासिने सुरमा हुनुहुन्छ की सार्वजानिक अपराधमा तारेख धाउँदै हुनुहुन्छ ?" मलाई पनि उनको जस्तै प्रतिप्रश्न त आएको थियो । तर मलाई लागेथ्यो उनलाई यसरी प्रतिप्रश्न गरेमा उनले म प्रति बनाउने धारण फरक पर्ला । त्यसैले सीधासीधा उत्तरमात्र दिएको थिएँ । त्यसबेला म पासपोर्ट नभएर हराएको नागरिकताको प्रतिलिपि लिन प्रशासन कार्यालय धाउने क्रममा थिएँ । संगै बसेर चिया पिउने आग्रहलाई बिना कुनै हिचकिचावट स्वीकार गरेकी थिईन । उनको पनि अधिकृतबाट प्रतिलिपि प्रमाणित गराउने काम सकिएपछि संगै बाहिर गेटसम्म आई औपचारिक बिदाईका शब्दहरूका साथ विपरीत दिशातर्फ छुट्टिएका थियौं ।

त्यसपछिका दिनहरू केवल उनको साथ बात्चित भएको केही पलहरूको मीठो संभना र उनलाई पाउने र संगै जीउने भविष्यको मीठो कल्पनाको साथ बिताउँदै थिएँ । त्यही समय मेरो एम. ए दोस्रो बर्षको परिक्षाफल प्रकासित भयो । अंग्रेजी विषयको विद्यार्थी म । परिक्षाको नतिजा हेर्दा म प्रथम श्रेणीमा उतिर्ण भएको पाएँ । त्यसपलको मेरो छटपटी अहिले सम्भन्छु र आफैं देखि लजाउँछु । उनलाई कहाँ भेटु र सुनाउँ यो कुरा भन्ने लागेर कोठामा कति ओहोर दोहोर गरें पत्तै भएन । मेरा सफलतामा खुशीले चम्केका मेरा आमा बाबाका अनुहार राम्ररी पढेको थिएँ त्यस अगि पनि । मेरो सफलतामा मनचित्त मिल्ने साथीहरूले देखाएको हर्षभाव राम्ररी पढेको छु मैले । त्यस अर्थमा त्यसवेला मलाई लागेथ्यो उनी मेरी भईदिएको भए यो सफलता सुनेर हर्षले आँखा रसाएको देख्न पाएको भए ! तर त्यो पल मेरो लागि मीठो कल्पनामात्र भयो । त्यस बेला मैलै थाहा पाएँ, आफ्नो खुशीमा मुस्कुराउने आफन्तको अनुहार नभए आफ्नो सफलतामा फगत एक्लो र माउन सकिन्न । मेरो जन्म दिने आमा बालाई नै गुमाई सकेको अवस्थामा मलाई त्यो मेरो सफलतामा "स्यावास" भन्ने कोही भएन । कुनै त्यसैले त्यो सफलताको कुनै मूल्य नै रहेन । बुबा आमा पछि अविवाहितको मनमा एउटा कल्पना हुँदो रहेछ । त्यो आफ्नो जीवन साथी र उनीसंगको साथ जीवनका मधुर कल्पनाहरू । नतिजा प्राप्ति पछिको केही पल त खुशी नै थिएँ । तर हठात् आफ्नो सामू खुशी बाँड्ने कोही नभएपछि आफैलाई बोभ भैं लाग्यो । यस्तो लाग्यो, यो मेरो सफलता मेरो बुबा आमाको जीवन भएको बेला नै पाएको भए !

प्राय: युवा अवस्थाका पुरूष हुन् या नारी एक न एक किसिमका मानसिक चिन्ता वा भयले ग्रस्त हुन्छन् । भावी जीवनमा बहन गर्नुपर्ने उत्तरदायित्व, सँगैका सहपाठीहरूको उपलब्धीसँग आफ्नो अवस्थाका दजाई जंस्ता कुराहरूले मानसिक तनाव सृजना गराएका हुन्छन् । यस्ता तनावहरूका मारे आफ्ना अबोधबालापनका रमाइला दिनहरू सम्भेर तड्पिन्छन् उनीहरू । मुहार हाँसे पनि मन विचलित हुन्छ उनको । त्यही अवस्था पार गरें मैले पनि । त्यसपछि लाग्यो, देखाई र सोचाई भन्दा बढी भोगाई रहेछ जीन्दगी । कसकसले के सोचेका हुन्छन् र के पाउँछन् । सोचेका कुरा नपाउनुले हतास उनीहरू कुलतमा पनि लाग्छन् र जीन्दगी बर्बाद पार्छन् । तर त्यस्तै परिस्थितिमा पनि मैले शिक्षित हुनुको दायित्व सम्भिनु थियो । त्यसैले जीवन गुजाराका साथै देश सेवाको भावनाले शिक्षण पेसामा लाग्ने निधो गरें । २०२६साल तिर एम. ए. गरेको व्यक्ति यसमा पनि अंग्रेजी विषयमा स्नातकोत्तर गर्ने व्यक्तिको अभावै थियो । त्यसैले नोकरी गर्ने मेरो चाहानामा कुनै समस्या नै भएन । त्रि.बि.मा अंग्रेजी विषयको प्राध्यापन गराउने काम शुरू गरे पछिका दिनहरू सामान्य बित्दै थिए । त्यसपछिको एक घटनाले मैले अविवाहित र हने निर्णय गर्न पुगें ।

कुरा उही थियो, मैले मन पराएकी उनीसंग फेरि भेट भयो । उही आराम कुशलका कुराहरू भए । उनी पनि एउटा निजी कार्यालयमा कार्यरत भएको कुरा साथी मार्फत नै थाहा पाएको थिएँ । उनले मलाई सोधिन् "के गर्दै हुनुहुन्छ ?" "उही गुजारा चलाउदै छु. त्रि. वि.मा अंग्रजी प्राध्यपन गराउने मौका पाएको छु । सायद यहाँहरूको आशिर्वादले होला "। मेरो उत्तर थियो । "बधाई छ , त्यो तपाईको मेहनत हो , हाम्रो आशिर्वाद केही पनि छैन । " उनको ठट्याउलो जवाफ थियो ।

केही वेर मौनत छायो । एक अर्काले बोल्ने आशामा दुवैको ओठ चलेनन् । त्यो मौनतालाई तोडेर मैले नै उनलाई केही भन्ने निर्णय गरेंर भने "नीता जी ! तपाईलाई एउटा कुरा सोधौं ?" "अँ साध्नुस न" उनको अनुमति थियो । यहाँलाई थाहा छ म यहाँलाई मन पराउछु तपाई मेरो लागि आदर्श नारी हुनुहुन्छ । त्यसैले अहिलेको यो नातालाई अफ नजीक बनाउन चाहन्छु । पहिले भन्नु हुन्थ्यो नि, यसको बारेमा निर्णय गरेकी छैन । सायद अब त निर्णय गर्नु भयो होला " मलाई यो कुरा भन्दा भन्दै उनको अनुहारको भाव बिग्रेको आभाष हुँदै थियो । अव आउने उनको प्रतिक्रियाबाट म त्रस्त थिएँ । उनको जवाफ नकरात्मक हुने मैले ठहर पाउदै थिएँ । तर किन ? मनमा प्रश्न पनि उठ्दै थिए । त्यतिकैमा उनले भनिन्, "महासय ! औकात र आकास मिल्नु पर्छ भन्छन् । म के गरू, म त भन्छु नाता जोडौं । तर पापी मन छ नि यो , यसले मान्दै मान्दैन । त्यसैले मलाई माफ गरिदिनोस न हुन्न ? हेर्नोस न अहिले साँफ पर्न पनि लाग्यो म घर जान्छु पछि भेट्दै गरौंला नि हुन्न ?" यति भनेर उनी बाटो लागिन् । के गर्न सक्थें र म उनलाई निर्निमेस हेर्न बाहेक । मनमा के हो गाँठो परेर आयो । बाबु आमालाई सम्भें वहाँहरूको

चाहाना थियो आफ्नो जीवन छँदै छोराको घरजम भएको हेर्ने। त्यो सपना त पुरा भएन भएन। म एक्लो हुँदा मनले खाएको व्यक्तिबाट त्यस्तो प्रतिक्रिया पाउँदा जस्तो हुनु थियो त्यही भयो ममा। के भनौं त्यो उनको दम्भ भनौं या मेरै दुष्प्रयास। औकातको कुरा गर्दा उनी कूल घरानकी नै थिईन्। विज्ञान विषयमा स्नातक उनी, हेर्दै खाईलाग्दी त्यसै कूल घरानमा व्यवहार हुने संभावनाकी उनी। त्यसैले तुलनात्मक रूपमा एक्लो र अर्थिक रूपमा सबल नभएको म उनको नजरमा अडिन सकिन। त्यसैबेला मलाई मेरै मनले प्रश्न गऱ्यो, के उनीमात्र तेरो लायक नारी हुन्? के नारीकै लागिमात्रै तेरो जन्म भएको हो र? के तेरो दायित्व विवाह गर्नु र गुजारा गर्नुमा सीमित हुनु पर्ने हो र? वास्तवमा यी प्रश्नहरूले मलाई धेरै घोचे। संसारका प्रशिद्ध व्यक्तिहरूका जीवनी संभें। उनले गरेका त्याग संभें र एउटा निर्णय गरे, मैले पारिवारिक स्वार्थ त्यागेर देशको सेवा गर्नु पर्छ। आफ्नो बल बुतोले भ्याएसम्म र आफ्नो प्राण नजाउन्जेलसम्म देशको लागि केही गर्नु पर्छ। म मेरो प्राध्यापन पेशाबाट पनि देशको सेवा गर्न सक्छु भन्ने अठोट मेरो मनले गऱ्यो। त्यही बेला मैले यो निर्णय गरें, "म विवाह गर्दिन। विवाह विना एक्लै पनि जीवन यात्रा तय गर्न सक्छु। नितान्त बेग्लै तरिकाले।

मैले काटेको लख ठीकै भएछ। उनी कुल घरानकी बुहारी भएर गएको कुरा साथी मार्फत सुने। त्यसले मलाई चोट त दियो तर जस्तै चोट परे पनि समयको निरन्तरतासंग आफु पनि बहनु पर्ने थियो। दृढताको बाघजुध पनि एकचोटी राम्रो लागेको कुराको याद मनमा क्यै गरी आउँदो रहेछ। फेरि त्यो याद पनि समयले पखाल्दै लाँदो रहेछ। यसो संभदा त के छ र, एउटी केटीलाई मन पराएको थिएँ। उनले मन पराईनन्, त्यो भन्दा अगाडी सम्बन्ध बढेन। त्यति न हो। तर मानव मन संवदनशील हुने रहेछ। मानवीय संवेदनामा अरूलाई साधार ण लाग्ने घटनाहरूले पनि निकै गहिरो चोट पुऱ्याउँदो रहेछ। समयले त्यो घाउलाई पुर्दै त लग्यो। तर कहिलेकाँही यसरी बल्भी दिन्थ्यो, लाग्थ्यो जीवन गती नै बन्द गरूँ। जीन्दगीका यस्ता भावावेशहरूले धेरै दुर्घटनाहरू निम्त्याएका छन्। तर ममा सचेत मनको उपज, त्यतिवेला दायित्व वोध हुन्थ्यो, 'मैले केही गर्नु पर्छ'। यस्तै कर्तव्यबोधको कारण म मेरा दिनहरू सार्थक रूपमा विताउन सक्षम भएँ। एक किसिमले म खुशी छु। जीवनका यी दिनहरूमा सोच्दै नसोचेका, देख्दै नदेखेको मेरा छोराछोरी जस्ता विद्यार्थीहरूलाई बाटो देखाएर देशका कर्मठ नागरिक बनाएको छु। डाक्टर, ईन्जिजियर, पाईलट, उद्योगपति र व्यापारी भएका छन्। भेट भएको बेला सम्मान दिन्छन्। त्यस वेला म त्यही आनन्दलाई पारिवारिक जीवनको आनन्द ठान्छु। मेरा छोराहरू, मेरी छोरीहरू एक दुईमात्र छैनन्। ३४ वर्ष लामो मेरो कलेजको पारिवारिक जीवनमा मैले हुर्काएका मेरा सन्तानहरू विश्वभर चर्चित पनि छन्। म सोच्छु यदि मैले विवाह गरेको भए पारिवारिक झमेला भित्र यो भएन र त्यो भएनको वीच संधै चिन्तै चिन्ता पीरै पीरहरू बीच दिनहरू लामो भएको अनुभव गर्थे हुँला। त्यो चार पाँच जनाको परिवार नै संसार ठान्नु पर्थ्यो होला। यस अर्थमा म धेरै भाग्यमानी छु। मेरो जीवन सार्थक छ।

यतिका वर्षपछि अस्ति एकपटक उनीसंग फेरि भेट भयो। उनलाई देखेपछि मलाई एकछिन त आफ्नै आँखाको विश्वास लागेन, कारण उनी ज्यादै जीर्ण थिईन्। ५ वटा सन्तानकी आमा उनी, परिवारको चापले होला सायद उनी म भन्दा ४ वर्ष कान्छी भए पनि धेरै पाको देखिन्थिन्। त्यो भेटमा उनको त्यो ठट्यौलोपना थिएन। पारिवारिक जीवनले खारि एकी उनीमा गाम्भिर्यता देखिन्थ्यो। मैले सुनेको थिएँ, उनको परिवार पहिले जस्तो थियो, अहिले त्यस्तो छैन। छोरा छोरीहरूले भने जस्तो प्रगति गरेनन्। पुर्ख्यौली सम्पत्ती निखिँदै गएको छ। भेटमा सामान्य कुराकानी भए। तर अचम्मको कुरा चाहिँ उनले मलाई एकोहोरो हेरिरहिन् मानौं ममा कुनै त्यस्तो आश्चर्य छ।

चौंतीस वर्ष अगाडिको अविवाहित अवस्थामा पनि त्यसरी नहेरेकी उनले त्यस बेला मलाई किन त्यसरी हेरिन् त्यति बेला त मैले केही बुझिन। तर पछिका दिनहरूमा सोच्दा मलाई लाग्यो म अविवाहित भएको कुराले उनलाई एक किसिमको करूणा जाग्यो होला वा हुन सक्छ विग्रिँदै गएको उनको पारिवारिक स्थिति र एक्लो भए पनि अरूको भन्दा कम नभएको मेरो जीवनस्तरबाट उनलाई कुन्नि कस्तो ग्लानीको भाव आएको होस्। यसबाट मैले सिकेको छ, जीवन भन्नु आवेसमा गरिएको निर्णयको सिकार पनि हो। बुझेर गरेको निर्णय बीच जीवन स्वर्ग पनि हो। उनको घरानिया चाहनाले उनलाई यो स्थितिमा त पुऱ्यायो, पुऱ्यायो, अर्को तर्फ उनको यो अवस्थाबाट आजभोलि मेरो पुरानो घाउ बल्भेको छ। आफूले हृदयदेखि चाहेको उनको त्यो हाल देख्दा बिर्सिसकेको त्यो घाउ चहऱ्याउँछ। फेरी त्यही चौंतीस वर्ष अगाडिको अवस्थामा फर्किन मन लाग्छ। उहि चिटिक्क मिलेको शरिर, मृदु मुस्कान र ठट्यौलो बोलीको उनी अगाडी आउँछिन्। म उनलाई अनुनय गर्छु। उनी नखरा गर्दै भाग्छिन्। म पछ्याउँदै जान्छु। उनी अकस्मात ठेस लागेर ढल्मलाउँछिन्। म हतारमा गएर उनलाई भर दिन्छु। "सुवोध जी!" भन्ने उनको सम्वोधनले म झसंग भएँ र थाहा पाएँ म उनलाई निर्निमेष हेरिरहेको रहेछु।

- मूचि

# छाचुङ पाछ्राको वंशावली र त्यस सम्वन्धी किंवदन्ती

*- चतुरभक्त दुमीराई*

दुमीकिरात राईहरूको २१ पाछ्राहरूमध्ये छाचुङ् एक पाछ्रा हो । छाचुङ पाछ्राको वंशावली संकलन गर्ने कार्य ०५१ तिरबाट नै शुरुवात भएको हो । तर समय लगानीको अभावले भ्यागुताको' धार्नी यसपालीमा मात्र पुगेको छ । छाचुङ्को वंशवारेमा कुरो कोट्याउँदा दुमी किरात राईहरूको वंशावलीका व्याख्याता तथा तायामी सप्तेश्वरवासी श्रीधनरुप राईको विप्लेषणलाई आधार मानी ब्रास्मीतेल, डिबुपेल, र खारम्बुका सहगोत्री भाई हङ्कबु हुन भनेर इसिलिमको पहिलो अंकमा आईसकेको छ । हङ्कबुको छोरा मान्थेबु र मान्थेबुको छोरा छछपाका ६ भाई छोराहरूमध्ये छाचुङ एक हुन भन्ने पनि आइसकेको छ । उनीहरूको मुख्य बसोवास गा वि स खार्मीको साब्रु, रुदालुङ, लाप्चा, आदिमा रहेको पाइन्छ । त्यस्तै जाल्पा गा वि स को ससर्का, सप्तेश्वर गा वि सको अम्बोटे र हाल बसाई सराईको कारणले सुनसरी, कटारी, इलाम, काठमाडौंतिर पनि छरिएर रहेको पाइन्छ । यसमा प्रस्तुत छाचुङ पाछ्राका वंशविवरणहरूलाई निम्न स्रोत व्यक्तित्वहरूको भनाईलाई आधार मानिएको छ ।

**१, पर्जबहादुर छाचुङराई, लाप्चा**

छाचुङ्को वंशावली निर्माणमा पर्जबहादुर राईको मेहेनत र योगदान सराहनीय रहेको छ । पुर्खौली परम्परा र संस्कृतिका समेत ज्ञाता रहेका, नुवाँगी, छोर्सुदाम र अन्य पितृकर्म समेत गर्नसक्ने यी व्यक्तित्वले छाछुङ वंशावलीको एउटा खाका कोरेर उपलब्ध गराउनु भएको थियो । त्यसैलाई मुख्य आधार मानेर प्रस्तुत वंशावली तपाईहरूको हातमा आईपुगेको छ । सच्चा दिलले दुमीहरूको सेवागर्न चाहने यस्ता पुर्खाको दुमीकिरात राई फन्सिकिम हार्दिक स्वागत गर्दै दीर्घायुको कामना समेत गर्दछ ।

**२, स्वर्गीय थामसिंह छाचुङ राई, सप्तेश्वर अम्बोटे**

उमेरले नौ दशक पुगीसकेका थामसिंह राईसंग छाचुङ्को वंशावली लिने कार्य सजिलो थिएन । तैपनि २०५३ सालमा यो प्रस्तोताले उहाँको घरमा गएर छाचुङ्को वंशको वारेमा जिज्ञासा राख्दा उहाँमा स्मरणशक्ति कम भैसकेको थियो । तैपनि उहाले बढो मुश्किलले खुब्दको छोरा जसबोल, नीजको छोरा बायसुम र लोकुमे भन्दै लोकुमेबाट जरीकर्न र बायसुमबाट आफूसम्म बताउनु भयो । प्रस्तोताले दोहोर्‍याएर सोध्न सकेन कारण बुढाबुढीको लागि त्यो पट्यारलाग्दो थियो । तर, जति प्राप्त भयो त्यो महत्वपूर्ण थियो । किनकी बायसुम र लोकुमे भन्दा माथिको पुस्ता बताउनसक्ने कोही व्यक्ति नै थिएन । पछि कुनै समयमा पुन: दोहोर्‍याएर सोध्ने इच्छा हुँदाहुँदै उहाँको देहान्तको समाचारले वंशावली निर्माणमा निकै ठूलो घाटा लाग्यो ।

**३, प्रेमबहादुर छाचुङ राई ,अम्बोटे**

दुमी भाषा, किरात धर्म, संस्कृति र परम्पराका समेत ज्ञाता रहेका प्रेमबहादुर छाचुङ राई थामसिंह राईपछिका अक: व्यक्तित्व हुन । थामसिंह राईबाट पाउन बाँकी रहेका अम्बोटेपट्टिका वायसुमका वंशहरूको सगोल वंशावली उहाँकै सहयोगबाट निर्माण गरिएको हो ।

**४, रिखीधन छाचुङ राई, साब्रु**

साब्रुमा गञ्जदलदेखि मुनीका सवै वंशावलीहरू रिखीधनबाट प्राप्त गरिएको हो ।

**५, भलबहादुर छाचुङ राई, साबालुङ**

सावालुङ गाउँका छाचुङहरूको वंशावलीमा जरीकर्न देखि मुनीका सवै वंशावलीहरू उहाँकै सहयोगमा उतार गरिएको हो ।

**६, शम्भु छाचुङ राई, काठमाडौं**

पेशाले अनुसन्धानविद तथा सहजकर्ताको भूमिका निर्वाह गर्दै आउनु भएका शम्भु राईबाट धनमुखि राईको समयदेखि साब्रुबाट काठमाडौं आई वसोवास गरेका छाचुङ वंशजहरूको विवरण प्राप्त भएको हो ।

**८, कैलवहादुर छाचुङ राई, सावालुङ, हाल धरान**

सावालुङपट्टिको वंशावली निर्माणमा उहाँको सहयोग सराहनीय रहेको छ । छिलछिल ।

यी स्रोतहरू बाहेक श्रीमति पूर्णशोभा राईचु राई (अम्बोटे), श्रीमति निरु छाचुङ (कटारी)को सहयोग पनि महत्वपूर्ण रहेको छ ।

आदरणीय छाचुङ रदुहरू यो नै अन्तिम वंशावली होइन । केवल यो छलफलको लागि मात्र प्रस्तुत गरिएको हो । यसमा हुन गएको त्रुटी, थपघट, मूल्याङ्कनगरी दुमीकिरात राई फन्सिकिमलाई उपलब्ध गराईदिनु भएमा २१ पाछ्राको सगोल वंशावली प्रकाशन गर्दा त्यसलाई ठूलो सहयोग प्राप्त हुनेथियो भन्ने अपेक्षा रहेको अनुरोध छ ।

अन्त्यमा प्रस्तुत वंशावली निर्माणमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण छाचुङ् रदुहरूलाई धन्यवाद छ ।

## छाचुङ पाछ्रा निर्माणका किंवदन्ती :-

हरेक थर, वंश, सामे वा पाछ्राहरूका निमार्णका पछाडि विशेष कारणहरू रहेका हुन्छन् । यसरी नै छाचुङ पाछ्रा निर्माणको पनि आफ्नै किंवदन्ति रहेको छ । यो किंवदन्ती यस प्रकार रहको छ ।

अम्वोटे गाउँका प्रेमबहादुर छाचुङ राई भन्छन्-" जालपा ससर्का र साब्रु गाउँको सिमाना कायम गर्ने लुम्जुखोलाको आसपासमा एउटा 'सामेर' भन्ने ठाउँ रहेको छ । अघि त्यही सामेर भन्ने ठाउँमा छाचुङ्का पुर्खाहरू रातुङ, दाम्चो र चिम्चो बस्तथे । त्यसैले त्यही ठाउँको नामबाट 'सामेरमा दोबेना वा दोवेर्ना वा दुदुदेना, रदु रछेप्रा' सामे निर्माण भई हाल प्रचलनमा आएको हो । यस कुरामा स्वर्गीय थामसिंह राईको विचार पनि समान थियो ।

सामेरवासी छाचुङका पुर्खाहरू रातुङ, दाम्चो र चिप्चो ( चिम्चों) एक आपसमा मेल थिएन। रातुङ साह्रै रिसाहा र झगडालु थियो । धेरै पुर्खाहरूले भन्थे-रातुङले मान्छेको मासु खान्थ्यो । बालबच्चाहरूलाई आकाशतिर फालेर तलबाट तरवार थापी मुला काटेजस्तो काट्दथ्यो । त्यसैले यी व्यक्तिको मृत्य पनि आफ्नै ज्वाईबाट भयो । रातुङ, दाम्चो र चिम्चोको खुवा खाई खेली गर्ने ठाउँ) निकै ठूलो थियो । दाम्चोले आफ्नो खुवाको सिमाना दाम्थला गाउँसम्म पुऱ्याएका थिए । त्यसैले उनैको नामबाट दामथला नाम रहेको भनेका छन । दाज्यूभाईमा खुवाको विषयलाई लिएर झगडा पनि हुन्थ्यो । तर सामेरमा रहेको महभीर भने उनीहरूको साझा सम्पत्ति थियो ।

एकपटक उनीहरू तीनैजना मह काढ्न भनेर पऱ्याङडोरी लिएर सामेर गए । अहिले पनि साभेरमा महभीर छदैछ । तर वनमासीएकाले माहुरी चाहि वस्न छोडेको छ। महभीरमा मुश्किलले पऱ्याङ डोरी रुखमा अड्काएर चिप्चो चाहि मह काढ्न पऱ्याङबाट तलतिर झऱ्यो भने दाम्चो र रातुङ चाहि मह बटुल्न माथि नै बसे। दाज्यूभाईमा मेल नभएकाले चिप्चोलाई आशंका भई- कतै यी दुईभाईले मार्नको लागि पऱ्याङ् त काटिदिदैनन् ? यही सोचेर आधि मह चाँहि आफूले त्यही भिरको ओडारमा जम्मा गर्न लाग्यो र आधा मात्र दुईभाईलाई सप्लाई गर्न लाग्यो ।

दाम्चो र रातुङको मनमा पनि साँच्चै नै मह काढीसकेपछि पऱ्याङ् काटेर चिप्चोलाई उधै लडाएर मार्नुपर्छ भन्ने पापी योजना बनाइसकेका थिए । त्यसैले बेलाबेलामा महकाढ्न सकियो सकिएन भनेर सोध्दैगर्थे । चिप्चो पनि "सकिएको छैन" भन्दै मह चाहि खुरुखुरु ओडारमा थन्क्याउँथ्यो । यसैगरी मह काढ्ने काम पनि सकियो। पुन: माथिबाट दुईभाईले मह काढीसक्यौ ? भनेर सोध्दा यस पटक चिप्चो खुसुक्क ओडारतिर पसेर मह काढ्न समाप्त भएको आवाज दिए । चिप्चोलाई मार्ने उचित समय यही हो भन्ने ठानेर दाम्चो र रातुङले पऱ्याङ-डोरी काटिदिए । पऱ्याङ डोरी डालो सुल्किएर भीर ओरालो झऱ्यो । अनी चिप्चो मऱ्यो भन्ने ठानेर खुशी हुँदै मह लिएर घरतिर फर्के ।

घरमा दुईभाई मात्र आएको देखेर आमाले "खोई चिप्चो ? " भनी सोधे। "आउँदै होला" भनेर जवाफ दिए। त्यो दिन त्यसै वित्न लाग्यो। आमालाई पिडा हुन स्भाविक थियो। त्यसैले पुन त्यही प्रश्न पुन: दोहोऱ्याइन । "खेल्दै भुल्दै आउँदै होला" भनेर यस पटक पनि टारीदिए। रातपऱ्यो। उज्यालो भयो। धेरै दिन वित्यो। तैपनि चिप्चो नआएकाले आमा सामेर महभिरतिर हेर्न गइन। त्यहाँ त पऱ्याङ डोर ी काटिएर पुरानो भैसकेको पाइन । बल्ल उनलाई थाहा भयोकी दाम्चो र रातुङको षडयन्त्रमा चिप्चो यो संसारमा जीवीत छैनन् ।' त्यसैले चिप्चोको काज किरीया गरेर शुद्धाई गरे ।

यता चिप्चो चाहिं गुफामा लुकेर जम्मा गरेको मह खाँदै बस्न थाल्यो। समय वित्तै गयो। मह पनि सिद्धिदै गयो। अव उसलाई चिन्ता लाग्दै गयो। भाग्यबस उसले वोकेको खुकुरीको दापको खिसामा एउटा सिमिको गेडो पाएछ। त्यो सिमीलाई उसले दिशा गरेको ठाउँमा लगेर रोप्यो। त्यहाँ एउटा यासुवु (चिलाउने) को रुख पनि थियो। उक्त सिमीले त्यही रुखलाई बेर्दै ठूलो झ्याङ भएर फूल्न फल्न थाल्यो। अनी त्यही सिमी खाएर दिन गुजुरा गर्न लाग्यो। ओडार बाट निस्केर जाउँ भने कतै बाटो थिएन। पछि त त्यो सिमी खाने पनि उ मात्र भएन एउटा शसुपु (बाँदर) पनि भएछ। उ पनि दैनिक आउन थाल्यो ।

एकदिन यसरी नै त्यो बाँदर सिमी खाएर ओडारको थाप्लोमा पुच्छर झुण्डयाएर बसीरहेको अवस्थामा तलबाट चिप्चोले पुच्छर अठयाउन पुगेछ। यत्ति नै खेर बाँदर उफ्रेर गयो। चिप्चोले पुच्छर नछोडेको हुनाले उ पनि ओडार बाहिर आउन सफल भयो। यसरी बाँदर उसको ठूलो भावि भयो।

त्यसपछि चिप्चो घर फर्क्यो। घरमा पहिले नै काज किरीया गरिसकेको छोरा फर्केर आएकाले आमा साह्रै खुसी भइन। तर पुन: दाज्यूभाईले मार्लानकी भनी लुकाएर राखे । अव छोरोलाई पुनर जीवन दिनु पर्ने भएकाले उनलाई आमाले गर्भ राखेर न्वरान, पास्नी गरेर नयाँ जन्म दिए। दाज्यूहरूले फेरी मार्लानकी भनी उनलाई गाउँछाडेर जाने सल्लाह दिइन। त्यसैले चिप्चो गाउँ छाडेर सलेवा थुम्लुङ गई वसे।

यसरी शसुपु वा बाँदरले चिप्चोलाई बचाएको हुनाले चिप्चोको सन्तानलाई उनीहरूको वंशको सामे शसुमु दमुदा पनि भनिन्छ। छाचुङ्को सामे धेरै छ। यसबारे अझै सोधखोज र अनुसन्धानको खाँचो छ।

प्रेमबहादुर छाचुङ् राई आफूलाई रातुङको सन्तान भन्नु हुन्छ । उनीहरू सामेर गाउँ पहिले वसेकाले उनको सामे 'सामेर्मा दुबेर्ना' भएको बताउँछन। तर यही छाचुङ गाउँ सेरोफेरोमा दुमी राईको वंशावली ज्ञाता सप्तेश्वरबासी धनरुप सत्म राईको मतमा दाम्चो, रातुङ र चिप्चो निसन्तान भएको भन्ने भएकाले सोही खालको वंशावली इसिलिम पहिलो अंकमा आइसकेको हुनाले यहाँहरुले पनि छलफल गर्न हुन अनुरोध छ।

- मूचि

## श्रद्धाञ्जली अर्पण



दुमी किरात राई फन्सिकिमका संस्थापक सदस्य, गुरु, ऋदुम हदुमका तायामी, वंशावलीका ज्ञाता, समाजसेवी सप्तेश्वर चिउरीखर्कवासी श्री धनरुप सत्म दुमीराईको स्वर्गारोहण भएको खबरले हामी दुमी किरात राई फन्सिकिम परिवार अत्यन्त स्तब्ध भएकाछौं। उहाँले दुमी किरात राईहरूको लागि ठूलो गुण लगाएर जानु भएको छ। यस्ता युगपुरुषको देहान्तले दुमीकिरात राईहरूले अपुरणीय क्षती बेहोर्नु परेको छ। मानिस कर्मले मात्र महान हुन्छ त्यो महानता उहाँले हामीलाई दिएर जानु भएको छ । हामी त्यसलाई जिम्मेवारीपूर्वक पुरा गर्ने प्रण गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना पारुहाङ नायमसँग गर्दछौं।

*- दुमीकिरात राई फन्सिकिम केन्द्रीय कार्य समिति*



हंक्वु
मान्येवु
खुत्तो
३. रातुङ(जेठा) आफ्नै ज्वाइले मारेको
दान्चो (माइला) हरेपुले मारेको
चिम्चो (साइला) सलेवा थमलुङ वसोवास
साम्वेवा (का)
छक्षपा
१ छाचुङ
२. पूर्वजीती
२. खुद्द (पृष्ठ ४९ मा)
३ सरजीती (जे)
३ तोनजीती (का)
पृष्ठ ४८ मा
४ खोटाङजीती (जे)
४ सञ्जवर्ण
५ हर्कधन (जे)
५ अजपसिंह(मा)
५ बदनजीती (सा)
५ सिद्धि हर्क (का)
६ मनहस्त
६ जद्‌मान (जे)
६ रगुवीर
६ श्यामलाल (जे)
६ भीमसेन (का)
७ भुवन सिंह(जे)
७ धर्मधोज (मा)
७ असारमान(काइ)
७ मुनसोर (सा)
७ पण्डुजित(का)
७ नुवापसिंह
७ सिगधोज
७ गौरे (जे)
७ इश्वरमान (का)
७ जीतमान
७ खुग्नान (जे)
७ कुलमान (मा)
७ पूर्ण वहादुर (का)
८ लुहासिंह
८ जीत व.
८ वीर व.
८ दुम्से (जे)
नि.
८ चन्द्र व.(का)
८ पत्थरधोज(जे)
८ हिरा व.
६ जवरपति
६ भुइचाले
७ विभक
७ चन्द्र व.
८ कृष्ण व.
८ मकर
८ विरेन्द्र
८ रगुवीर
८ वीर व.
८ तिलक
८ सपुते
८ सरले
८ दोल व.
जे
८ वीन्द्र व.
(का)
९ भल व.(जे)
९ थीमव
९ श्याम व.
९ सइनधोज
९ ताकीमान
९ धनशेर
९ वलसेर
९ फलामे जे.
९ गोपाल
९ प्रतिमान
९ कमल
९ मतिलाल
९ प्रताप
९ हस्तराज
७ मेहरधोज
७ पदम
७ सिरधोज
९ पूर्ण
९ शिवधन
९ भद्गमान जे
९ टंक व.
८ शेर व. जे
८ टेक व
९ मेजर
१० दिपक
१० उत्सव
१० देवराज
१० भक्तराज
१० सर्वधन
१० दिनेश
१० सम्सेर
१० धन सिंह
१० जक्कवीर जे
१० उदीम
१० धन कुमार
१० पाखे
१० स्याने
११ मदन
११ नवल
११ निरु
११ उषा
११ सरला
११ राजेन्द्र
११ मतिचन्द्र
११ दीलचन्द्र


३ तोनजीती (का)
४ अंगामसिंह
४ मकरन्दु (मा)
४ सर्वजीत (का)
५ वांहावीर (जे)
५ सिरपत
५ करवीर (जे)
५ रणमान (का)
५ बहादुर (जे)
५ गर्जमान
५ भर्जमान
५ धर्जमान
६ शहरमान (जे)
६ गञ्जमान (का)
६ हर्क व.
६ धनमुखी (का)
६ लाखधन (जे)
६ धन व.
६ लाल व.
६ बम व.
६ चार व. (थुम्बे)
६ दिल व.
६ पूर्ण व.
६ चन्द्र व.
६ बिम सिंह
६ जगतमान
६ भूपालसिंह
६ गकुलसिंह
६ मालचरी
६ सबधन (जे)
६ सेवाजीत (का)
६ पञ्चवीर (जे)
७ वदिरधोज (जे)
७ नरनदल
७ हर्कजङ्ग (जे)
७ धौजमान (मा)
७ मार्कवीर (सा)
७ कर्ण व. (काई)
७ रण व. (का)
७ सवधन (जे)
७ बल व. (का)
७ रामजीत
७ कुबीरमान
७ गोवर्धन
७ वृद्धिवीर (जे)
७ वीरबल (का)
७ भगतश्वर (का)
७ चमन व. (जे)
७ हर्कमान
७ रत्न व. (जे)
७ जल व. (मा)
७ पर्ज व.
७ रत्नमान (का)
वंशावली श्रोतदाता ताया
८ खड्ग व (जे)
८ दील व. (का)
८ शम्भु (जे)
८ केशव (का)
८ जसवीर
८ जोखमल
८ जगत
८ चन्द्र कुमार
८ तारार्कर्ण
८ राम व.
८ सर्ज व.
८ चाम व. (जे)
८ सिर व. हैके (मा)
८ जस्त व. (का)
८ सनत कु.
८ डिल्ली
८ सेती
८ लाटी
छोरीहरू
८ रामजी
८ भलसेर
८ दुर्गे
८ ध्रुव
८ छविलाल
८ परशुराम
९ रमन (जे)
९ देवान (का)
९ सुमित
९ स्मृति
९ श्वेता
९ अञ्जना
९ वृत्तिका
९ करुणा
छोरीहरू
९ ऐसे
९ धनसे
९ मनसे
९ नन्द व.
९ जसधन
९ धनजीत
९ वीरधन
९ रणजीत
९ मनजीत
९ धनिराम
९ मनिराम
१० प्रसाद


२ खुव्द
३ जुसवोल
४ बयासु (आम्बोटे गाऊँ)
४ गञ्जदल (साब्रुले)
४ लोकुमे (सवालुङ्ग गाउँ) (जे)
५ वीरदल(जे)
५मेकदल(मा)
५ अजितराम(का)
शाखामात्र भएकोले रिपदुङ्गबाट आएको धुलुङ्गलाई भाइ तुल्याएको
६ अर्जुन
७ हर्कधोज
८ थामसिंह
६ झगरसिंह (जे)
६ लाखधन (का)
७ आसधन
७ सर्वधन
७ पिन्चे
७ धर्मधोज
५ शहरमान
६ हरेक
७ गञ्जदल
८ रिखीधन
५ बुद्धिकर्ण
६ जरिकर्ण
९ शहरमनी (जे)
९ विश्वराज (मा)
९ धनकुमार (का)
१० पमन
८ अमृत ब नि.स.
८ गण ब. लोहापुल भारत ब.
८ ढोकल सिंह (जे.)
८ धन ब.मा. नि
८ रण ब. का.जे
८ भीम ब.
८ प्रेम ब.
९ मेख ब.
९ बल ब.
९ शिव ब.
१० रत्न प्रसाद
७ आसरत (असारमान) जे
७ गुमान सिंह (का)मुरला
७ टेकबीर (का)
८ बिन्द्रमान
८ विक्रमान
८ बुद्धिमान (शखामात्र)
१०सुब्बा–११ सुब्बा (जे) (जे)
८ चन्द्र ब. जे
८ सार्कीधन (सा)
८ सिल ब. का
१० शिवराज
१० युवरुज
१० दोरोङ्गे (भूमिराज)
१० अतिराज (हतिराज)
९ लालधन (जे)
९ पञ्च बहादुर (का)
१० वाल कु (मा)
१० दिपेश (का)
९ गोपाल जे मुड
९ दिल ब (रामपुर ब.)
९ मौलीधन
१० उत्तम
१० प्रितम
१० रोजनी (छोरी)
१० झमके (जे)
१० गोपाल
१० आइवर्ने (का.जे)
१० सन्तोष
१० गोपाल
१० दिनेश
१० उमेश
१० रमेश
१० तेज ब.
९ तार्जन(जे)
९ सप्तराज (मा)
९ विरेन्द्र कुमार (सा)
९ सुनिल कु.
९ सपना
९ विपना
छोरीहरु
८ उत्तरमान जे
८ लाकवीर
८ दौलित सा
८ माकवीर का
१० नौराज
१० युवराज
१० भविराज
१० पनिता (छोरी)
१० जसराज
१० प्रश्ना
१० सविनी
९ प्रश्ना
९ भल ब.
९ कैल बहादुर वंशावली श्रोतदाता धरान
१० चाउरे
१० प्रसादे
९ दिल ब. (जे)
९ दहमान (का)
१० दीप ब.
१० हस्त ब.(जे)
१० कृष्ण ब.(मा)
१० धने (सा)
१० राज व (जे.)
१० खड्ग(मा)
१० मेमवर (का)
१० राम ब.( नि.)
१० गन्दे (नि.)
१० सिता(नि.)
१० मनकुमारी छोरी

# तापखोला लघु जलबिद्युत आयोजना सम्पन्न

